# पाँच वर्षीय नगर शिक्षा क्षेत्र योजना

## २०८१/२०८२-२०८६/२०८७




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# महालक्ष्मी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय,

## ललितपुर, बागमती प्रदेश, नेपाल

## महालक्ष्मी नगरपालिकाको पाँच वर्षीय नगर शिक्षा क्षेत्र योजना, २०८१/२०८२- २०८५/२०८६

**सर्वाधिकार प्रकाशक :**

**महालक्ष्मी नगरपालिका**

नगरकार्यपालिकाको कार्यालय,
इमाडोल, ललितपुर,
बागमती प्रदेश, नेपाल

**परामर्शदाता संस्था**

**आर.एच. कन्सल्टेन्टस प्रा. ली.**

चाबहिल, काठमाडौं,

Consultants (P) Ltd

*यो पाँच वर्षीय शिक्षा क्षेत्र योजना महालक्ष्मी नगरपालिकाका विद्यालय, सामूदायिक सिकाइ केन्द्र, शाखा, उपशाखा, विषयगत कार्यालय र वडा कार्यालयहरूलाई निःशुल्क वितरणकालागि प्रकाशन गरिएको हो र अन्य व्यक्ति एवम् संघसंस्थाहरूलाई यसको मुद्रण कपी निःशुल्क प्राप्त गर्न कर लाग्ने छैन ।*

# नगर प्रमुखको मन्तव्य

नेपालको संविधानले स्थानीय तहलाई आधारभूत तह तथा माध्यमिक तहको शिक्षाको जिम्मेवारी प्रदान गरेको हुनाले आवश्यक नगर शिक्षा योजना बनाइ योजना मार्फत बजेट र कार्यक्रममा समेटेर आन्तरिकीकरण गर्नु नगरपालिकाको दायित्व हो । महालक्ष्मी नगरपालिकाले पनि नगरको समग्र शिक्षालाई योजनाबद्ध व्यवस्थित र समृद्ध बनाउन नगर शिक्षा योजना तयार गरेको छ। यस नगर शिक्षा योजनाले नगरको शिक्षालाई तीव्रगतिमा विकास गर्न सहज हुनेमा हामी विश्वस्त छौँ ।

शैक्षिक योजनाका रूपमा सरोकारवालाहरूको सहभागिता, अपनत्व, स्रोत र साधनको अधिकतम परिचालन र उपयोग गरी शैक्षिक गुणस्तर सुधारलाई महत्त्वपूर्ण विशेषताका रूपमा लिनुपर्छ। नेपाल सङ्घीयतामा प्रवेश गरिसकेपछि स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय तहलाई आवधिक योजनाका साथसाथै विषयगत योजनाहरू पनि निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कुरालाई नीतिगत रूपमा व्यवस्था गर्नु महत्त्वपूर्ण उपलब्धि हो । त्यसैको प्रतिफलस्वरुप यस नगरपालिकाले ५ वर्षे शिक्षा योजना निर्माण गरी सामूहिक लक्ष्य तथा उद्देश्य प्राप्तिमा समन्वय र सहकार्य गरी अगाडि बढ्ने तयारीमा छ। यस नगर शिक्षा योजना मार्फत योजनाबद्ध शैक्षिक गतिविधि सञ्चालन भई गुणस्तर अभिवृद्धिमा ठोस योगदान पुग्ने विश्वास लिएको छु ।

स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१) ले लिएका वा बनाएका कतिपय परिमाणात्मक सूचक यस नगरपालिकाले हासिल गरिसकेको छ भने कतिपय सूचकमा स्थानीय आवश्यकता अनुरुप फेरबदल आवश्यक देखिएकाले सोही अनुरुप यसमा समावेश गरिएको छ ।

**हरिगोविन्द श्रेष्ठ**

**नगर प्रमुख**

**महालक्ष्मी नगरपालिका**

# हाम्रो भनाइ

पूर्वाधारको पनि पूर्वाधारको क्षेत्रको रुपमा रहेको शिक्षामा गरेको खर्च, खर्च होइन लगानी हो । आज हामी जुन रुपमा जसरी लगानी गर्छौं, भविष्यमा समाजको समग्र विकास सोही रुपमा हुन्छ । नेपालको संविधानले व्यवस्था गरेको माध्यमिक तहसम्मको शिक्षालाई स्थानीय सरकारको व्यवस्थापकीय जिम्मेवारीलाई आत्मसात् गर्दै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको अधिकार क्षेत्रभित्र रही नगरपालिकाले शिक्षा क्षेत्रमा गर्नुपर्ने कामलाई प्राथमिकताका साथ अगाडि बढाएको छ । आवश्यक नीति, ऐन, कानून, नियमावली तथा निर्देशिकाहरू निर्माण गर्दै शैक्षिक व्यवस्थापनलाई प्रभावकारी बनाउन यस नगर प्रयत्नरत छ ।

नगर शिक्षा योजनाको भावी कार्यदिशा निर्देश गर्ने प्रमुख दस्तावेज हो । योजना नबनाइ कार्यक्रम कार्यान्वयन गर्दा कार्यक्रमहरूले नगरको आवश्यकतासँग तादात्म्यता राख्न सक्दैनन् । यस्ता कार्यक्रमहरू उद्देश्यमूलक र सान्दर्भिक पनि हुँदैनन् । यसैले योजना निर्माण गरी सो को आधारमा कार्यान्वयन गर्दा अपेक्षित लक्ष्य तथा उपलब्धि हाँसिल गर्न सजिलो हुन्छ । शिक्षा हरेक नागरिकको मौलिक अधिकार एवम् उन्नति र समृद्धिको आधार भएकोले शिक्षाले राष्ट्रको उत्थानमा सार्थक योगदान दिन सक्ने सभ्य, सुसंस्कृत, सक्षम र लोकतान्त्रिक आचरणयुक्त नागरिक तयार पार्ने उद्देश्य लिन आवश्यक छ । यस उद्देश्यको परिपूर्तिका लागि विभिन्न कार्यक्रमहरू कार्यान्वयन गर्ने काम नगरपालिकाको भएकोले योजनाबद्ध रुपमा कार्यक्रमहरू सञ्चालन गरी लक्षित उद्देश्यलाई परिपूर्तिका लागि योजना निर्माण गरी अघि बढ्न आवश्यक छ। महालक्ष्मी नगरपालिकालाई शैक्षिक हब निर्माण गर्ने अभियानका साथ सबै सरोकारवालाहरूको सहभागितामा शैक्षिक उन्नयनका लागि महालक्ष्मी नगरपालिका निरन्तर लागिरहेको छ । यसै सन्दर्भमा महालक्ष्मी नगरपालिकाले शिक्षा क्षेत्रमा आवश्यक सुधार गरी शैक्षिक उपलब्धिलाई अभिवृद्धि गर्न यो ५ वर्षे नगर शिक्षा योजना निर्माण गरेको छ ।

सूचनाको पहुँच र पारदर्शिताको सुनिश्चितताले सहभागिताको स्तर निर्धारण गर्दछ । त्यसले योजना निर्माणमा सम्पूर्ण शैक्षिक सरोकारवालाहरूको सुझावहरूलाई यस योजनामा समावेश गर्ने प्रयत्न गरिएको छ । सबै विद्यालयमा स्थलगत अवलोकन र विद्यालयका सम्पूर्ण सरोकावालाहरूसँग गरिएको छलफल, अन्तरक्रिया बमोजिम यस योजनालाई सकेसम्म स्थानीय आवश्यकता र मागलाई सम्बोधन गर्न खोजिएको छ । अन्त्यमा योजना निर्माणका क्रममा समग्र अवस्था पहिचान र आवश्यकताका आधारमा योजना निर्माणमा पृष्ठपोषण दिने सम्पूर्ण, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति शिक्षकलगायत योजना निर्माणमा संलग्न र सहयोग पुऱ्याउनु हुने सबै सरोकारवालाहरूमा धन्यवाद दिँदै योजना निर्माणका क्रममा भएका त्रुटिहरू औंल्याइ आगामी दिनमा सुधारका लागि सुझावको अपेक्षा गर्दछौं ।

**योजना निर्माण तथा सम्पादन समिति**

**महालक्ष्मी नगरपालिका, ललितपुर**

## नगर शिक्षा योजना सम्बन्धमा

यो ५ वर्षे नगर शिक्षा योजनाले महालक्ष्मी नगरपालिकालाई नगरको समग्र शिक्षाको दिगो तथा व्यवस्थित तवरवाट सञ्चालन गर्न मार्गदर्शन हुनेछ। यसले शिक्षाको सन्तुलित विकासमा जोड दिएको छ। समयसापेक्ष भौतिक पुर्वाधार विकास, प्रविधिमा पहुँच, क्षमता विकास लगायतका लागि वजेट व्यवस्थापनका आधार तयार गरेको छ।

### संरक्षक

**हरिगोविन्द श्रेष्ठ** - नगर प्रमुख

**लक्ष्मी महर्जन -** नगर-उपप्रमुख

### सल्लाहकारहरू

**प्रदिप पौडेल-** प्रमुख प्रशासकीय अधिकृत

**डा. मदन विष्ट -** सदस्य नगर शिक्षा समिति

**बाबुराजा महर्जन** - सामाजिक विकास संयोजक तथा ७ नं वडा अध्यक्ष

**मीनबहादुर अछामी-** सदस्य, नगर शिक्षा समिति

### ५ वर्षे नगर शिक्षा योजना तयारी समिति

| | | |
|---|---|---|
| **संयोजक** | : | चिरञ्जीवी पौडेल, प्रमुख शिक्षा अधिकृत |
| **सदस्य** | : | डा. तोयानाथ खनाल, विज्ञ |
| **सदस्य** | : | भरतबाबु खनाल, प्रधानाध्यापक |
| **सदस्य** | : | डा. चेतनाथ पन्त, प्रधानाध्यापक |
| **सदस्य** | : | तेजप्रसाद पराजुली, शिक्षक |
| **सदस्य सचिव** | : | सुनिता योङहाङ, शाखा अधिकृत |

---

### सहकार्य : आर.एच. कन्सल्टेन्टस प्रा.लि.

RH Consultants (P) Ltd

**संयोजन/निर्देशन :** भूमिदत्त पौडेल

**लेखन/सम्पादन :** ऋषिराम उपाध्याय

**लेखन / तथ्याङ्क सङ्कलन :** अनिल सिग्देल

**लेखन / तथ्याङ्क सङ्कलन :** दर्पण भण्डारी

**लेखन / तथ्याङ्क सङ्कलन :** अनिशा पौडेल

# विषय सूची


| विषय | पेज नं. |
|---|---|
| **योजनाको सारांश** | **१** |
| १. विषय प्रवेश | १ |
| २. शिक्षा योजना निर्माणको आवश्यकता | १ |
| ३. नगर शिक्षा योजना निर्माणको औचित्य | २ |
| ४. शिक्षा योजना निर्माणका आधार | ३ |
| ५. शिक्षा योजना निर्माण प्रक्रिया | ६ |
| ६. योजनाको लेखाजोखा | ८ |
| ७. योजनाको दस्तावेजको स्वरूप | ८ |
| **परिच्छेद १ परिचय** | **१०** |
| १.१. पृष्ठभूमि | १० |
| १.१.१. महालक्ष्मी नगरपालिकाको परिचय | १२ |
| १.१.२. नगरपालिकाको शैक्षिक अवस्था | २१ |
| १.२ शिक्षाक्षेत्रका समस्या तथा चुनौतीहरू | ३१ |
| १.३. अवसरहरू | ३२ |
| **परिच्छेद २ लक्ष्य निर्धारण** | **३४** |
| २.१. दूरदृष्टि | ३४ |
| २.२. लक्ष्य | ३४ |
| २.३. उद्देश्य | ३४ |
| २.४. रणनीति तथा कार्यनीति | ३५ |
| २.५. अपेक्षित मुख्य उपलब्धि | ४९ |
| २.६. मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण | ५१ |
| **परिच्छेद ३ विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू** | **५८** |
| ३.१. प्रारम्भिक बालविकास र शिक्षा | ५८ |
| ३.२. आधारभूत शिक्षा | ६५ |
| ३.३. माध्यमिक शिक्षा | ७३ |
| ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा | ७९ |
| ३.५. अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइ | ८६ |
| **परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू** | **९३** |
| ४.१. पाठ्यक्रम,पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | ९३ |
| ४.२. शिक्षक व्यवस्थापन र विकास | १०३ |
| ४.३. शैक्षिक समता र समावेशीकरण | १०९ |
| ४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ११९ |
| ४.५. विद्यालय सुरक्षा, विपत्, न्यूनीकरण तथा उत्थानशीलता | १२८ |
| ४.६. विद्यालय भौतिक पूर्वाधार विकास | १३५ |

| | |
|---|---|
| ४.७. विद्यालयमा सूचना र सञ्चार प्रविधि | १४३ |
| **परिच्छेद ५ अन्य उपक्षेत्र** | **१४८** |
| ५.१ अभिभावक शिक्षा | १४८ |
| **परिच्छेद ६ सुशासन तथा व्यवस्थापन** | **१५५** |
| ६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | १५८ |
| ६.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १६५ |
| **परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन** | **१६९** |
| **परिच्छेद ८ अनुगमन तथा मूल्याङ्कन** | **१८१** |
| **सन्दर्भ सामग्री** | **१८६** |
| अनुसूची | १८८ |


**तालिकाहरू :**


तालिका नं. १ : लिङ्ग अनुसार वडागत जनसङ्ख्याको वर्गीकरण

तालिका नं. २ : लिङ्ग अनुसार जातजातिको जनसङ्ख्या

तालिका नं. ३. : लिङ्गका आधारमा धर्मअनुसारको जनसङ्ख्या

तालिका नं. ४. : शैक्षिक संस्थाको विवरण

तालिका नं. ५. : वडागत शैक्षिक संस्थाको विवरण

तालिका नं. ६. : विद्यार्थी विवरण

तालिका नं. ७. : छात्रछात्राको सङ्ख्या

तालिका नं ८. : विद्यार्थीको सूचकगत तथ्याङ्क

तालिका नं.९. : शैक्षिक तहका आधारमा शैक्षिक वर्गीकरण

तालिका नं. १०. : जनजाती, मधेशी र दलितअनुसार शैक्षिक वर्गीकरण

तालिका नं. ११. : अपाङ्गता अनुसार शैक्षिक वर्गीकरण

तालिका नं. १२. : शिक्षक र कर्मचारी विवरण

तालिका नं. १३. : कार्यरत शिक्षक विवरण

तालिका नं. १४. : विद्यालयहरूमा खानेपानी उपलब्धताको अवस्था

तालिका नं. १५. : नगरपालिकाभित्रका विद्यालयमा भएका शौचालयहरूको विवरण

तालिका नं. १६. : नगरपालिकाभित्रका विद्यालयमा भएका साधनस्रोत र सेवाहरू

तालिका नं. १७. : विद्यालयहरूमा दिवाखाजा व्यवस्थाको विवरण

तालिका नं. १८. : विद्यालय भवन र कक्षाकोठा विवरण

**संक्षेपीकरण**

| | | |
|---|---|---|
| आ.व. | - | आर्थिक वर्ष |
| एस.इ.इ. | - | सेकेण्डरी एजुकेशन इक्ज्यामिनेसन |
| कि मि. | - | किलोमिटर |
| प्रा.बा.शि.वि | - | प्रारम्भिक बाल शिक्षा तथा विकास |
| रा.यो.आ. | - | राष्ट्रिय योजना आयोग |
| वि.क्षे.वि.यो. | - | विद्यालय क्षेत्र विकास योजना |
| वि.शि.क्षे.यो. | - | विद्यालय शिक्षा क्षेत्र योजना |
| शि.मा.स्रो.वि.के. | - | शिक्षा तथा मानव स्रोत विकास केन्द्र |
| शि.वि.प्र.म. | - | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |
| प्र.अ. | - | प्रधानाध्यापक |
| वि.व्य.स. | - | विद्यालय व्यवस्थापन समिति |
| वि.नि. | - | विद्यालय निरीक्षक |
| शै.व्य.म.प्र. | - | शैक्षिक व्यवस्थापन सूचना प्रणाली |
| पा.वि.के. | - | पाठ्यक्रम विकास केन्द्र |
| पू.प्रा.शि. | - | पूर्व प्राथमिक शिक्षा |
| रा.प.बो. | - | राष्ट्रिय परीक्षा बोर्ड |
| प्र.शि.ता.के. | - | प्रदेश शिक्षा तालिम केन्द्र |
| प्रा.शि.व्या.ता. | - | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम |
| शि.वि.नि. | - | शिक्षा विकास निर्देशनालय |
| सि.उ. | - | सिकाइ उपलब्धि |
| सो.व्य. | - | स्रोत व्यक्ति |
| शै.स. | - | शैक्षिक सत्र |
| सा.मि.के. | - | सामुदायिक सिकाइ केन्द्र |
| स.का. | - | सहयोगी कार्यकर्ता |

# योजनाको सारांश

## १. विषय प्रवेश :

शैक्षिक सेवा प्रभावकारीरुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नको लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना तयार भई कार्यान्वयनमा रहेको छ। त्यसैगरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको शिक्षा योजना निर्माण भई कार्यान्वयनमा रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार स्थानीय तहमा हस्तान्तरण गरे पश्चात शिक्षा क्षेत्रका कार्यक्रमहरु स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन्। सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारले परिलक्षित गरेका लक्ष्य तथा उद्देश्य परिपूर्ति गर्नको लागि शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ। यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजनामा उल्लेखित योजना निर्माणको प्रक्रिया तथा ढाँचा अवलम्वन गरी यो योजना तयार गरिएको छ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, शिक्षा नीति तथा विद्यमान ऐन कानुनले प्राथमिकतामा राखेका नीति तथा कार्यक्रमहरुलाई सङ्घीय संरचना अनुरुप कार्यान्वयन गर्नको लागि विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय तह, प्रदेश तह र स्थानीय तहमा नयाँ योजनाको आवश्यकता देखिएको छ। वर्तमान विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सृजनशील, सक्रिय, नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्न र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिन्छ।

नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना तयार गरेको छ। त्यसैगरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको १० वर्षे शिक्षा योजना तयार भएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले आधारभूत तथा माध्यमिक तहको शिक्षाको अधिकार कार्यान्वयन गर्नको लागि पनि शिक्षा योजना निर्माण र

कार्यान्वयनको आवश्यकता रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानूनी व्यवस्था समेत गरेको छ । सङ्घीय सरकार, प्रदेश सरकार एवम् स्थानीय सरकारबीच समन्वय र सहकार्य गरी सामुहिक लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि शिक्षा योजनाको आवश्यकता महसुस गरी विद्यालय शिक्षा क्षेत्र योजनामा आधारित भई ५ वर्षे स्थानीय शिक्षा योजना तयार गर्ने लक्ष्यका साथ अगाडि बढाईएको छ ।

## ३. नगर शिक्षा योजना निर्माणको औचित्य :

३.१. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह, समुदायका बालबालिकालाई शिक्षाको पहुँच सम्बोधन गर्न,

३.२. आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको ससम्मान प्रवेश, बालबालिकाको क्षमता, आवश्यकता र परिवेशअनुसार सफल जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न,

३.३. विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई विद्यालयमा टिकाइ राख्ने र शैक्षिक सिकाइ पश्चात सीपको उद्देश्य पूरा गर्न,

३.४. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता लगायतका कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाइमा सुधार ल्याउन,

३.५. तिनै तहमा बन्ने शिक्षा योजनाका बीच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न,

३.६. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न,

३.७. कार्यक्रम तथा स्रोतमा देखिएको अभाव, दोहोरोपना र स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,

३.८. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,

३.९. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन,

३.१०. नगरपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरी समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न ।

## ४. नगर शिक्षा योजना निर्माणका आधार :

यस शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ ।

४.१. नेपालको संविधान

४.२. सोह्रौं आवधिक योजना (२०८१/८२ - २०८५/८६)

४.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४

४.४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन, २०७७

४.५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

४.६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) (२०७९-२०८८)

४.७. राष्ट्रिय शिक्षा नीति २०७६,

४.८. शिक्षाको सोचपत्र २०७९

४.९. विद्यालय शिक्षाको समता रणनीति, २०७१

४.१०. दिगो विकास लक्ष्य २०३०

४.११. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८

४.१२. स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित)

४.१३. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन

४.१४. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका २०७४

४.१५. शिक्षा ऐन, २०२८ (संशोधनसहित)

४.१६. शिक्षा नियमावली, २०५९ (संशोधनसहित)

४.१७. अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५

४.१८. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी नियमावली, २०७७

४.१९. सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७८

४.२०. अनौपचारिक शिक्षा तथा साक्षरता कार्यक्रम कार्यान्वयन सहजीकरण पुस्तिका, २०७५

४.२१. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

४.२२. विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगसम्बन्धी निर्देशिका, २०६९

४.२३. नमुना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०७४

४.२४. बालिका तथा समावेशी शिक्षा सञ्जाल (गठन तथा सञ्चालन ) सम्बन्धी मापदण्ड, २०८०

४.२५. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन मापदण्ड, २०८०

४.२६. विशेष कारणको अवस्थामा रहेका शिक्षकहरूको व्यवस्थापनसम्वन्धी निर्देशिका, २०८०

४.२७. शिक्षक पेसागत विकास प्रारूप (परिमार्जित संस्करण), २०८०

४.२८. शिक्षक मेन्टरिङ कार्यान्वयन कार्यविधि, २०८०

४.२९. विद्यालय सुपरीवेक्षण तथा पेसागत सहायता निर्देशिका, २०८०

४.३०. विद्यालय भौतिक पूर्वाधार निर्माणसम्बन्धी मापदण्ड, २०८०

४.३१. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

४.३२. अनलाइन शिक्षक तालिम कार्यविधि, २०७७

४.३३. पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

४.३४. बृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि, २०७५

४.३५. स्यानिटरी प्याडसम्बन्धी कार्यविधि, २०७६

४.३६. विद्यालय सामाजिक परीक्षण मापदण्ड, २०७८

४.३७. गुनासो सुनुवाइ कार्यविधि, २०७४ (संशोधनसहित)

४.३८. किशोरकिशोरी मैत्री सूचना कक्ष सञ्चालन नमुना कार्यविधि, २०७७

४.३९. विद्यालयमा सञ्चार सञ्जालीकरण कार्यविधि, २०७७

४.४०. विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि, २०७४

४.४१. विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन (संशोधनसहित) निर्देशिका, २०६०

४.४२. व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका, २०७३ (प्राविधिक तथा व्यावसायिक माध्यामिक शिक्षा)

४.४३. शिक्षक दरबन्दी मिलान तथा समायोजनका आधारहरू, २०७४

४.४४. परम्परागत शिक्षण संस्था सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७८

४.४५. विद्यालय शिक्षा क्षेत्र योजना, (२०२२-२०३२)

४.४६. बृहत् विद्यालय सुरक्षा सञ्चार रणनीति, २०७५

४.४७. विद्यालय शिक्षाको एकीकृत समता रणनीति, सन् २०१४

४.४८. बालिका तथा समावेशी शिक्षा सञ्जाल रणनीति, २०८०

४.४९. बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप, २०६७

४.५०. प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका, २०६७ (संशोधनसहित)

४.५१. विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०८०

४.५२. सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका, २०७६

४.५३. विद्यालय नक्साङ्कन, भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगी स्रोत पुस्तिका, २०८०

४.५४. अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०८०

## ५. योजना निर्माण प्रक्रियाः

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याइ मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ । महालक्ष्मी नगरपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियालाई अवलम्बन र अनुसरण गरिएको छ :

५.१. नगर शिक्षा समितिको बैठकद्वारा नगर शिक्षा योजना निर्माणका लागि कार्यादेश सहितको योजना निर्माण कार्यदलको गठन भएको,

५.२. कार्यदलको बैठक बसी नगर शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको जिम्मेवारी बाँडफाँड गरिएको,

५.३. योजनालाई मूर्तरूप दिन योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको,

५.४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको,

५.५. सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT Analysis तथा Gap Analysis गरिएको,

५.६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको,

५.७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको,

५.८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको,

५.९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको,

५.१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।

५.११. नगर शिक्षा समितीको मिति २०८२/०१/२८ गतेको निर्णयबाट पारित गरिएको ।

## ६. योजनाको लेखाजोखा

स्थानीय तहको शिक्षा योजना निर्माण गरिसकेपछि सो योजना विश्वसनीय, वस्तुनिष्ठ, दिगो र लगानी योग्य छ कि छैन भन्नका लागि योजनाको विविध पक्ष समेटेर लेखाजोखा गरिनुपर्छ, जुन योजना कार्यान्वयन गर्नुपूर्व गरिने महत्त्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । यो निर्माण गरिएको योजनाको लेखाजोखा कार्यलाई नगर शिक्षा समितिको निर्णयबाट आवश्यकतानुसार नगर शिक्षा योजनाको लेखाजोखा समिति गठन गरिएको थियो । उक्त समितिले नेतृत्व तथा सहभागिता, पर्याप्तता, सान्दर्भिकता, समता, सक्षमता तथा गुणस्तर, अन्तर्सम्बन्ध अनि तादात्म्यता, सम्भाव्यता र कार्यान्वयन योग्यता तथा सान्दर्भिकता, स्रोतको प्रबन्ध, संस्थागत क्षमता, कार्यान्वयनमा तत्परता, तथ्याङ्क विश्लेषण र प्रक्षेपण तथा अनुगमन र प्रतिवेदन जस्ता विषयवस्तु हेरेको थियो ।

## ७. योजनाको दस्तावेजको स्वरूप

यस योजनाको परिच्छेद एकमा स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्याहरु, चुनौतीहरु र अवसरहरु उल्लेख गरिएको छ। परिच्छेद दुईमा यस योजनाका दूरदृष्टि, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति, अपेक्षित उपलब्धि, मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण प्रस्तुत गरिएको छ ।

परिच्छेद तीनमा विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रगत योजनाका खाका समावेश गरिएको छ । यसमा समावेश गरिएका उपक्षेत्रहरूमा प्रारम्भिक बालिवकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ रहेका छन् । परिच्छेद चारमा विद्यालय शिक्षाका विभिन्न अन्तरसम्बन्धित विषयहरू समावेश गरिएको छ। यसमा समावेश गरिएका अन्तरसम्बन्धित विषयहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन शिक्षक व्यवस्थापन र विकास, शिक्षामा समता र समावेशीकरण, विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता विद्यालय भौतिक पूर्वाधार विकास, विद्यालयमा सूचना तथा सञ्चार प्रविधि रहेका छन् ।

परिच्छेद पाँचमा अन्य उपक्षेत्र अन्तरगत अभिभावक शिक्षा समावेश गरिएको छ। परिच्छेद छ मा सुशासन तथा व्यवस्थापन अन्तरगत शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास र स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्धको विषय प्रस्तुत गरिएको छ। परिच्छेद सातमा योजनाको लगानी र स्रोत व्यवस्थापनको विषय समेटिएको छ। परिच्छेद आठमा कार्यान्वयनबाट अपेक्षा गरिएका समग्र नतिजाहरू र मुख्यमुख्य सूचकहरुको अनुगमन र मूल्याङ्कन उल्लेख गरिएको छ।

# परिच्छेद - १

## १. परिचय

### १.१. पृष्ठभूमि

नेपालको संविधानअनुसार सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समतामूलक, समावेशी र समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने मुख्य ध्येय राखेअनुरूप शिक्षा सम्बन्धी हक तथा प्राथमिकताहरू स्थापित गरेको छ । सोहीअनुसार शिक्षा सम्बन्धी संवैधानिक हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्न निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ लागु भएको छ । निःशुल्क तथा अनिवार्य शिक्षा नियमावली २०७७ कार्यान्वयमा छ । त्यस्तै बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा सम्बन्धी हकलाई प्रत्याभूत गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित रही शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका निम्ति नीतिगत व्यवस्था गरेको छ ।

नेपालको शिक्षा क्षेत्रमा राणाकालको उत्तरार्धदेखि प्रयास हुँदै आएको पाइएतापनि व्यवस्थितरूपमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको प्रतिवेदन २०११ ले गरेको देखिन्छ । यसै गरी सर्वाङ्गीण राष्ट्रिय शिक्षा योजना २०१८, राष्ट्रिय शिक्षा पद्धति योजना (२०२८-२०३२), राष्ट्रिय शिक्षा आयोग २०४९, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५, उच्च स्तरीय राष्ट्रिय शिक्षा कार्यदल २०५८, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०७६ जस्ता आयोगका प्रतिवेदनहरू तयार भई कार्यान्वयनमा छन् । यसका अलवा शिक्षा क्षेत्रमा विभिन्न योजना, परियोजना र कार्यक्रम लागू भएका छन् । जस अन्तरगत रेडियो शिक्षा शिक्षक तालिम परियोजना २०३५, निरीक्षण एकाइ परियोजना २०३७, सेती परियोजना २०३८, विज्ञान शिक्षा परियोजना २०३८, प्राथमिक शिक्षा परियोजना २०४१, आधारभूत आवश्यकता परिपूर्ति योजना २०४४, आधारभूत तथा प्राथमिक शिक्षा परियोजना (पहिलो २०४९ दोश्रो २०५६), प्राथमिक शिक्षा परियोजना २०४९, माध्यमिक शिक्षा विकास परियोजना २०५०, शिक्षाका लागि खाद्य कार्यक्रम २०५२, शिक्षक शिक्षा आयोजना (२०५९-२०६५), माध्यमिक शिक्षा सहयोग कार्यक्रम सन् (२००३-२००८), सामुदायिक विद्यालय सहयोग कार्यक्रम (२०५९-२०६६), व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना (२०६८-२०७२) , सबैका लागि शिक्षा कार्यक्रम (सन् २००१-२०१५), सहस्राब्दी विकास लक्ष्य (

२०००-२०१५), दीगो विकासका लागि शिक्षा कार्यक्रम (२०१५-२०३०) मा उल्लिखित उद्देश्य एवम् सूचकहरूलाई परिपूर्ति गर्नका लागि विद्यालय क्षेत्र सुधार योजना (सन् २००९-२०१५), विद्यालय क्षेत्र विकास योजना (२०१६-२०२२) को समाप्तिसँगै महालक्ष्मी नगरपालिकाले शिक्षा क्षेत्रको योजना (Eduction Sector Plan –ESP) तयार गरेको थियो ।

राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्न सबैको लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहमभूमिका रहन्छ । संविधानले शिक्षालाई मौलिक हकका रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानून निर्माणको कार्य थालनी गरेअनुसार स्थानीय तहको शिक्षालाई दिगो सोचका साथ योजनाबद्ध अगाडी बढाउनु यस महालक्ष्मी नगरको दायित्व रहेकाले यो योजना तयार गरिएको हो ।

सङ्घीय स्वरूपको राज्यव्यवस्थामा राज्यका सबै तहका सरकार बीचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सक्छ । मानव संसाधनको विकासबाट मुलुकमा उपलब्ध प्राकृतिक स्रोत साधन र अवसरहरूको समुचित परिचालन हुन गई नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोच “समृद्ध नेपाल, सुखी नेपाली” सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी, भक्तपुरबाट जारी स्थानीय तहको शिक्षा योजना निर्माणसम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१) अनुरूप तयार गरिएको छ ।

यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज मा उल्लेखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सबलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू र हालै कोभिड-१९ ले पारेको प्रभावलाई समेत

सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे (वि.सं. २०७९ देखि २०८८ सम्म (SESP), (२०२२-२०३१) विद्यालय शिक्षा क्षेत्र योजना निर्माण भएको छ। वि.स. २०७९ (सन् २०२२ सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्न, वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने र दिगो विकासका लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण साधनका रूपमा सोह्रौं योजना (२०८१/८२-२०८५/८६) कार्यान्वयनमा आएको छ। यसरी समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा महालक्ष्मी नगरपालिकाले समेत स्थानीयतामा आधारित रहेर **"पाँच वर्षीय नगर शिक्षा योजना"** निर्माण गरेको छ।

### १.१.१. महालक्ष्मी नगरपालिकाको परिचय

नेपालको बागमती प्रदेश, ललितपुर जिल्लामा अवस्थित महालक्ष्मी नगरपालिका यस जिल्लामा रहेका १ महानगरपालिका, २ ओटा नगरपालिका र ३ ओटा गाउँपालिका गरी ६ ओटा स्थानीय तहहरू मध्येको एउटा नगरपालिका हो। वि.स. २०७१ साल मंसिर १६ गते बाट विधिवत् रूपमा नगरपालिका घोषित भएको महालक्ष्मी नगरपालिका साविकका इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार गा.वि.स.का सम्पूर्ण क्षेत्रहरू गाभिइ कायम भएको हो। सास्कृतिक, धार्मिक तथा प्राकृतिकरूपमा अत्यन्त सुरम्य पूर्व-पश्चिम लाम्चो आकारमा फैलिएको यो नगरपालिका पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पनौती नगरपालिका, दक्षिण र पश्चिममा ललितपुर महानगरपालिका र गोदावरी नगरपालिकासँगको सिमाना कर्मनाशा खोलाले छुट्याएको, उत्तरमा भक्तपुर जिल्लाको मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिकासँग जोडिएको छ। यस नगरपालिकाको कुल क्षेत्रफल २६.५ वर्ग कि.मि. रहेको छ। यसमा १० ओटा वडाहरू रहेका छन्। काठमाडौं उपत्यका प्रवेश गर्ने वैकल्पिक मार्गको रूपमा विकास हुँदै गरेको ग्वार्को-लुभु-लामाटार-मानेदोभान-पनौति हुँदै वि. पि. लोकमार्गको नेपालथोक जोड्ने सडक भएको यस नगरपालिकामा विभिन्न जातजाति तथा समूदायको बसोबास रहेको छ।

### क) नगरपालिकाको भौगोलिक अवस्थिति र सिमाना

**अवस्थिति :** अक्षांश २७° ३७' देखि २७° ४०' उत्तर, देशान्तर ८५°२०' देखि ८५° २६' पूर्व पर्छ।

**सिमाना :** पूर्व : पनौती नगरपालिका, काभ्रेपलान्चोक

पश्चिम : ललितपुर महानगरपालिका, ललितपर

उत्तर : मध्यपुर ठिमी नगरपालिका र सूर्यविनायक नगरपालिका, भक्तपुर

दक्षिण : ललितपुर महानगरपालिका र गोदावरी नगरपालिका, ललितपुर

**नदी, खोला तथा पोखरीहरू :**

**नदी :** कर्मनाशा, गोदावरी, मनोहरा

**खोला :** गौमती, श्रृङ्गमति, वासुकी, ढुङ्गेखोला, धाराचौर, कमेरे, जङ्गली खोला, ठूलो खोला, तिल्पु खोला, फेदी खोला, मानेदोभान खोला, कागेश्वरी खोला, चापाखर्क खोला, ढुङ्गे खोला

**पोखरीहरू :** बोजेपोखरी, कमलपोखरी, फोङ्गाः पुखु, शान्तिपुखुः, बुद्ध पोखरी (न्हु पखः), पाँचपोखरी, भईरव कुण्ड, सिंथलीडाँडाँ पोखरी, लामा डाँडाँ पोखरी

**झरनाहरू :** ढडेन झरना, कागेश्वरी झरना, काजीटोल झरना

**वनजङ्गल :** ढिकसपाखा, काफले, पात्ले, गणेश, गौमती, पँदाली, चिसापानी, श्रृङ्गेरी, माथिल्लो पात्ले सामुदायिक वन, मानेडाँडँ सामुदायिक वन, सिंथलीडाँडाँ सामुदायिक वन, गोलडाँडाँ सामुदायिक वन ।

**ख) लिङ्गका आधारमा कुल जनसङ्ख्याको वडागत वितरण अवस्था**

वि.सं. २०७८ सालमा राष्ट्रिय तथ्याङ्क कार्यालयको जनगणना अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या १२३११६ रहेको छ । धेरै जनसङ्ख्या रहेका वडाहरूमा वडा नं ४, ५ र ८ पर्छन् भने ती वडाहरूको जनसङ्ख्या क्रमशः २६५४४, १८२८२ र १५९३२ जना रहेको छ । जनसङ्ख्याको हिसाबले साना वडाहरूमा वडा नं. १०, ७, ६ छन्, क्रमश उक्त वडाहरूमा जनसङ्ख्या ९४३, ७५०६, ८१९४ रहेको छ । महालक्ष्मी नगरपालिकाको कुल जनसङ्ख्या मध्ये महिलाको जनसङ्ख्या ६२ हजार ३ सय ९९ जना रहेको छ भने पुरूषको जनसङ्ख्या ६० हजार ७ सय १७ जना रहेको छ । महालक्ष्मी नगरपालिकाको लिङ्गअनुसार

वडागत जनसङ्ख्याको वर्गीकरण र जनघनत्व सम्बन्धी विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : लिङ्गअनुसार वडागत जनसङ्ख्याको वर्गीकरण र वडागत जनघनत्व**

| वडा | पुरूष जनसङ्ख्या | महिला जनसङ्ख्या | कुल | जनघनत्व |
|---|---|---|---|---|
| १ | ७१५९ | ७००८ | १४१६७ | १४,८५६.३५ |
| २ | ५३३३ | ४६४१ | ९९७४ | २२,१७४.६९ |
| ३ | ५७१२ | ५०९२ | १०८०४ | १७,१४३.४४ |
| ४ | १३४८२ | १३०६२ | २६५४४ | १३,३६४.३९ |
| ५ | ९९०६ | ९३७६ | १९२८२ | ९,२६०.७७ |
| ६ | ४०१७ | ४१७७ | ८१९४ | ४,०७७.०१ |
| ७ | ३७३३ | ३७७३ | ७५०६ | ८,०७७.९३ |
| ८ | ७७९४ | ८१३८ | १५९३२ | २,४८७.८८ |
| ९ | ४७९८ | ४९७२ | ९७७० | १४८७.३३ |
| १० | ४६५ | ४७८ | ९४३ | २१०.०६ |
| **जम्मा** | **६२,३९९** | **६०,७१७** | **१,२३,११६** | **९,३१२.१८** |

**स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९**

## ग) सामाजिक तथा सांस्कृतिक अवस्था

### १. जातजाति :

महालक्ष्मी नगरपालिकाभित्र विभिन्न ८६ जातजातिका मानिस बसोबास गर्दछन् । महालक्ष्मी नगरपालिकाको जम्मा जनसङ्ख्या जातियता सहित लिङ्गका हिसाबले सबै भन्दा धेरै तामाङहरूको १३५०२ जनसङ्ख्या रहेको छ भने पहाडी ब्राहम्ण जातिको जनसङ्ख्या ६१६८ रहेका देखिन्छ । जातजाति र लिङ्ग अनुसार जनसङ्ख्याको विस्तृत विवरण तालिका नं. २ मा प्रस्तुत गरिएको छ ।

## तालिका नं. २ : लिङ्ग अनुसार जातजातिको जनसङ्ख्या

| क्र.सं. | जनजाति | कुल | पुरूष | महिला |
|---|---|---|---|---|
| **१** | सबै | १,२३,११६ | **६२३९९** | ६०७१७ |
| **२** | क्षेत्री | २९५२९ | १४८६२ | १४६६७ |
| ३ | पहाडी ब्राहम्ण | २०००८ | १०२८० | ९७२८ |
| ४ | मगर | ५७३४ | २७८० | २९५४ |
| ५ | थारू | २४७५ | १४०३ | १०७२ |
| ६ | तामाङ | ९९५२ | ४९१२ | ५०४० |
| ७ | नेवार | ३०५४५ | १४९८४ | १५५६१ |
| ८ | विश्वकर्मा | ३१८० | १६९१ | १४८९ |
| ९ | मुसलमान | ७८४ | ४८२ | ३०२ |
| १० | यादव | १४७४ | ९५४ | ५२० |
| ११ | राई | ४५३१ | २०७२ | २४५९ |
| १२ | गुरुङ | ८६३ | ३८९ | ४७४ |
| १३ | परियार | १०३१ | ५१६ | ५१५ |
| १४ | ठकुरी | १०८८ | ५६३ | ५२५ |
| १५ | याक्थुङ/लिम्बु | १३८३ | ६४० | ७४३ |
| १६ | मिजार | ९३७ | ४५० | ४८७ |
| १७ | तेली | ८८५ | ५२७ | ३५८ |
| १८ | चमार/हरिजन/राम | ४९ | ३७ | १२ |
| १९ | कोइरी /कुसहवा | ३७३ | २२८ | १४५ |
| २० | मुसहर | ४६ | १८ | २८ |
| २१ | कुर्मी | १०९ | ६८ | ४१ |
| २२ | सन्यासी/दशनामी | ४७२ | २५३ | २१९ |
| २३ | धानुक | १८९ | १२० | ६९ |
| २४ | दुशाद /पाशवान /पाशी | २६ | २२ | ४ |
| २५ | म्लाह | २० | १४ | ६ |
| २६ | केवत | ५४ | ३३ | २१ |
| २७ | काथबानिया | ७० | ४४ | २६ |

| | | | | |
|---|---|---|---|---|
| २८ | ब्राहम्ण - तराई | ११६६ | ६५७ | ५०९ |
| २९ | कलवार | ३५७ | २११ | १४५ |
| ३० | कानु | ६६ | ४० | २६ |
| ३१ | कुमाल | ६३ | ३६ | २७ |
| ३२ | घर्ती/भुजेल | ४६० | २२२ | २३८ |
| ३३ | हजाम/ठाकुर | ३०७ | १८० | १२७ |
| ३४ | राजवंशी | १५५ | ७७ | ७८ |
| ३५ | शेर्पा | २४३ | ११९ | १२४ |
| ३६ | धोवी | २७ | २० | ७ |
| ३७ | तत्मा/तत्वा | ३६ | २७ | ९ |
| ३८ | लोहार | २२२ | १२९ | ९३ |
| ३९ | खत्वी | ३० | २१ | ९ |
| ४० | सुन्दी | ३४३ | २०० | १४३ |
| ४१ | दनुवार | २४४ | १४४ | १०० |
| ४२ | हलुवाइ | ७४ | ३६ | ३८ |
| ४३ | माझी | ३१६ | १५२ | १६४ |
| ४४ | बराई | ३१ | १७ | १४ |
| ४५ | नुनिया | १३ | ७ | ६ |
| ४६ | चेपाङ/प्रजा | १२ | ७ | ५ |
| ४७ | सोनार | १५३ | ८७ | ६६ |
| ४८ | कुम्हर | ५६ | ३७ | १९ |
| ४९ | सुनुवार | ५९८ | २९७ | ३०१ |
| ५० | बन्तर/सरदार | ३३ | २० | १३ |
| ५१ | कहर | २७ | १३ | १४ |
| ५२ | सन्थाल | १० | ५ | ५ |
| ५३ | मारवाडी | ३४ | १९ | १५ |
| ५४ | कायस्थ | ३६६ | १९४ | १७२ |
| ५५ | राजपुत | १३९ | ८७ | ५२ |
| ५६ | ओरावन/कुदुख | १७ | ९ | ८ |
| ५७ | बाधी | २५ | १४ | ११ |

| | | | | |
|---|---|---|---|---|
| ५८ | थामी | १०७ | ५८ | ४९ |
| ५९ | कुलुङ | २२ | ९ | १३ |
| ६० | गडेरी/भेडियार | १३ | ९ | ४ |
| ६१ | धिमाल | १३ | ७ | ६ |
| ६२ | याख्खा | ३९ | २३ | १६ |
| ६३ | घले | ६० | ३१ | २९ |
| ६४ | ताजपुरिया | १२ | ७ | ५ |
| ६५ | खवास | २२ | ९ | १३ |
| ६६ | पाहारी | ६३ | ४३ | २९ |
| ६७ | राजधोब | २६ | १५ | ११ |
| ६८ | थकाली | २४ | ११ | १३ |
| ६९ | छन्त्याल/छन्तेल | १० | ५ | ५ |
| ७० | बाराम/बारामु | १५ | ८ | ७ |
| ७१ | नाच्छिरिङ | १९ | ९ | १० |
| ७२ | याम्फु | ४० | २० | २० |
| ७३ | चाम्लिङ | १०९ | ४९ | ६० |
| ७४ | आठपहरिया | १२ | ५ | ७ |
| ७५ | जिरेल | ३६ | १५ | २१ |
| ७६ | वान्तवा | ५७ | ३१ | २६ |
| ७७ | अमात | २२ | १५ | ७ |
| ७८ | थुलुङ | ३३ | १३ | २० |
| ७९ | बहिङ | १६ | ८ | ८ |
| ८० | हायु | २७ | १५ | १२ |
| ८१ | देव | ३६ | २२ | १४ |
| ८२ | खालिङ | १६ | ५ | ११ |
| ८३ | भूमीहर | ४६ | ३२ | १४ |
| ८४ | रौनियार | ५७ | ३२ | २५ |
| ८५ | बनियान | ७७ | ४४ | ३३ |
| ८६ | अन्य | ९६ | ५१ | ४५ |
| ८७ | विदेशी | ५४४ | ३७२ | १७२ |

| | | | | |
|---|---|---|---|---|
| ८८ | नखुलेका | १७ | ९ | ८ |

**स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९**

## २. धर्म र प्रमुख धार्मिक सम्पदाहरू :

यस नगरपालिकामा हिन्दु धर्मालम्बीहरू ६३.०३ प्रतिशत रहेका छन् भने बौद्ध धर्म मान्ने ३४.२१ प्रतिशत रहेको तथ्याङ्कले देखाएको छ। नगरपालिकामा १.७५ प्रतिशत क्रिश्चियन तथा ०.८६ प्रतिशत मुस्लिम धर्म मान्ने जनसङ्ख्या रहेको देखिन्छ। लिङ्गगत रूपमा धर्म अनुसार नगरपालिकाको जनसङ्ख्याको विस्तृत विवरण तालिका नं. ३ मा प्रस्तुत गरिएको छ।

**तालिका नं.३. महालक्ष्मी नगरपालिकाको लिङ्गका आधारमा धर्मअनुसारको जनसङ्ख्या**

| लिङ्ग | कुल जनसङ्ख्या | हिन्दु | बौद्ध | इस्लाम | किरात | क्रिश्चियन | प्राकृती | बोन | बाही | शिख |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | १२३११६ | १०२२८३ | ११७१६ | ९९१ | ३५०७ | ४५४६ | ६२ | ९ | १ | १ |
| पुरूष | ६२३९९ | ५२२३१ | ५७७३ | ६२२ | १६२४ | २११२ | ३१ | ६ | | |
| महिला | ६०७१७ | ५००५२ | ३६९ | १४५ | १८८३ | २४३४ | ३१ | ३ | १ | १ |

**स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९**

### १. प्रमुख धार्मिक सम्पदाहरू

| वडा नं | प्रमुख धार्मिक सम्पदाहरू |
|---|---|
| १ | श्री कृष्ण प्रणामी मूल मन्दिर, सर्वेश्वर महादेव मन्दिर, छोठुल गुम्बा, |
| २ | अशोक स्तुपा, भगवानस्थान चैत्य |
| ३ | पैनाचल महादेव मन्दिर र सत्यनारायण मन्दिर |
| ४ | जगदिश्वोर महादेव मन्दिर |
| ५ | शिव मन्दिर |

६ वंगलामुखी मन्दिर, गणेश मन्दिर, भईरव थानः भईल द्यः मन्दिर, नासः द्यः ( नाट्येश्वर) र बालकुमारी मन्दिर, सिद्धेश्वर महादेव मन्दिर, लुकुमाःद्यः (लुकेको महादेव), सिद्धि मंगल बुद्ध विहार, धर्मचक्र महाविहारः

७ गुप्तेश्वर महादेव मन्दिर

८ श्री महालक्ष्मी महाभईरव मन्दिर, गोभ्राटेश्वर महादेव मन्दिर, गणेश मन्दिर, देविस्थान मन्दिर, शङ्खादेवी मन्दिर, चुन्देवी देवल, भगवती मन्दिर, नारायण मन्दिर, लोकनाथ मन्दिर र नारायणी मन्दिर

९ भईरवस्थान, देवीस्थान, गोचण्डेश्वरी, श्रृङ्गऋषि, सङ्कटमुक्रेश्वर, राम मन्दिर र ससाम्बु माई

१० माने चैत्य स्तुपा, श्रीङ्ग ऋषी गुफा, बासुकी धाम, काली देवी मन्दिर र भीमसेन मन्दिर

**घ) आर्थिक अवस्था**

यस नगरपालिकामा बसोबास गर्ने जनसङ्ख्याको आर्थिक अवस्थामा विविधता पाइन्छ। स्थानीय प्रविधि तथा सीपहरूमा लुभुमा खद्दर, ढाका कपडा बुनाइ र पाककलाको राम्रो विकास भएको छ भने सिद्धिपुरमा सुकुल र परालका विभिन्न सामानहरू बनाउने कला प्रख्यात हुनुका साथै प्रायः जसो स्थानहरूमा स्थानीय जीवनयापन गर्न आवश्यक पर्ने विभिन्न प्रकारका आयुर्वेदिक औषधी, सिलाइको कला, फलामका सामान बनाउने कला, खानेकुराको परिकारबाट विभिन्न जनावरहरूको आकृति बनाउने कला आदि प्रचलनमा रहेका छन्। यहाँको काष्ठकला, मूर्तिकला, धातुकला, स्थानीय सीप कौशल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रख्यात भएको छ। विगतमा निकै फस्टाएका इँटा उद्योगहरू हाल करिब विस्थापित भईसकेको अवस्था छ। कृषिलाई पनि प्रमुख आयस्रोतको रूपमा लिने गरिएको छ। हाल आएर कौसी खेतीलाई पनि विकल्पको रूपमा लिने गरिएको छ। लामाटार तथा लाँकुरी भञ्ज्याङ्मा छुट्टै कृषि सेवा केन्द्रहरू स्थापना गरिएका छन्। नगदे बालीको रूपमा कृषिलाई व्यावसायीकरण गर्ने, उपलब्ध जमिनमा सिँचाइको व्यवस्था

गर्ने, अनियन्त्रित बस्ती विकासलाई रोकी कृषियोग्य जमिनको संरक्षण गर्ने कामहरू गरिएको छ। कृषि समूह र ५०५ कृषकलाई अनुदानमा हाते ट्र्याक्टर, डिजिटल काँटा, बीउबिजन, बिरुवा, सिँचाइ उपकरण आदि वितरण गर्ने गरिएको छ। त्यसैगरी खेतको विशिष्टीकरण भागको आधारमा सेवा प्रदान गर्ने तथा विदेशबाट फर्किएका युवाहरूको विशेष संलग्नतामा विस्तार गर्दै लैजाने कार्यक्रम रहेको छ। (स्रोतः कृषि शाखा म.न.पा.)

महालक्ष्मी नगरपालिकामा यातायातको क्षेत्रमा गरिएको पहल उल्लेखनीय छ। ग्वार्कोबाट इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार हुँदै लाँकुरी भन्ज्याङ पुग्ने सडक यस नगरपालिका भित्रको मुख्य सडक मानिन्छ। हाल चौडा बनाउने अभियानमा रहेको यो सडक पूर्वतर्फ कुशादेवी, मानेदोभान र पनौती हुँदै वि.पी. लोकमार्गमा जोड्ने लक्ष्यका साथ अगाडि बढाइएको छ। अव्यवस्थित सहरीकरण र साँघुरा बाटाहरू, ढल निकास, विद्युतीकरण, सञ्चारका माध्यमहरूको विस्तार, निर्माणका सामग्रीहरूको ढुवानीजस्ताकार्यहरूले समेत सडक यातायातमा थप समस्याहरू सिर्जना गर्ने गरेका छन्। यस नगरपालिकाले पशुपालनतर्फ आहार क्षेत्र, स्वास्थ्य क्षेत्र, नस्ल सुधार, व्यवस्थापन र तालिम जस्ता विशेष कार्यक्रमहरू सञ्चालनमा रहेका छन्। पशुपालनमा संलग्न व्यक्तिहरूलाई घाँसको बिउ, बेर्ना, खोप, भिटामिन, औषधी, कृत्रिम गर्भाधान, खोर/गोठ निर्माण, नस्ल सुधार, हे तथा साइलेज निर्माणजस्ता क्षेत्रमा निःशुल्क एवम् अनुदानमा नगरपालिकाले सेवा तथा तालिम दिँदै आएको छ। महालक्ष्मी नगरपालिका पर्यटकीय हिसाबले प्रचुर सम्भावना भएको स्थान मानिन्छ। लाँकुरी भन्ज्याङ, रिसाल डाँडा र कोट डाँडालाई ट्रेकिङ, दृश्यावलोकन, ओमेगा जम्प, प्याराग्लाइडिङ, होमस्टे, होटल तथा रेष्टुराजस्ता मनोरञ्जनात्मक क्रियाकलापको अवसर सिर्जना गर्दै विशेष रूपमा विकसित गर्न सकिन्छ। यस नगरपालिकामा भएका आर्थिक पक्षसित जोडिएका मूख्य क्षेत्रहरू :

**१. मूख्य पेशाहरू :** काष्ठकला, मूर्तिकला, धातुकला, आयुर्वेदिक औषधी निर्माण, सिलाइबुनाइ, फलामका सामान बनाउने, खद्दरको कपडा बुनाइ, ढाकाको कपडा बुनाइ, पाककला, च्याउ खेती, पुष्प खेती , गोलभैंडा खेती, गाईपालन , अलैंची, ओखर खेती, बाखापालन, पर्यटन व्यवसायक र व्यापार व्यवसाय आदि।

**२. पर्यटकीय क्षेत्र :** लाँकुरीभञ्ज्याङ, कोट डाँडा, श्रृङ्गेरी डाँडा, श्रृङ्गेरी गुफा, बासुकी नागस्थान र कामधेनु गुफा, मातभ्व सङ्गम, गौशिङ्ग तीर्थ, माने चैत्य गुम्बा, भिमसेन डाँडा सुर्योदय स्थल, मनमोहन पार्क, पाँच पोखरी डाँडा, श्रृङ्ग ऋषि गुफा आदि ।

**३. प्रमुख उद्योगहरू :** कपडारगार्मेन्ट, प्रिन्टिङ प्रेस, कागज कारखाना, ब्लक, आल्मुनियम तथा अन्य मेटल, फर्निचर, मूर्ति उद्योग, ढलौट उद्योग आदि ।

### १.१.२. नगरपालिकाको शैक्षिक अवस्था

#### क) शैक्षिक संस्थाको विवरण

महालक्ष्मी नगरपालिकाका आधारभूत तह र माध्यमिक तहमा १४ सामुदायिक विद्यालयहरू छन् । ५३ संस्थागत विद्यालय रहेका छन् जसमध्ये ४ ओटा सार्वजनिक शैक्षिक गुठी अन्तर्गत पठनपाठन हुने विद्यालय रहेका छन् । सामुदायिक तर्फ आधारभूत तह क्रमशः (१-५) मा १, (१-८) मा २ विद्यालय र माध्यमिक तह क्रमशः (१-१०) मा ४, (१-१२) मा ७ विद्यालयले शिक्षण कार्य सूचारू गरिरहेका छन् । यस नगरपालिकामा ४ सामुदायिक सिकाइ केन्द्र र १ सामुदायिक क्याम्पस रहेका छन्। नगरपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४. : शैक्षिक संस्थाको विवरण**

| तह | सामुदायिक | गुठीद्वारा सञ्चालित विद्यालय | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास तथा शिक्षा / पूर्व प्राथमिक विद्यालय | २८ | | ४४ | ७२ |
| आधारभूत तह (१-५) | १ | | १३ | १४ |
| आधारभूत तह (१-८) | २ | | ३ | ५ |
| माध्यमिक तह (१-१०) | ४ | १ | २७ | ३२ |
| माध्यमिक तह (१-१२) | ७ | ३ | ७ | १७ |
| बहुप्राविधिक शिक्षालय | | | १ | १ |
| प्राविधिक शिक्षालय/विद्यालय | ४ | | १ | ५ |

| | | | | |
|---|---|---|---|---|
| सामुदायिक क्याम्पस | १ | | | १ |
| सामुदायिक सिकाइ केन्द्र | ४ | | | ४ |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

## ख) वडागत शैक्षिक संस्थाको विवरण

यस नगरपालिकाभित्र सञ्चालनमा रहेका शैक्षिक संस्थाको विवरण अनुसार सामुदायिक विद्यालय १४, नीजि विद्यालय ५३, प्राविधिक धारमा ४ विद्यालयहरू र क्याम्पस १ सञ्चालनमा छन् । यस यस नगरपालिकाभित्र वडागत शैक्षिक संस्थाहरूको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं. ५. : वडागत शैक्षिक संस्थाको विवरण**

| वडा नं. | सामुदायिक विद्यालय | नीजि विद्यालय | क्याम्पस | प्राविधिक धार | जम्मा |
|---|---|---|---|---|---|
| १ | - | ७ | - | - | ७ |
| २ | १ (प्राविधि कधार सहित) | ५ | - | १ | ७ |
| ३ | - | ३ | - | - | ३ |
| ४ | २ (१ प्राविधिक धार सहितको विद्यालय ) | १२ | - | - | १४ |
| ५ | १ | ५ | - | - | ६ |
| ६ | २ | ७ | - | - | ९ |
| ७ | १ | २ | - | - | ३ |
| ८ | ३ (२ प्राविधिकधार सहितका विद्यालय ) | १० | १ | - | १४ |
| ९ | २ | २ | - | १ | ५ |
| १० | २ | - | - | - | २ |
| **जम्मा** | **१४** | **५३** | **१** | २ | **७०** |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

## ग) महालक्ष्मी नगरपालिकाभित्र रहेका विद्यार्थी विवरण

यस नगरपालिकामा शैक्षिक वर्ष २०८१/२०८२ मा ३०११७ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन् । सामुदायिक विद्यालयहरूमा ८२१३ जना विद्यार्थीहरू र निजी विद्यालयहरूमा २१९०४ जना विद्यार्थीहरू अध्ययनरत छन् । यस नगरपालिकामा अध्ययन गर्ने विद्यार्थीको तथ्याङ्कलाई केलाउँदा निजी विद्यालयमा सामुदायिक विद्यालयको तुलनामा धेरै विद्यार्थी सङ्ख्या रहेको छ ।

शैक्षिक वर्ष २०८१ अनुसार नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीहरूको विवरणहरू निम्नानुसार रहेको छ ।

**तालिका नं.६. : विद्यार्थी विवरण**

| तह | सामुदायिक | | | संस्थागत | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | |
| प्रारम्भिक बालविकास र शिक्षा | ६३६ | ६४७ | १२८३ | २०२५ | २५८४ | ४६०९ | ५८९२ |
| आधारभूत तह (१-५) | १३२९ | १४९३ | २८२२ | ३९३२ | ४७१७ | ८६५१ | ११४७३ |
| आधारभूत तह (६-८) | ९४६ | १०५० | १९९६ | २०८४ | २७२८ | ४८१२ | ६,८०८ |
| माध्यमिक तह (९-१०) | ५६९ | ५७८ | ११४७ | ११९३ | १४५१ | २६४४ | ३७९१ |
| माध्यमिक तह (११-१२) | ५१५ | ४५० | ९६५ | ५१५ | ६७३ | ११८८ | २१५३ |
| **जम्मा** | **३९९५** | **४२१८** | **८२१३** | **९७४९** | **१२१५५** | **२१९०४** | **३०११७** |

**स्रोत : EMIS, 2081**

### घ) विद्यालयतहमा अध्यनरत छात्रछात्राको सङ्ख्या

यस नगरपालिकामा सामुदायिक र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीको सङ्ख्या तुलना गर्दा सामुदायिक तथा नीजि दुवै विद्यालयहरूमा छात्रको तुलनामा छात्राको सङ्ख्या कम रहेको तथ्याङ्कबाट देखिन्छ । शैक्षिक वर्ष २०८१ अनुसार छात्रछात्राको विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं.७. : छात्रछात्राको सङ्ख्या**

| विद्यालय | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| सामुदायिक | ३९९५ | ४२१८ | **८२१३** |
| निजी | ९७४९ | १२१५५ | **२१९०४** |
| **जम्मा** | **१३७४४** | **१६३७३** | **३०११७** |

**स्रोत : EMIS, 2081**

### ङ) विद्यालयतहमा अध्यनरत विद्यार्थीको सूचकगत तथ्याङ्क

महालक्ष्मी नगरपालिकाभित्र अध्ययनरत विद्यार्थीको सूचकगत विवरण निम्नानुसार रहेको छ ।

**तालिका नं.८. : विद्यार्थीको सूचकगत तथ्याङ्क**

| सूचकहरू | प्रारम्भिक बालविकास तथा शिक्षा | आधारभूत शिक्षा | माध्यमिक शिक्षा |
|---|---|---|---|
| कुल भर्ना दर (GER) | १५१.२ | १३२.५ | ७७.३ |
| खुद भर्ना दर (NER) | ८६.४ | ९७.६ | ५८.४ |
| विद्यार्थी टिकाउ दर | ९६.५ | ९७.२ | ९७.७ |
| औसत विद्यार्थी उतीर्ण दर | ९७.१ | ९५.५ | ९३.७ |
| कक्षा दोहोऱ्याउने दर | १.५ | १.७ | २.८ |
| विद्यालय छाड्ने दर कक्षा | १.४ | २.८ | ३.५ |

**स्रोत : EMIS, 2081**

### च) शैक्षिक तहका आधारमा शैक्षिक अवस्थाको वर्गीकरण

शैक्षिक तह आधारमा तुलना गर्दा यस नगरपालिकामा सबैभन्दा धेरै प्रविणता तहमा २१९८५ जना अर्थात २१.३% रहेको छ । यस नगरपालिकामा ११५१० जना साधारण लेखपढ गर्न समेत नसक्ने रहेका छन् भने ७१६६ जना स्नातकोत्तर, एमफिल र विद्यावारिधि अध्ययन गरेका नागरिक यस नगरपालिकामा छन् । शैक्षिक आधारमा शैक्षिक अवस्थाको विवरणहरू यस प्रकार रहेको छ ।

**तालिका नं.९. : शैक्षिक तहका आधारमा शैक्षिक वर्गीकरण**

| शैक्षिक तह | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|
| पूर्व बालविकास | ३०२८ | २.९% |
| प्राथमिक तह | १८,४६८ | १७.९% |
| निम्न माध्यमिक तह | १३,४४५ | १३.०% |

| | | |
|---|---|---|
| एसएलसी | १२,३२७ | ११.९% |
| उच्च माध्यमिक तह | १२,३४५ | ११.९% |
| प्रविणता | २१,९८५ | २१.३% |
| स्नातक तह | १३,२७९ | १२.८% |
| स्नातकोत्तर, एमफिल र विद्यावारिधि | ७१६६ | ६.९% |
| निरक्षर | ११,५१० | ९.९७% |
| अन्य | २०७० | १.७९% |

**स्रोत : https://censusnepal.cbs.gov.np**

## छ) जनजाती, मधेशी र दलित जनसङ्ख्याको शैक्षिक अवस्थाको वर्गीकरण

यस नगरपालिकामा अध्ययन गर्ने जम्मा ३०११७ विद्यार्थीहरू मध्ये सबै भन्दा बढि २०४४८ जना जनजातीहरू विद्यार्थीहरू विद्यालयका विभिन्न तहमा अध्ययन गरिरहेका छन् भने मधेशी समुदायका २२२० जना विद्यार्थीले विद्यालय तहमा अध्ययनरत छन् । जनजाती, मधेशी र दलित जातजाती अनुसार महालक्ष्मी नगरपालिकाको जनसङ्ख्याको विवरण निम्नानुसार प्रस्तुत गरिन्छ :

**तालिका नं. १०. : जनजाती, मधेशी र दलित अनुसार शैक्षिक वर्गीकरण**

| शैक्षिक तहको वर्गीकरण | जनजाती | | | मधेशी जातिहरू | | | दलित | | | जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालविकास | १४४४ | १७०९ | ३१५३ | १८३ | २७१ | ४५४ | २०० | २७५ | ४७५ | १८२७ | २२५५ | ४०८२ |
| आधारभूत तह | ६०१६ | ७४४७ | १३४६३ | ५३७ | ७३८ | १२७५ | ५४२ | ६६८ | १२१० | ७०९५ | ८८५३ | १५९४८ |
| माध्यमिक तह | १७०८ | २१२४ | ३८३२ | २०० | २९१ | ४९१ | १९५ | १६१ | ३५६ | २१०३ | २५७६ | ४६७९ |
| **जम्मा** | **९१६८** | **११२८०** | **२०४४८** | **९२०** | **१३००** | **२२२०** | **९३७** | **१०८६** | **२०४१** | **११०२५** | **१३६८४** | **२४७०९** |

**स्रोत : EMIS, 2081**

## ज) अपाङ्गता अनुसार शैक्षिक वर्गीकरण

यस नगरपालिकामा अध्ययन गर्ने जम्मा ३०११७ विद्यार्थीहरू मध्ये ११७ जना विद्यार्थी अपाङ्गता भएका छन् । सबैभन्दा बढि आधारभूत तहमा ८४ जना अपाङ्गता भएका विद्यार्थी अध्ययनरत छन् भने माध्यमिक तहमा १६ जना अपाङ्गता भएका विद्यार्थी अध्ययनरत छन् । अपाङ्गताका आधारमा महालक्ष्मी नगरपालिकाको विद्यार्थीको विवरण निम्नानुसार प्रस्तुत गरिन्छ ।

**तालिका नं. ११. : अपाङ्गता  अनुसार शैक्षिक वर्गीकरण**

| शैक्षिक तहको वर्गीकरण | जम्मा विद्यार्थी सङ्ख्या | विद्यार्थी सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| बालविकास | ५८९२ | १७ | ०.२८ |
| आधारभूत तह | १८२८१ | ८४ | ०.४५ |
| माध्यमिक तह | ५९४४ | १६ | ०.२७ |
| **जम्मा** | **३०११७** | **११७** | **०.३८** |

**स्रोत : EMIS, 2081**

## झ) शिक्षक तथा कर्मचारी विवरण

यस नगरपालिकाका सामुदायिक शिक्षणसंस्थाहरूमा आधारभूत र माध्यमिक तहका २१४ जना शिक्षक शिक्षिकाहरू कार्यरत छन् । यसमध्ये ६१ जना माध्यमिक र १५३ जना शिक्षकहरूले आधारभूत तहमा शिक्षण सिकाइ क्रियाकलाप गरिरहेका छन् । यस नगरपालिकामा बालविकास सहजकर्ता ४२ जना र ११  कर्मचारीहरू कार्यरत रहेका छन् । नगरपालिकामा रहेका शिक्षक र कर्मचारीहरूको विवरण थप तल तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १२ : शिक्षक, कर्मचारी विवरण**

| तह | शिक्षक | | | बालविकास सहजकर्ता | | | कर्मचारी | | | कार्यालय सहयोगी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा |
| **आधारभूत तह** | ६४ | ८९ | १५३ | ० | ४२ | ४२ | २ | ९ | ११ | ३ | ११ | १४ |
| **माध्यमिक तह** | ४२ | १९ | ६१ | | | | | | | | | |
| **जम्मा** | **१०६** | **१३८** | **२१४** | **०** | **४२** | **४२** | **२** | **९** | **११** | **३** | **११** | **१४** |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

## ञ) कार्यरत शिक्षक विवरण (सामुदायिक विद्यालय)

यस नगरपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

## तालिका नं.१३. : कार्यरत शिक्षक विवरण

| तह | | स्वीकृत दरबन्दी | राहत दरबन्दी | प्राविधिक दरबन्दी | शिक्षण अनुदान | नगर शिक्षक | जम्मा | आवश्यक दरबन्दी | नपुग दरबन्दी |
|---|---|---|---|---|---|---|---|---|---|
| **बालविकास तथा शिक्षक** | महिला | २८ | | | | १४ | **४२** | | |
| | पुरुष | - | | | | | **-** | | |
| | जम्मा | २८ | | | | १४ | **४२** | ५२ | १० |
| **आधारभूत तह (१-५)** | महिला | ६४ | १० | | | ५ | **७९** | | |
| | पुरुष | ३३ | - | | | | **३३** | | |
| | जम्मा | ९७ | १० | - | - | ५ | **११२** | १३९ | २७ |
| **आधारभूत तह (६-८)** | महिला | ९ | | | १ | | **१०** | | |
| | पुरुष | २८ | | ३ | | | **३१** | | |
| | जम्मा | ३७ | | ३ | १ | | **४१** | ६४ | २३ |
| **माध्यमिक तह (९-१०)** | महिला | १४ | १ | | ३ | | **१८** | | |
| | पुरुष | १९ | ९ | २ | ४ | | **३४** | | |
| | **जम्मा** | **२३** | **१०** | **२** | **७** | | **४२** | ४७ | ५ |
| **माध्यमिक तह (११-१२)** | महिला | १ | | | | | **१** | | |
| | पुरुष | ८ | | | | | **८** | | |
| | जम्मा | ९ | | | | | **९** | १८ | ९ |

## ट) शिक्षणसंस्थाहरूमा खानेपानीको अवस्था

महालक्ष्मी नगरपालिकाभित्र रहेका १४ सामुदायिक विद्यालय मध्ये १० ओटा विद्यालयमा खानेपानी पर्याप्त छ भने ४ ओटा विद्यालयमा खानेपानी अपर्याप्त रहेको छ। नगरपालिकामा शिक्षणसंस्थाहरूमा खानेपानीको अवस्था सम्बन्धी विवरणहरू तलको तालिकामा समावेश गरिएको छ :

**तालिका नं.१४. : विद्यालयहरूमा खानेपानी उपलब्धताको अवस्था**

| विद्यालय तह | खानेपानीको पर्याप्तता | |
|---|---|---|
| | पर्याप्त | अपर्याप्तता |
| **आधारभूत तह** | २ | १ |
| **माध्यमिक तह** | ८ | ३ |
| **जम्मा** | **१०** | **४** |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

**ठ) विद्यालयहरूमा शौचालयको अवस्था**

महालक्ष्मी नगरपालिकाभित्र रहेका १४ ओटा सामुदायिक विद्यालयहरूमा कुल ७५ ओटा शौचालय रहेका छन् । सबै विद्यालयमा छात्राको लागि छुट्टै शौचालयको व्यवस्था गरिएको छ । छात्राको लागि सबै विद्यालयमा जम्मा ३२ ओटा शौचालय रहेका छन् । शिक्षकका लागि १२ ओटा विद्यालयमा छुट्टै शौचालयको व्यवस्था गरिएको छ । विद्यालयहरूमा शौचालयको अवस्था सम्बन्धी थप विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं.१५. : नगरपालिकाभित्रका विद्यालयमा भएका शौचालयहरूको विवरण**

| शौचालय विवरण | विद्यालय तह | | जम्मा |
|---|---|---|---|
| | आधारभूत तह | माध्यमिक तह | |
| कुल शौचालय सङ्ख्या | १४ | ६१ | ७५ |
| छात्राको लागि छुट्टै शौचालय भएका विद्यालय सङ्ख्या | ६ | २६ | ३२ |
| छात्राको लागि छुट्टै शौचालय नभएका विद्यालय सङ्ख्या | ० | ० | ० |
| छात्रको लागि छुट्टै शौचालय भएका विद्यालय सङ्ख्या | ६ | २३ | २९ |
| छात्रको लागि छुट्टै शौचालय नभएका विद्यालय सङ्ख्या | ० | ० | ० |
| शिक्षकको लागि छुट्टै शौचालय भएका विद्यालय सङ्ख्या | २ | १२ | १४ |

| | | | |
|---|---|---|---|
| शिक्षकको लागि छुट्टै शौचालय नभएका विद्यालय सङ्ख्या | १ | १ | २ |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

## ड) महालक्ष्मी नगरपालिकाभित्रका विद्यालयमा रहेका साधन स्रोत तथा सेवाहरू

महालक्ष्मी नगरपालिकाभित्रका विद्यालयमा रहेका साधन स्रोत तथा सेवाहरूको विवरणहरू निम्नानुसार रहेका छन् ।

**तालिका नं १६ : नगरपालिकाभित्रका विद्यालयमा भएका साधनस्रोत तथा सेवाहरू**

| विवरण | भएका विद्यालयको सङ्ख्या | नभएका विद्यालयको सङ्ख्या |
|---|---|---|
| विद्यालय सुधार योजना (SIP) अपडेट | १४ | - |
| वि.व्या. समिती गठन | १४ | - |
| शिक्षक अभिभावक सङ्घ गठन | ३ | ११ |
| सामाजिक परीक्षण | १४ | - |
| आर्थिक लेखापरीक्षण | १४ | - |
| विद्युत | १४ | - |
| प्राथमिक उपचार केन्द्र | ९ | ५ |
| विज्ञान प्रयोगशाला | ७ | ७ |
| कम्प्युटर ल्याब | ११ | ३ |
| पुस्तकालय | ८ | ६ |
| बालक्लब | १४ | - |
| खेल मैदान | ९ | ५ |
| शौचालय | १४ | - |
| इन्टरनेट | १४ | - |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

**ढ) विद्यालयहरूमा दिवाखाजाको व्यवस्था**

महालक्ष्मी नगरपालिकामा १४ ओटै सामुदायिक विद्यालयहरूमा दिवा खाजाको व्यवस्था गरिएको छ । यस नगरपालिकामा रहेका दिवाखाजा सम्बन्धी व्यवस्थाको विवरणहरू निम्नानुसार रहेका छन् :

**तालिका नं.१७. : विद्यालयहरूमा दिवाखाजा व्यवस्थाको विवरण**

| विवरण | सङ्ख्या |
| --- | --- |
| दिवा खाजाको व्यवस्था भएका विद्यालय | १४ |
| दिवा खाजाबाट लाभान्वित जम्मा विद्यार्थी सङ्ख्या | ४१०५ |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

**ण) विद्यालय भवन र कक्षाकोठा**

१४ ओटा सामुदायिकमा जम्मा ५६ ओटा भवन रहेका छन । जस मध्ये ढलान गरेका भवनको सङ्ख्या ३६ ओटा र टिनको छानो भएका भवन १९ ओटा रहेका छन् । यस नगरपालिकामा रहेका विद्यार्थीहरूको लागि २१२ ओटा कक्षाकोठाहरू र २१०१ डेक्स बेन्चहरू छन् । नगरपालिकामा रहेका विद्यालय भवन र कक्षाकोठाको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं.१८. : विद्यालय भवन र कक्षाकोठा विवरण**

| विवरण | सङ्ख्या |
| --- | --- |
| विद्यालय भवन | ५५ |
| ढलान गरेका भवन | ३६ |
| टिनको छानो भएका भवन | १९ |
| चलेका कक्षाकोठा | २१२ |
| मर्मत गर्नु पर्ने कक्षाकोठा | ६७ |
| थप गर्नु पर्ने कक्षाकोठा | ३० |
| डेक्स बेन्च | २१०१ |

**स्रोत : क्षेत्रगत अध्ययन २०८१**

## १.२. शिक्षाक्षेत्रका समस्या तथा चुनौतीहरू

यस नगरपालिकाको समग्र शैक्षिक प्रणालीमा रहेका प्रमुख समस्याहरूका आधारमा प्रमुख चुनौतिहरू यस प्रकार छन् :

- ❖ बालविकास केन्द्र र कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्ड अनुसार सञ्चालन गर्नु,
- ❖ निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्नु,
- ❖ विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्नु,
- ❖ कक्षा दोहोऱ्याने र छाड्ने दर शुन्यमा झारी अपेक्षित सिकाइ सक्षमता हाँसिल गर्नु,
- ❖ विद्यालयमा भौतिक पूर्वाधारसहितको आकर्षण थलोको रुपमा विकास गर्नु,
- ❖ विद्यार्थी सङ्ख्याको अनुपातमा नियमितरुपमा शिक्षक दरबन्दी मिलान तथा कार्यान्वयन गर्नु,
- ❖ बालमैत्री तथा अपाङ्गतामैत्री सिकाइको वातावरण तयार गर्न पर्याप्त आर्थिक स्रोतको व्यवस्थापन गर्नु,
- ❖ समन्यायिकता, गुणस्तरको सूनिश्चितता सहित सार्वजानिक शिक्षाप्रतिको आकर्षण अभिवृद्धि गर्नु,
- ❖ समय सापेक्ष आवश्यक भौतिक पूर्वाधार सहित गुणस्तरीय शिक्षा दिने वातावरणको निर्माण गर्नु,
- ❖ शिक्षण सिकाइ पद्धतिलाई व्यवहारिक, बालमैत्री, व्यावसायिक र प्रविधिमा आधारित बनाउनु,
- ❖ विद्यालयमा सूचना र प्रविधिको पहुँच समान तवरवाट पुऱ्याउनु,
- ❖ व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि विद्यार्थीको आपकर्षणको केन्द्र बनाउनु,
- ❖ पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु,

- ❖ विद्यालय शिक्षामा दिगो र पर्याप्त लगानीको सुनिश्चित गर्नु,
- ❖ अनौपचारिक र निरन्तर शिक्षा तथा जीवन पर्यन्त सिकाइका अवसरहरू सुनिश्चित गर्नु,
- ❖ विपत् व्यवस्थापन, जलवायु परिवर्तन र महामारी जन्य अवस्थामा वैकल्पिक शिक्षण सहजीकरण गर्नु,
- ❖ विद्यालय शिक्षामा सुशासन कायम गर्नु ।

### १.३. अवसरहरू

यस नगरपालिकाको समग्र शैक्षिक उपलब्धि, नगर शिक्षा क्षेत्रमा रहेका प्रमुख समस्याहरू तथा चुनौतीहरूका बाबजुद तपसिलका अवसरमार्फत नगर शिक्षालाई सबल र समुन्नत बनाउन सकिन्छ :

- ❖ सबै विद्यालयमा गुणस्तरीय कक्षा व्यवस्थानकासाथ बालमैत्री प्ररम्भिक बालविकास शिक्षाका कक्षाहरू सञ्चालनमा रहनु,
- ❖ सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारको लागि सकरात्मक जनमत रहनु,
- ❖ शिक्षामा स्थानीय लगानी वृद्धि भई शैक्षिक गुणस्तर सुधार हुँदै जानु,
- ❖ सामुदायिक विद्यालयमा खुद भर्ना दर र लैङ्गिक समता सूचकमा प्रगति देखिनु,
- ❖ शिक्षामा समावेशिता बढ्दै जानु,
- ❖ तीनै तहका सरकारका नीति तथा कार्यक्रमहरू विद्यालय शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न प्रतिबद्ध हुनु,
- ❖ विभिन्न शैक्षिक संघसंस्थासँगको समन्वय र सहकार्य प्रभावकारी हुनु,
- ❖ स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकारहरू स्थानीय तहमा प्रदान गर्नु,
- ❖ सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु,
- ❖ वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु,

- ❖ शिक्षक सेवा आयोगबाट सक्षम, योग्य शिक्षकहरू सिफारिस हुँदै जानु,
- ❖ अभिभावक शिक्षा मार्फत सक्षम र जिम्मेवार अभिभावकको क्षमता विकास हुनु,
- ❖ सारक्षता दर, भर्नादर तथा टिकाउदरमा वृद्धि हुनु,
- ❖ विद्यालयहरूको संस्थागत संरचनाहरू सन्तोषजनक बृद्धि हुँदै जानु,
- ❖ आधारभूत तह (कक्षा ८) को परीक्षा सञ्चालन, व्यवस्थापन, प्रमाणिकरण र मूल्याङ्कन हुनु,
- ❖ शिक्षकलाई पेशागत क्षमता विकासको लागि तालिमको व्यवस्था हुनु,
- ❖ सरोकारवालाको सार्वजानिक विद्यालयप्रति चासो र जनअपेक्षा बढ्दै जानु,
- ❖ विद्यालय शिक्षाको पहुँच, समता विकास र गुणस्तर वृद्धिका लागि वितरण भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वाधारका रूपमा रहनु,
- ❖ वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनु,
- ❖ आधारभूत तहमा स्थानीय विषय **'हाम्रो महालक्ष्मी'** पठनपाठन हुनु ।

# परिच्छेद - २

## २. लक्ष्य निर्धारण

महालक्ष्मी नगरपालिकाको शैक्षिक परिवेशको समीक्षा सहित उठान गरिएका विद्यमान समस्या, मुख्य चुनौती तथा अवसरहरूले यस नगरपालिकाको विद्यालय शिक्षाको आगामी ५ वर्षको मार्ग पहिचान गर्ने आधार बनेको छ । नगर शिक्षा योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा, सर्वसुलभ आधारभूत साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइमा योजनाको अन्त्यसम्म प्राप्त गर्ने उपलब्धिहरूलाई समेटी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, रणनीतिहरू तथा प्रमुख उपलब्धिका सूचकहरू प्रस्तुत गरिएको छ ।

### २.१. दूरदृष्टि

❖ प्रविधिमैत्री, जीवनोपयोगी, रुपान्तरणमुखी र गुणस्तरीय शिक्षा : महालक्ष्मी नगरपालिकाको इच्छा

### २.२. लक्ष्य

❖ सहकार्यमूलक, जीवन्त, नवप्रवर्तनात्मक, उत्प्रेरणात्मक, बालमैत्री तथा प्रविधिमैत्री वातावरणमा जीवन उपयोगी र रोजगारमूलक शिक्षा प्रदान गरी नगरलाई उत्कृष्ठ शैक्षिक हवका रुपमा विकास गर्ने,

### २.३. उद्देश्यहरू

पहुँच, सहभागिता, समावेशी, क्षमता विकास, गुणस्तर, व्यवस्थापन, समता, असल शासन, जीवन पर्यन्त सिकाइमा जोड दिँदै विद्यालय शिक्षालाई अधिकारका रूपमा स्थापित गरी समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु यस योजनाको समग्र उद्देश्य हुनेछ । समग्र उद्देश्यको विस्तृतीकरण गर्न निम्नलिखित उद्देश्यहरू रहनेछन् :

❖ सबै बालबालिकालाई पारिवारिक वातावरणमा प्रारम्भिक बालविकासको अवसर सुनिश्चित गर्नु,

❖ सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक पहुँच र गुणस्तर सुनिश्चित गरी शिक्षालाई जीवनोपयोगी, प्रविधिमैत्री र रोजगारमूलक बनाउनु,

❖ पाठ्यक्रमले तोकेबमोजिम र बालबालिकाका चाहना अनुरुपका सिकाइ सक्षमताहरु हासिल गर्नु,

❖ तहगत, विषयगत र कक्षागत रुपमा शिक्षक दरबन्दी व्यवस्थापन गर्नु,

❖ प्रधानाध्यापकको नेतृत्व क्षमता विकासमा जोड दिनु,

❖ कार्यरत शिक्षक र कर्मचारीलाई निरन्तर पेशागत विकासका अवसरहरु सुनिश्चित गर्नु,

❖ सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र जीवनोपयोगी सिपका अवसर सुनिश्चित गर्नु,

❖ अभिभावक सचेतना र शिक्षामा जोड दिई बालबालिकाहरूको सिकाइमा अभिभावकलाई जिम्मेवार बनाउनु,

❖ विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधार सुनिश्चित गर्नु,

❖ सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षाको पहुँच पुऱ्याउनु,

❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासमा पहुँच अभिवृद्धि गरी गुणस्तरीय बनाउनु,

❖ स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयन गर्नु,

❖ विद्यार्थीहरुमा व्यवहार कुशल सिपहरुको विकास गर्नु,

❖ शिक्षालाई प्रकृति र सँस्कृतिसँग जोडी सिकाइलाई अर्थपूर्ण बनाउनु ।

## २.४ रणनीति तथा कार्यनीति

नगर शिक्षा योजना (२०८१/८२-२०८६/८७) कार्यान्वयन गरी योजनाले तय गरेको दूरदृष्टि तथा उद्देश्यहरूलाई सम्बोधन गर्नका लागि निम्नलिखित रणनीति तथा कार्यनीतिहरू तय गरिएको छ ।

| रणनीति | कार्यनीति |
| --- | --- |
| १.प्रारम्भिक बालविकास कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अङ्ग बनाइ उमेर पुगेका सबै बालबालिकाका लागि अनिवार्य गर्ने , | १. सबै प्रारम्भिक बालविकास केन्द्रहरूको न्यूनतम् पूर्वाधारहरू विकास गरिनेछ ।<br>२. सबै प्रारम्भिक बालविकास केन्द्रहरूको शैक्षिक वातावरणमा सुधार गरिनेछ ।<br>३. प्रारम्भिक बालविकास केन्द्रमा निर्धारित मापदण्डअनुरुप सरसफाइ, बसाइ व्यवस्था मिलाइ खेल सामग्री, सिकाइ सामग्री, मनोरञ्जन सामग्री, अडियो-भिडियो सामग्रीसहित आकर्षक, मनोरञ्जक र बालमैत्री कक्षाकोठा व्यवस्थापन गरिनेछ ।<br>४. विद्यार्थी सङ्ख्या र नक्साङ्कनका आधारमा आवश्यक बालविकास कक्षा थप गरिनेछ ।<br>५. प्रारम्भिक बालविकास केन्द्रका शिक्षकहरूको क्षमता विकास गर्नुका साथै उनीहरूले पाउने सेवा सुविधालाई समसामयिक बनाइनेछ ।<br>६. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गीण विकासका लागि घरपरिवार, शिक्षक, समुदायलाई जिम्मेवार बनाइनेछ ।<br>७. प्रारम्भिक बालविकास उमेरका बालबालिकाको नियमित स्वास्थ्य परीक्षणको व्यवस्था गरिनेछ ।<br>८. प्रारम्भिक बालविकासका शिक्षकहरूलाई बालमनोविज्ञान, बालमैत्री शिक्षण विधि र नवीन प्रविधि सम्बन्धी नियमित तालिम प्रदान गरिनेछ । |

| | |
|---|---|
| | ९. विद्यार्थीहरूको सङ्ख्या बमोजिम प्रति २५ जना विद्यार्थी बराबर न्यूनतम् १ बालविकास शिक्षक नियुक्त गरिनेछ ।<br>१०. प्रारम्भिक बालविकासका अभिभावकहरूका लागि अभिभावक सचेतनामा जोड दिइनेछ ।<br>११. विद्यालयबाट टाढा बस्ने विद्यार्थीहरूका लागि यातायात सुविधाको व्यवस्था गरिनेछ ।<br>१२. सङ्घीय तथा प्रदेश सरकारसँग समन्वय गरी बजेट तथा स्रोत साधन जुटाइनेछ । |
| २.अनिवार्य, निःशुल्क र गुणस्तरीय आधारभूत शिक्षामा सबैको पहुँच हुने, | १.सिमान्तकृत, पिछडिएका समुदाय, कामदार र सडक बालबालिकालाई  विद्यालय प्रवेशमा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.विद्यालयमा विद्यार्थी टिकाइ राख्न, कक्षा छाड्ने समस्या समाधान गर्न  र विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नको लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोशाक, शैक्षिक सामग्री वितरण , अभिभावक शिक्षा आदि जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>३.शिक्षण सिकाइलाई बालमैत्री र प्रविधिमैत्री बनाइ अझ प्रभावकारी बनाउन शिक्षकहरूलाई तालिम, तयारी र प्रोत्साहनका कार्यक्रम प्रदान गरिनेछ ।<br>४.विद्यालयबाहिर रहेका सबै बालबालिकालाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी नगरपालिकाले आफ्नो सेवाक्षेत्रभित्र |

| | |
|---|---|
| | कुनैपनि बालबालिका विद्यालयबाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।<br><br>५.सबैका लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिकरुपमा पछाडि परेका बालबालिकालाई विशेष सिकाइ सामग्री र उचित शैक्षिक अवसरको सिर्जना गरिनेछ ।<br><br>६.शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरूको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन र शिक्षकको पेशागत क्षमता विकास जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br><br>७.विद्यालयहरूलाई सिक्ने र सिकाउने थलोको रुपमा विकास गर्न विभिन्न गैह्र सरकारी सङ्घसंस्थासँग समन्वय गरी थप सुविधाहरू उपलव्ध गराइनेछ ।<br><br>८.उच्च शैक्षिक गुणस्तर कायम गर्ने विद्यालय, शिक्षक र विद्यार्थीलाई पुरस्कृत गरिनेछ ।<br><br>९.नगरमा उच्च नैतिक आचरण सहितको गुणस्तरीय शिक्षा प्रदान गर्न सरोकारवालाहरूसँग बहस चलाइनेछ ।<br><br>१०.पाठ्यक्रमका आधारमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि आवश्यक वातावरण निर्माण गरिनेछ ।<br><br>११.आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयनका लागि शिक्षक, प्रधानाध्यापक र विद्यालय |

| | |
|---|---|
| | व्यवस्थापन समितिका पदाधिकारीको क्षमता विकास गरिनेछ ।<br>१२.विषयगत थप शिक्षक व्यवस्थापनकालागि प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी शिक्षक सुनिश्चित गर्न स्वइ.सेवक शिक्षक परिचालन वा एकमुष्ठ अनुदान दिइनेछ ।<br>१३.सङ्घीय र प्रदेश सरकारसँग लागत साझेदारी, सहलगानी कार्यक्रममार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ । |
| ३. निःशुल्क माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्ने , | १.आर्थिकरूपमा कमजोर परिवारका बालबालिकालाई छात्रवृत्ति र अन्य आर्थिक सहायता प्रदान गरी उनीहरूको विद्यालयमा निरन्तरता सुनिश्चित गरिनेछ ।<br>२.डिजिटल शिक्षण सामग्रीहरू विकास गरेर विद्यालयहरूमा प्रविधिको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।<br>३.भर्ना अभियान तथा घरदैलो कार्यक्रम मार्फत अभिभावक सचेतना गरिनेछ ।<br>४.विद्यालय व्यवस्थापन समितिमा अभिभावकहरूको सक्रिय सहभागिता सुनिश्चित् गरिनेछ ।<br>५.विद्यालयहरूमा स्वच्छ शौचालय, पिउने पानी र खेलकुद सुविधाहरूको व्यवस्था गरिनेछ ।<br>६.विषयगत थप शिक्षक व्यवस्थापनका लागि प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी शिक्षक सुनिश्चित गरिनेछ । |

| | |
|---|---|
| | ७.सङ्घीय र प्रदेश सरकारसँग लागत साझेदारी, सहलगानी कार्यक्रम मार्फत आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयहरूको भौतिक पूर्वाधार विकास गरिनेछ ।<br><br>८.सङ्घीय र प्रदेश सरकारसँग समन्वय गरी विशेष अनुदान मार्फत शिक्षामा पहुच तथा खाद्यसुरक्षा कार्यक्रम लागु गरिनेछ । |
| ४. सबै विद्यालयमा शिक्षाको समान गुणस्तर कायम गर्ने , | १.विद्यालयहरूमा सिकाइका लागि पुस्तकालय र उचित प्रयोगशालाको व्यवस्था गरी पढ्नका लागि सिक्ने र सिक्नका लागि पढ्ने व्यवस्थालाई प्रोत्साहित गरिनेछ ।<br><br>२.शिक्षक र विद्यार्थी अनुपात कम भएका विद्यालयमा बहुकक्षा शिक्षण व्यवस्था र कक्षा शिक्षण व्यवस्था गर्न उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, प्रयोगात्मक सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापनको प्रबन्ध मिलाइनेछ ।<br><br>३.माग र आवश्यकताका आधारमा शिक्षकको पेसागत विकास, क्षमता अभिबृद्धि र सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।<br><br>४.अभिभावकसँग विद्यालयको सम्बन्ध विस्तार गर्न नियमित रुपमा अभिभावक भेला बोलाइनेछ ।<br><br>५.विद्यालयको सुधार र बालबालिकाहरूको सिकाइ सुधारमा अभिभावकलाई अझ जिम्मेवार बनाउन अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br><br>६.कक्षागत, तहगत र विद्यालयगत अभिभावक भेलालाई नियमित र प्रभावकारी बनाइनेछ । |

| | |
|---|---|
| | ७.शिक्षक तथा प्रधानाध्यापकको वृत्तिविकासलाई विद्यार्थीको सिकाइ सुधारसँग अन्तरसम्बन्ध कायम गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गरिनेछ ।<br>८.सबै प्रधानाध्यापकको नेतृत्व क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गर्दै कार्यसम्पादन राम्रो भएका प्रधानाध्यापकलाई प्रोत्साहन गरिनेछ ।<br>९.नगरमा उच्च नैतिक आचरणसहितको गुणस्तरीय शिक्षा प्रदान गर्न सरोकारवालाहरूसँग बहस चलाइनेछ ।<br>१०.शिक्षकहरूको विषयगत समिति निर्माण गरी शिक्षण अनुभव आदानप्रदान गर्ने वातावरण निर्माण गरिनेछ ।<br>११.विद्यालयहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन, सामग्री व्यवस्थापन, शिक्षक निर्देशिका, पाठ्यक्रम तथा डिजिटल शैक्षिक सामग्रीको प्रयोग गर्न प्रोत्साहन गरिनेछ ।<br>१२.सिकाइ उपलब्धि उच्च भएका विद्यालयलाई नगरबाट प्रदान गरिने अनुदानसँग आबद्धता गरिनेछ ।<br>१३.निःशुल्क पाठयपुस्तक वितरण, विद्यालय अनुदान, छात्रवृत्ति कार्यक्रमलाई समेत गुणस्तर अभिवृद्धि गर्न सहयोग गर्ने कार्यक्रमको रुपमा उपयोग गरिनेछ ।<br>१४.प्रत्येक विद्यालयहरूलाई प्रदान गरिएको कार्यक्रमको कार्यान्वयका सन्दर्भमा अनुगमनको सूचक निर्माण गरी नियमित अनुगमन र पृष्ठपोषण प्रदान गरिनेछ ।<br>१५.विषय विज्ञसहितको टोलीले कक्षा अवलोकन गरी पृष्ठपोषण प्रदान गरिनेछ । |

| | |
|---|---|
| | १६.न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिकरुपमा सिकाइको मूल्याङ्कन गरिनेछ ।<br>१७.सिकाइ उपलब्धि उच्च भएका विद्यालय, शिक्षक र विद्यार्थीहरूलाई सम्मान र पुरस्कृत गरिनेछ । |
| ५. पूर्वाधार तथा प्रविधिको विकास मार्फत सबै तहको शिक्षामा गुणस्तर सुनिश्चित गर्ने , | १.सबै विद्यालयहरूमा भौतिक पूर्वाधार विकास र पुनर्संरचना कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>२.शिक्षण सिकाइलाई बालमैत्री र प्रविधिमैत्री बनाइ अझ प्रभावकारी बनाउन शिक्षकहरूलाई तालिम, तयारी र प्रोत्साहनका कार्यक्रम प्रदान गरिनेछ ।<br>३.शिक्षण सिकाइ प्रक्रियामा नवीन प्रविधि, नवप्रवर्तन तथा सिकाइ सामग्री व्यवस्थापनलाई प्रवर्धन गरिनेछ ।<br>४.सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना  जनशक्ति तथा उपकरणको प्रबन्ध गरिनेछ ।<br>५.शिक्षण प्रक्रियामा मल्टिमिडिया सामग्रीहरूको प्रयोग गरी विद्यार्थीहरूको ध्यानाकर्षण र सिकाइको प्रभावकारिता बढाइनेछ ।<br>६. अनलाइन शिक्षण प्लेटफर्महरू स्थापना गरी विद्यार्थीहरूलाई अतिरिक्त सिकाइ स्रोतहरू उपलब्ध गराइनेछ ।<br>७. शैक्षिक अनुसन्धानलाई प्रोत्साहन गरी नयाँ शिक्षण विधि र प्रविधिको विकास तथा प्रयोग गरिनेछ ।<br>८.अङ्ग्रेजी, गणित, विज्ञान र प्राविधिक विषयमा डिजिटल पाठ्यसामग्रीहरूको प्रयोगलाई प्रोत्साहित गरिनेछ । |

| | |
|---|---|
| | ९.प्रविधिसँग सुसज्जित स्मार्ट कक्षाकोठाहरू स्थापना गरी शिक्षण प्रक्रियालाई आधुनिक बनाइनेछ ।<br>१०.नियमित रूपमा शिक्षक र विद्यार्थीहरूको प्रविधि साक्षरताको मूल्याङ्कन गरी आवश्यक तालिम र स्रोतहरूको व्यवस्था गरिनेछ ।<br>११.विद्यालयमा डिजिटल पुस्तकालय स्थापना गरी विद्यार्थीहरूलाई विविध अध्ययन सामग्रीहरूमा पहुँच प्रदान गरिनेछ ।<br>१२.विद्यार्थीहरूलाई प्रविधिको सही प्रयोग, डिजिटल एथिक्स, र अनलाइन व्यवहारबारे शिक्षित गराइनेछ ।<br>१३.प्रविधिक साक्षरताका कार्यक्रमहरूमार्फत अभिभावकलाई समेत प्रविधिसँग परिचित गराउनका लागि नगरपालिका, गैरसरकारी संस्था र निजी क्षेत्रबीच सहकार्य गरी डिजिटल साक्षरताका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>१४.विद्यालयका लागि थप भौतिक पूर्वाधारसम्बन्धी आवश्यकताको पहिचान गरी विद्यालयमा न्युनतम भौतिक पूर्वाधारको व्यवस्थापन गरिनेछ ।<br>१५.शिक्षकहरूलाई समयानुकुल प्रविधिमैत्री तथा पूर्नताजगी तालिम सञ्चालित गरिनेछ । |
| ६. युवाका लागि प्राविधिक तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्ने , | १.प्राविधिक तथा व्यावसायिक तालिम परिषद् र अन्य तालिम प्रदायक संस्थाहरूसँग समन्वय गरी कार्यस्थलको सिकाइ सहित रोजगार सुनिश्चित गर्न औद्योगिक प्रशिक्षार्थी कार्यक्रम सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | २. प्राविधिक विषयहरू पढाउने शिक्षकहरूलाई नवीनतम प्रविधि र शिक्षण विधिहरूमा तालिम प्रदान गरी उनीहरूको दक्षता वृद्धि गरिनेछ ।<br>३.स्थानीय उद्योगहरू र शिक्षालयहरूबीच सहकार्य गरी इन्टर्नशिप, अप्रेन्टिसशिप तथा रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br>४.सूचना प्रविधि, डिजिटल मार्केटिङ, ग्राफिक डिजाइन जस्ता आधुनिक प्रविधिमा आधारित तालिमहरू प्रदान गरिनेछ ।<br>५.हाल प्राविधिक तथा व्यावसायिक तालिम परिषद्को सम्बन्धनमा बाहेक थप विद्यालयहरूमा पनि प्राविधिक तथा व्यावसायिक शिक्षाधार सञ्चालनका लागि प्रोत्साहित गरिनेछ ।<br>६.प्राविधिक तथा व्यावसायिक शिक्षाधार सञ्चालन भईरहेको र सञ्चालन हुने विद्यालयमा उपयुक्त प्रयोगशाला सामग्री र कक्षा व्यवस्थापनको लागि सङ्घीय र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br>७.निश्चित मापदण्डका आधारमा गरिब, जेहेन्दार र पिछडिएका वर्गका विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षाधारमा अध्ययनको अवसर जुटाइनेछ ।<br>८.प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गरी रोजगारमूलक बनाइनेछ ।<br>९.प्राविधिक शिक्षामा पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी र जनजाती, दलित, अपाङ्ता भएका नागरिक |

| | |
|---|---|
| | एवम् आर्थिकरुपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गरिनेछ ।<br><br>१०.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद र जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गरिनेछ ।<br><br>११.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गरिनेछ ।<br><br>१२.सञ्चार कौशल, नेतृत्व विकास, उद्यमशीलता जस्ता सीप विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ ।<br><br>१३.प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सम्बन्धित सरोकारवालाहरूसँग समन्वय गरिनेछ । |
| ७. उच्चशिक्षामा पहुँच विस्तार र अवसर सुनिश्चित गर्ने , | १.विद्यार्थीहरूलाई उच्चशिक्षा अध्ययनकालागि शैक्षिक तथा व्यावसायिक परामर्श सेवा प्रदान गरी उचित निर्णय लिन सहायता गरिनेछ ।<br><br>२.नगरपालिकामा सञ्चालित उच्चशिक्षा अध्ययन अध्यापन गराइने शैक्षिक संस्थाहरूको पूर्वाधार विकासको लागि सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरिनेछ ।<br><br>३.उच्चशिक्षा अध्ययनकालागि अल्पसङ्ख्यक, विपन्न, महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति लगायतका समूहहरूलाई लक्षित गरी छात्रवृत्ति तथा आर्थिक सहायता कार्यक्रमहरू सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| | ४.शिक्षणसंस्थासम्म पुग्न यातायातको पहुँचबाट टाढा रहेका विद्यार्थीहरूलाई उच्चशिक्षालयसम्म पुग्न यातायात सुविधा तथा छात्रावास सुविधा प्रदान गरिनेछ ।<br>५.नगरपालिकाका विभिन्न क्षेत्रमा थप उच्चशिक्षा अध्ययनअध्यापन गराइने शिक्षणसंस्था खोल्न प्रोत्साहित गरिनेछ ।<br>६.उच्चशिक्षा हासिल गरेका नगरवासीहरूको अभिलेख राखिनेछ ।<br>७.स्थानीय समुदायका अभिभावक, सङ्घसंस्था तथा व्यक्तिहरूसँग सहकार्य गरी शिक्षा कार्यक्रमहरूको प्रभावकारिता वृद्धि गरिनेछ ।<br>८.नगरवासी उत्कृष्ट स्नातक र स्नातकोत्तर युवा तथा विद्यावारिधि गरेका जनशक्तिलाई सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । त्यस्ता युवाहरूलाई उपयुक्त विषय शिक्षण र अन्य पेसामा संलग्न हुने अवसर जुटाइनेछ ।<br>९.स्वदेशी, विदेशी शिक्षालयहरू तथा संस्थाहरूसँग सहकार्य गरी विद्यार्थी तथा शिक्षक आदानप्रदान कार्यक्रमहरू सञ्चालन गरिनेछ । |
| ८. अनौपचारिक शिक्षा तथा जीवन पर्यन्त सिकाइ सुनिश्चित गरिने, | १.निरक्षरता न्यूनीकरण गर्न निरक्षर प्रौढहरूका लागि आधारभूत साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२.पठन संस्कृतिको विकास तथा जीवनपर्यन्त शिक्षाको लागि सङ्घ र प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गरी सामुदायिक सिकाइ केन्द्र मार्फत सेवा सञ्चालन गरिनेछ । |

| | |
|---|---|
| ९. शैक्षिक सुशासन, पारदर्शीता र सेवा प्रवाहमा सुधार ल्याउने, | १.कानून बमोजिम विद्यालयहरूको आर्थिक कार्यप्रणाली व्यवस्थित गरिनेछ ।<br>२.नियमानुसार लेखापरीक्षण एवम् सामाजिक परीक्षणलाई अनिवार्य गरिनेछ ।<br>३.वार्षिक कार्यक्रम र बजेट तर्जुमा, आम्दानी र खर्च सार्वजनिक गर्ने कार्यलाई अनुदान निकासासँग आबद्ध गरिनेछ ।<br>४.विद्यालयको वृहत् विकासको लागि विद्यालय सुधार योजना निर्माणको कार्यलाई आवश्यकता, स्रोत साधन र समुदाय सम्बन्धसँग आबद्ध गरी कार्यान्वयन योग्य तुल्याइनेछ ।<br>५.सङ्घ र प्रदेश सरकारसँग सहकार्य गरी विद्यालय सञ्चालन एवम् व्यवस्थापनको लागि लागत साझेदारी गरिनेछ ।<br>६.आवश्यकता र कार्यसम्पादन सूचकका आधारमा प्राथमिकीकरण गरी कार्यसम्पादनमा आधारित अनुदान, शैक्षिक सुदृढीकरण अनुदान, विज्ञान प्रयोगशाला अनुदान, शिक्षामा सूचना तथा सञ्चार प्रविधि अनुदान, पुस्तकालय अनुदान लगायतका अनुदान उपलब्ध गराइनेछ ।<br>७.विद्यालयका प्र.अ., वि.व्य.स. र शि.अ.सं. पदाधिकारीहरूका लागि व्यवस्थापकीय क्षमता विकास तालिम सञ्चालन गरिनेछ । |
| १०. शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने , | १.एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणााली (IEMIS) व्यवस्थित र सुदृढ गरिनेछ । यसको लागि प्रत्येक वर्ष तालिम दिइनेछ । विद्यालय IEMIS लाई अनुदान निकासासँग आबद्ध गरिनेछ । |

| | |
|---|---|
| | २.सूचना तथा सञ्चार प्रविधिमा आधारित विद्यालयको अभिलेख राख्न र सेवा प्रवाह गर्न प्रत्येक वर्ष प्रत्येक विद्यालयको प्र.अ., शिक्षक र कर्मचारी मध्ये १ जनालाई कम्प्युटर सीप सम्बन्धी तालिम दिइनेछ ।<br>३.योजनाको पहिलो वर्ष सामुदायिक माध्यमिक विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला व्यवस्थित गरिनेछ । योजनाको अन्त्य सम्ममा कक्षा ७/८ सञ्चालित सबै आधारभूत विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।<br>४.सबै माध्यमिक विद्यालयहरूमा व्यवस्थापन प्रणाली र लेखा प्रणाली सम्बन्धी सफ्टवेयर स्थापना गरी सञ्चालन गरिनेछ र क्रमशः आधारभूत विद्यालयहरूमा विस्तार गरिनेछ । यसबाट विद्यालय सम्बन्धी सम्पूर्ण अभिलेख, सूचना सम्प्रेषण, प्रगति विवरण र लेखा प्रणाली सुदृढ हुनेछ । |
| ११. विपत् जोखिम न्यूनीकरण र विद्यालय सुरक्षाको उपाय अपनाइने | १.विपत् जोखिम न्यूनीकरणका सम्बन्धमा शिक्षक, विद्यार्थी र अन्य सरोकारवालाहरूको भूमिकाको अभिवृद्धि गरिनेछ । विद्यालयको व्यवस्थापकीय क्षमता विकास तालिमको विषयवस्तुमा विपत् व्यवस्थापन सम्बन्धी सामग्री समेटिनेछ ।<br>२.सुरक्षित विद्यालय तथा उत्थानशीलताको सुनिश्चितताका लागि एकमुष्ट अनुदान पद्धति लागु गरिनुका साथै समुदायको संलग्नतालाई परिभाषित र अनुगमन गरिनेछ ।<br>३.विद्यालय भौतिक पूर्वाधार निर्माणको कार्य गर्दा स्वीकृत डिजाइन, भवन निर्माण संहिता र सामाजिक वातावरणीय |

| | |
|---|---|
| | कार्यढाँचाको अनुसरण भए नभएको अनुगमन निरीक्षण गरी वातावरणमैत्री भएको सुनिश्चित गरिनेछ । |

## २.५ अपेक्षित मुख्य उपलब्धि

नगर शिक्षा योजना कार्यान्वयनको अन्त्य सम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

- ❖ सबै बालबालिकालाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित हुनेछ ।
- ❖ सबै विद्यालयमा बालमैत्री वातावरण स्थापना हुनेछ ।
- ❖ सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित हुनेछ ।
- ❖ प्रारम्भिक बालविकास केन्द्र र पूर्व प्राथमिक विद्यालयको अनुभव लिई कक्षा १ मा भर्ना हुने बालबालिकाको प्रतिशतमा वृद्धि हुनेछ ।
- ❖ आधारभूत तह र माध्यमिक तहमा खुद भर्ना दर वृद्धि भएको हुनेछ ।
- ❖ सामुदायिक विद्यालयतर्फ हाल आधारभूत तह र माध्यमिक तहमा रहेको शिक्षक विद्यार्थी अनुपातका आधारमा  कक्षागत र विषयगत दरबन्दी मिलान गरिनेछ ।
- ❖ योजना अवधिमा आधारभूत तह तथा माध्यमिक तहमा कार्यरत शिक्षकलाई पेशागत विकास तालिमको अवसर उपलव्ध भएको हुनेछ ।
- ❖ माध्यमिक तहमा दलित, जेहेन्दार तथा आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरुलाई छात्रवृत्ति, प्रोत्साहन तथा सहयोग प्रदान गरी शिक्षामा पहुँच सुनिश्चितता भएको हुनेछ ।
- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सुनिश्चित भई गुणस्तर अभिबृद्धि भएको हुनेछ ।
- ❖ माध्यमिक शिक्षामा सबैको पहुँच भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षामा बालबालिकाको विषयगत पहुँच हुनेछ ।

- ❖ नगर क्षेत्रमा बसोबास गर्ने सबै युवा तथा प्रौढहरू साक्षरता, निरन्तर शिक्षा र जीवन पर्यन्त सिकाइमा सहभागी भई अवसर प्राप्त गरेका हुनेछन् ।
- ❖ अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट उपयुक्त शैक्षिक अवसरहरू प्राप्त हुनेछ ।
- ❖ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाइ प्रभावकारी, गुणस्तरीय तथा सान्दर्भिक हुनेछ ।
- ❖ विद्यालयलाई सिकाइ थलोको रुपमा विकास गर्न पुस्तकालय, विषयगत प्रयोगशाला , ICT प्रयोगशाला, आवश्यक भवन, खेलमैदान र खेलसामग्रीहरू उपलब्ध भएको हुनेछ ।
- ❖ प्राविधिक धारमा अध्ययन गर्ने विद्यार्थीको सङ्ख्यामा वृद्धि हुनेछ ।
- ❖ बालबालिकाको सिकाइप्रति विद्यालयहरूमा उत्तरदायी तथा पारदर्शीता प्रणाली विकास हुनेछ ।
- ❖ आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको शिक्षाका लागि वैकल्पिक माध्यमबाट शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित भएको हुनेछ ।
- ❖ सामुदायिक अध्ययन केन्द्रमार्फत स्वास्थ्य, पोषण, आरोग्य, जीवनकला, प्रजनन स्वास्थ्य तथा जनचेतनामूलक कार्यहरू, अभिभावक शिक्षा तथा शैक्षिक जागरणका कार्यहरू सञ्चालन भएका हुनेछन् ।
- ❖ निरन्तर शिक्षाका निम्ति अनौपचारिक शिक्षाका कार्यक्रम मार्फत निरन्तर शिक्षा दिई शिक्षामा पहुँच बढाइनेछ ।

## २.६. मुख्य कार्यसम्पादन सूचक तथा लक्ष्य निर्धारण

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १. | **प्रारम्भिक बालविकास र शिक्षा** | | | | | | | IEMIS |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर * (%) | स्थानीय | १५१.२ | १४०.० | १२५.० | ११०.० | | |
| | | प्रदेश | १०९.९ | | | | | |
| | | राष्ट्रिय | ८६.२ | ८९.५ | ९४.० | ९९.० | | |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका * (%) | स्थानीय | ८६.१ | ९१.६ | ९५.५ | ९७.० | | |
| | | प्रदेश | ७२.३ | | | | | |
| | | राष्ट्रिय | ६८.६ | ७३.० | ८५.० | ९५.० | | |
| २. | आधारभूत शिक्षा ( कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९५.९ | ९६.५ | ९८.० | ९९.० | | |
| | | प्रदेश | ९५.१ | | | | | |
| | | राष्ट्रिय | ९६.९ | ९७.५ | ९९.० | १०० | | |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १२१.१ | ११४.२ | १०६.३ | १०४.३ | | |
| | | प्रदेश | १२२.८ | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५.० | १०७.० | १०५.० | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५ ) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.४ | ९७.० | ९९.० | ९९.५ | | |
| | | प्रदेश | ९६.१ | | | | | |
| | | राष्ट्रिय | ९७.१ | ९९.० | ९९.५ | १०० | | |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा (१-५) मा कूल भर्ना दर* (%) | स्थानीय | १३१.७ | १२७.१ | १२२.६ | ११८.९ | | |
| | | प्रदेश | १३०.६ | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५.० | १११.० | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ को खुद प्रवेश दर* (%) | स्थानीय | ९२.३ | ९२.५ | ९७.० | ९८.० | | |
| | | प्रदेश | ९८.३ | | | | | |
| | | राष्ट्रिय | ८९.४ | | | | | |
| २.६ | आधारभूत तह कक्षा ५ को कुल प्रवेश दर* (%) | स्थानीय | ९१.४ | ९४.२ | ९७.० | ९८.० | | |
| | | प्रदेश | ८८.७ | | | | | |
| | | राष्ट्रिय | ८७.५ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.७ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ९६.९ | ९७.२ | ९७.५ | ९८.० | | |
| | | प्रदेश | ९७.५ | | | | | |
| | | राष्ट्रिय | ९३.० | | | | | |
| २.८ | आधारभूत तह | स्थानीय | ८९.५ | ९३.५ | ९५.७ | ९७.९ | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | (प्राथमिक कक्षा ५) पूरा गर्ने दर * | प्रदेश | ८७.० | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.९ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका* (%) | स्थानीय | ६.७७ | ५.२ | ४.५ | ४ | | |
| | | प्रदेश | ७.०६ | | | | | |
| | | राष्ट्रिय | २२.२ | २०.० | १५.० | १०.० | | |
| २.१० | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क* | स्थानीय | ०.८५ | ०.८९ | ०.९२ | ०.९५ | | |
| | | प्रदेश | ०.८७ | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.११ | आधारभूत तह (१-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.६ | ९६.५ | ९७.५ | ९८.२ | | |
| | | प्रदेश | ९५.९ | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९.० | | १०० | | |
| २.१२ | आधारभूत तह (१-८) मा कुल भर्ना दर* (%) | स्थानीय | १३२.५ | १२५.३ | १२०.५ | ११५.० | | |
| | | प्रदेश | १२८.३ | | | | | |
| | | राष्ट्रिय | ११०.४ | | | | | |
| २.१३ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८६.९ | ८९.६ | ९२.५ | ९६.० | | |
| | | प्रदेश | ८६.२ | | | | | |
| | | राष्ट्रिय | ७९.३ | | | ९५.० | | |
| २.१४ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर* (%) | स्थानीय | ९०.७ | ९२.३ | ९४.१ | ९५.५ | | |
| | | प्रदेश | ८९.८ | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५.० | | |
| २.१५ | आधारभूत तहको कक्षा ( १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.८३ | ०.८५ | ०.८७ | ०.९० | | |
| | | प्रदेश | ०.८९ | | | | | |
| | | राष्ट्रिय | १.०१ | १.०१ | | | | |
| २.१६ | कक्षा ३ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ३ को आधारभूत वा तह २ हासिल भएका) — नेपाली भाषा | स्थानीय | ७५% | ७७% | ७८.५ % | ८०% | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक मंसिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिमपछि राखिने | | | | | |
| | गणित | स्थानीय | ५७% | ६०% | ६५% | ६८.२ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | कार्तिक मंसिरमा नयाँ नतिजा आउने भएकाले सोही बमोजिमपछि राखिने | | | | | |

| क्र.सं. | सूचक | | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | बालबालिकाको सङ्ख्या(%) | | | | | | | | |
| २.१७ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६५% | ६७% | ६८.५% | ७०% | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५.० | ५२.० | ६०.० | ७०.० | | |
| | | गणित | स्थानीय | ४७ | ५२ | ५७ | ६२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४०.० | ६०.० | ७०.० | | |
| | | अङ्ग्रेजी | स्थानीय | ५७ | ६२ | ६७ | ७२ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१८ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धी हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ६६.५ | ७० | ७३ | ७७.० | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ५५.६ | ६५ | ७० | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६०.० | ६५.० | ७०.० | | |
| | | विज्ञान | स्थानीय | ६४.९ | ६९ | ७२ | ७५ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५०.० | ६०.० | ७०.० | | |
| २.१९ | विद्यालयबाहिर रहेका बालबालिका*(%) | आधारभूत (कक्षा१-५) | स्थानीय | ३.१ | १.१ | ०.६ | ०.१ | | |
| | | | प्रदेश | २.१ | | | | | |
| | | | राष्ट्रिय | २.९ | १.० | ०.५ | ०.० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ५.७ | ३ | १.५ | ०.९ | | |
| | | | प्रदेश | ४.७ | | | | | |
| | | | राष्ट्रिय | ६.६ | | | १.० | | |
| २.२० | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कूल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या*(%) | | स्थानीय | ६५.९२ | | | | | |
| | | | प्रदेश | ४७.६८ | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५.० | ५०.० | ५०.० | | |
| **३.** | **माध्यमिक शिक्षा (कक्षा ९-१२)** | | | | | | | | |
| ३.१ | माध्यमिक तह | | स्थानीय | ५८.४ | ६३.५ | ७०.५ | ७९.७५ | | |

| क्र.सं. | सूचक | सूचकको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | प्रदेश | | ६१.२ | | | | | |
| | | राष्ट्रिय | | ४७.६ | | ६५.० | | | |
| ३.२ | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | | ७७.३ | ८८ | ९३ | ९९.८ | | |
| | | प्रदेश | | १००.२ | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | | ९९.० | | |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | ०.८९ | ०.८७ | ०.८७ | ०.८७ | | |
| | | प्रदेश | | ०.९३ | | | | | |
| | | राष्ट्रिय | | १.०२ | १.०० | १.०० | १.०० | | |
| ३.४ | आधारभूत तहबाट माध्यमिक तहमा ट्रान्जिसन दर* (%) | स्थानीय | | ९४.५ | ९५.५ | ९६.० | ९७.० | | |
| | | प्रदेश | | ९३.९ | | | | | |
| | | राष्ट्रिय | | ९३.४ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | २९.०३ | ३३.०३ | ४३.० | ५०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.६ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | ४.० | १०.० | १५.० | २०.० | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २४.० | | | | | |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | ३१.१४ | | | | | |
| | | प्रदेश | | ३४.७० | | | | | |
| | | राष्ट्रिय | | २०.६ | २२.० | २७.० | ३३.० | | |
| ३.८ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या*(%) | स्थानीय | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | १.४६ | २.० | ५.० | १०.० | | |
| | | प्रदेश | विज्ञान | | | | | | |
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | १५.० | | | | |
| | | | प्रा.व्या. | १०.० | १७.० | ३०.० | | | |
| ३.९ | कक्षा १० का विद्यार्थी सिकाइ उपलब्धि* (अङ्कमा) | नेपाली भाषा | स्थानीय | २.७२ (GPA) | २.८१ | २.९ | ३.३ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय | २.३८ (GPA) | २.५ | २.९ | २.९ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | विज्ञान | स्थानीय | २.६२ (GPA) | २.८५ | २.९५ | ३.१ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| | | अङ्ग्रेजी | स्थानीय | २.९२ (GPA) | ३.० | ३.२ | ३.४ | | |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| **४.** | **जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | | | | | |
| ४.१ | साक्षरता दर (५ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९८.६ | ९८.८ | ९९.२ | ९९.६ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९४.१ | | ९५.० | | | |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ९८.६ | ९८.८ | ९९.२ | ९९.६ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२.० | ८९.० | ९५.० | १०० | | |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९४.४ | | | | | |
| | | प्रदेश | | ९३.० | | | | | |
| | | राष्ट्रिय | | ९२.० | | ९९.० | | | |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (५ वर्ष भन्दा माथि) | स्थानीय | | ०.८६ | | | | | |
| | | प्रदेश | | ०.९७ | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| **५.** | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सीप विकास तथा तालिम प्राप्त आर्थिकरुपले सक्रिय जनशक्ति*(%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१.० | ४०.० | ५०.० | ७५.० | | |
| ५.२ | | स्थानीय | छात्र | | | | | | |

| क्र.सं. | सूचक | सूचकको तह | | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| | प्राविधिक तथा व्यावसायिक शिक्षा (कक्षा ९-१२ वा डिप्लोमा वा प्रि-डिप्लोमा वा सो सरह) उत्तीर्णजनशक्ति* (वार्षिक सङ्ख्या ) | | छात्रा | | | | | | |
| | | प्रदेश | छात्र | | | | | | |
| | | | छात्रा | | | | | | |
| | | राष्ट्रिय | छात्र | | | | | | |
| | | | छात्रा | | | | | | |
| **६.** | **सुशासन तथा व्यवस्थापन** | | | | | | | | |
| ६.१ | आधारभूत तह - (कक्षा १-५) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २७:१ | | | | | |
| | | प्रदेश | | १५:१ | | | | | |
| | | राष्ट्रिय | | २४:१ | | ३०:१ | ३०:१ | | |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३६:१ | | | | | |
| | | प्रदेश | | ३२:१ | | | | | |
| | | राष्ट्रिय | | ३०:१ | | ३०:१ | ३०:१ | | |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | ३५:१ | ३३:१ | ३१:१ | ३०:१ | | |
| | | प्रदेश | | १९:२९ | | | | | |
| | | राष्ट्रिय | | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| ६.४ | माध्यमिक तह (कक्षा९-१०) मा विद्यार्थी : शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | | २७:१ | २८:१ | २९:१ | ३०:१ | | |
| | | प्रदेश | | २३:१ | | | | | |
| | | राष्ट्रिय | | ४०:१ | | ३०:१ | ३०:१ | | |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी : शिक्षक अनुपात | स्थानीय | | ३४:१ | ३३:१ | ३१:१ | ३०:१ | | |
| | | प्रदेश | | ३३:१ | | | | | |
| | | राष्ट्रिय | | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | |
| **७.** | **शिक्षामा लगानी** | | | | | | | | |
| ७.१ | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट* (%) | स्थानीय | | १४.१० | १५.५१ | १७.१ | १८.७६ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | १०.६८ | १५.० | १७.० | २०.० | | |

| क्र.सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८१ | २०८३ | २०८५ | २०८७ | सूचकको स्रोत | कार्य सम्पादन सम्बन्धी सूचनाको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| ७.२ | आधारभूत तह (कक्षा १-८) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ३३.२५ | ३४.५ | ३५.५ | ३६.५ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १८ | २१ | २४ | | | |
| ७.३ | माध्यमिक तह (कक्षा ९-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रू. हजारमा) | स्थानीय | ४२.१७ | ४३.१७ | ४४.१७ | ४५.१७ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११ | १५ | १७ | | | |

# परिच्छेद ३
# विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरू

यस परिच्छेदमा शिक्षा अन्तर्गतका विभिन्न उपक्षेत्रहरू प्रारम्भिक बालविकास र शिक्षा आधारभूत शिक्षा, माध्यमिक शिक्षा , प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम , अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्थाको समीक्षा र पहिचान गरिएका चुनौतीहरूलाई दृष्टिगत गरेर योजनाका उद्देश्य, चुनौतीहरू, उद्देश्य प्राप्तिका लागि आवश्यक उपक्षेत्रगत रणनीतिहरू र प्रमुख क्रियाकलापहरू तथा सूचकहरू निर्धारण गरिएको छ ।

## ३.१. प्रारम्भिक बालविकास र शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक बालविकास तथा शिक्षा विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्ने तथा आधारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने कार्यक्रम हो । सर्वाङ्गीण विकासअन्तर्गत बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकास पर्छन् । कुनै एक पक्षको विकास कमजोर हुँदा व्यक्तिको व्यक्तित्व विकासमा बाधा पर्न सक्ने भएकाले बालबालिकाका उल्लिखित सबै पक्षको विकासमा ध्यान दिनु आवश्यक छ । त्यसैले प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिनेभन्दा उनीहरूको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ ।

नेपालको संविधान २०७२ को धारा ३९ बालबालिकाको हकको उपधारा ३ अनुसार “प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक हुनेछ” भनी उल्लेख गरिएको छ साथै शिक्षा ऐन २०२८ को आठौं संशोधनले बालविकास शिक्षालाई विद्यालय शिक्षाकै अङ्गको रूपमा मान्यता दिएको छ । प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमले बालबालिकालाई लेखपढ गराउने वा अक्षर तथा अङ्क चिनाउने कार्यमा जोड दिने भन्दा बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्नाका साथै आधारभूत शिक्षाको लागि तयार गराउन सहयोग गर्नुपर्छ ।

प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमहरू विभिन्न समयावधिका सञ्चालन गर्ने प्रचलन भए पनि चार वर्ष उमेर पुगेका बालबालिकाका लागि एक वर्षको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन, २०७५ तथा राष्ट्रिय शिक्षा नीति, २०७६ मा उल्लेख भएको र नेपालको सोह्रौं योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा यस शिक्षा योजनामा पनि एकवर्षे कार्यक्रम समावेश गरिएको छ। प्रारम्भिक बालविकास राष्ट्रिय रणनीति २०७७-२०८८ (राष्ट्रिय योजना आयोग, २०७७) ले जन्मदेखि ८ वर्षको प्रारम्भिक बालविकासको अवधिलाई दुई वर्षसम्म, २-४ वर्ष र ४-८ वर्ष गरी तीन समूहमा बाँडेर तीन किसिमका कार्यक्रमहरू प्रस्ताव गरेअनुसार ४-८ वर्षका विकास तथा सिकाइसम्बन्धी कार्यक्रमलाई शिक्षा क्षेत्रमा समावेश गरेको छ। नेपालमा बालबालिकाहरू पाँच वर्ष उमेरमा कक्षा १ मा भर्ना हुने भएकाले यस प्रारम्भिक बालविकास राष्ट्रिय रणनीतिले पनि ४ वर्षका बालबालिकाका लागि एक वर्षे प्रारम्भिक बालविकास तथा शिक्षाको व्यवस्था गर्नुपर्ने देखाएको छ।

### ३.१.२. वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकामा हाल १४ ओटा सामुदायिक विद्यालयमा आधारित सङ्घीय बालविकासका २८ बालविकास केन्द्रहरू सञ्चालनमा रहेका छन्। ५३ ओटा संस्थागत विद्यालयमा ५३ ओटा र ४४ ओटा संस्थागत बालविकास केन्द्रका रुपमा मात्र सञ्चालित छन्। सामुदायिक विद्यालयमा अनुदान प्राप्त ४२ ओटा कोटामा महिला बालविकास शिक्षिकाहरू कार्यरत छन्। यस नगरपालिकामा बालविकासमा अध्ययन गर्ने ५,८९२ जना बालबालिका रहेका छन्। सामुदायिक विद्यालयमा १२८३ जना बालबलिका अध्ययन गर्छन भने संस्थागत विद्यालयमा ४६०९ बालबालिका अध्ययन गर्छन। सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्राहरू ४९.६० प्रतिशत रहेका छन् भने सस्थागत विद्यालयमा ४३.९३ प्रतिशत रहेका छन्। कक्षा १ मा प्रारम्भिक बालविकास तथा शिक्षा अनुभव सहितको खुद भर्नादर ८६.४ प्रतिशत रहेको छ। सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास तथा शिक्षामा कार्यरत बालविकास शिक्षकहरूमध्ये शतप्रतिशत महिला रहेका छन्। सामुदायिका विद्यालयका प्रारम्भिक बालविकास तथा शिक्षामा बालबालिकाको अनुपातमा १० जना बालविकास शिक्षकको दरबन्दी अपुग रहेको छ। नगरपालिकाले बालविकास शिक्षालाई शिक्षाको जगको रुपमा राखी विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी बालविकास

शिक्षकहरूको लागि तालिम, थप दरबन्दी व्यवस्थापन र कक्षाकोठा व्यवस्थापनका लागि विद्यालयलाई वार्षिकरुपमा सहयता प्रदान गर्दै आइरहेको छ। बालविकास शिक्षकहरूको मनोबल वृद्धि गर्न नगरपालिकाले न्यूनतम् तलबमा नपुग तलब थप गरेको छ। यसले सामुदायिक विद्यालयमा विद्यार्थीहरूको आकर्षण वृद्धि गरेको देखिन्छ। महालक्ष्मी नगरपालिकामा प्रारम्भिक बालविकास सम्बन्धी नविनतम् सेवाहरूमा विस्तार हुँदै गरेको भएपनि निम्न लिखित चुनौतीहरू रहेका छन् :

- ❖ प्रारम्भिक बालविकास लक्षित नीति, रणनीति तथा कार्यक्रमहरूको योगदान रहेको भएतापनि भौगोलिक असमानता, आर्थिक र सामाजिक सम्पन्नताका हिसाबले पछाडि परेका विभिन्न समूहका बालबालिकासम्म गुणस्तरीय सेवाको पहुँच पुऱ्याउनु,
- ❖ सबै बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू एकीकृत रूपमा सुनिश्चित हुनु,
- ❖ बालबालिकाले पाउने सेवाहरूमा एकरूपता र गुणस्तरमा अपेक्षित उपलब्धि हासिल हुनु,
- ❖ प्रायः बालविकास केन्द्रहरु बालमैत्री, अपाङ्गमैत्री र समावेशी बन्न सक्नु।

### ३.१.३. प्रारम्भिक बालविकासका उद्देश्य

यस योजनाको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको समग्र उद्देश्य सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित गर्नु रहेको छ। यसका लागि योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- ❖ चार वर्ष उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- ❖ प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- ❖ सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गराउनु।

## ३.१.४. प्रारम्भिक बालविकासका रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- सबै बालबालिकाको बालविकास र शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कक्षा सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हितका लागि बालसंरक्षण, बालबचावट, बालसहभागिता र बालविकास गर्ने वातावरण तयार गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमको नक्साङ्कन र पुनर्वितरण गर्ने,
- सबै बालबालिकाको बालविकास र शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि निर्धारित मापदण्ड र ढाँचाअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा कक्षा सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वोत्तम हितका लागि बाल संरक्षण, बालबचावट, बालसहभागिता र बालविकास गर्ने वातावरण तयार गर्ने,
- बालविकास केन्द्र तथा विद्यालयहरूको नक्साङ्कन, पुनर्वितरण र आवश्यकताअनुसार नयाँ बालविकास केन्द्र स्थापना गरी शैक्षिक सेवाहरूको पहुँच विस्तार गर्ने,
- प्रारम्भिक बालविकास उमेरका बालबालिकाको सर्वाङ्गिण विकासका लागि घरपरिवार, शिक्षक, समुदाय र सङ्घसंस्थाहरूलाई जिम्मेवार बनाउने ,
- प्रारम्भिक बालविकास तथा शिक्षामा लागत सहभागिता अभिवृद्धि गर्ने,
- बालविकास शिक्षकहरूको क्षमता विकासका लागि पेशागत क्षमता अभिवृद्धिका कार्यक्रमहरू सञ्चालन गर्ने,
- प्रारम्भिक बालविकास तथा शिक्षाको कक्षा व्यवस्थापन, कक्षा सजावट तथा शैक्षिक सामग्रीहरूको व्यवस्थापन गर्ने,
- लक्षित समुदायका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको पहुँच सूनिश्चित गर्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- विपत्मा परेका बालबालिकाहरूको बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्न वैकल्पिक सिकाइ कार्यक्रमका साथै प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।

### ३.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ सबै बालबालिकालाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।

**ख) प्रमुख नतिजाहरू**

- ❖ प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रममा सहज पहुँच हुनेछ ।
- ❖ प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका बालबालिकाहरूको प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने दर ९८ प्रतिशत पुगेको हुनेछ ।
- ❖ प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक तथा बालबालिकाको हेरचाह तथा सहयोगका लागि सहायक कर्मचारी सहित केन्द्रले न्यूनतम मापदण्ड पुरा गरेका हुनेछन् ।
- ❖ प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकाहरूको विकासात्मक र सिकाइ आवश्यकता सम्बोधन हुने गरी गुणस्तरीय सेवा सुनिश्चित हुनेछ ।
- ❖ भौगोलिक जटिलतामा रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्नका लागि आवश्यकतामा आधारित, जस्तै घरमा आधारित, समुदायमा आधारित कार्यक्षेत्र (उद्योग, कलकारखाना) तथा घुम्ती प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमका नमुनाहरू विकास हुनेछ ।
- ❖ बालविकास शिक्षकहरूले शतप्रतिशत तालिम प्राप्त गरेका हुनेछन् ।
- ❖ प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था र विद्यालयहरू जिम्मेवार भएका हुनेछन् ।

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | २३७८ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २. | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

## ग) प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षाका न्यूनतम मापदण्डको प्रबोधीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्रहरूको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्रसँगको सहकार्य | ओटा | ३ | २ | २ | १ | १ | ९ | ९ | |
| ४ | अपाङ्गता पहिचान गरी थप सेवा उपलब्ध गराउने | जना | सबै विद्यार्थी | | | | | | | |
| ५ | बालबालिकाको अभिलेखीकरण | पटक | २ | २ | २ | २ | २ | १० | १० | |
| ६ | अपाङ्गता भएका बालबालिकाका लागि बैयक्तिक परिवार सेवा योजना | पटक | | १ | १ | १ | १ | ४ | ४ | |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | जना | सबै विद्याथी | | | | | | | |
| ८ | पूर्वाधार, सिकाइक्षेत्र, केन्द्रको भित्री तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ९ | सहयोगी कार्यकर्ताहरूको योग्यता र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्य सम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | पटक | निरन्तर | | | | | | | |
| ११ | अभिभावक शिक्षा | जना | १८० | ३०० | ५०० | ७०० | १००० | १७८० | १७८० | |
| १२ | परिवार, समुदाय, निजी क्षेत्र तथा गैरसरकारी सङ्घसंस्थाहरूको सहभागिता, संलग्नता र जिम्मेवारी वृद्धि | जना | सबै विद्यालयमा पिटिए र अभिभावक शिक्षा मार्फत | | | | | | | |
| १३ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यवस्थापन गर्ने | विद्यालय | सबै विद्यालय | | | | | | | |
| १४ | विद्यार्थीहरूको साक्षरता सङ्ख्यात्मक मूल्याङ्कन ( Litracy Numercy Evaluation) | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १५ | शैक्षिक सामग्री निर्माण, विद्यार्थी अभ्यास पुस्तिका र पाठयोजना प्रयोग सम्बन्धि क्षमता विकास | सङ्ख्या | २ | २ | २ | २ | २ | १० | १० | |
| १६ | बालबिकास शिक्षकको व्यवस्था | सङ्ख्या | १४ | | | १० | | २४ | २४ | |
| १७ | सहयोगी (आया) को व्यवस्था | जना | | ४ | २ | २ | २ | १० | १० | |

## ३.२. आधारभूत शिक्षा

### ३.२.१. परिचय

आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ। यसले व्यक्तिलाई जीवनपर्यन्त सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ। संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानका उल्लिखित प्रावधानहरूले सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ। शिक्षा ऐन २०२८ अनुसार आधारभूत शिक्षा भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा हो। विद्यालय क्षेत्र सुधार योजना २०६६–२०७२ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा १–८ लाई आधारभूत शिक्षा र कक्षा ९–१२ लाई माध्यमिक शिक्षाको रूपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ।

प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तर्गत राखिएको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत तह सम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाइने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेअनुरूप नगरपालिकाले व्यवस्था गर्नुपर्ने छ। यस खण्डमा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि ८ सम्मको शिक्षामा पहुँच, गुणस्तर तथा समता र व्यवस्थापकीय प्रबन्धको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी पाँच बर्षका लागि यस तहको शिक्षा विकासका उद्देश्य रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ३.२.२. वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकाभित्र सामुदायिक तर्फ ३ ओटा र संस्थागततर्फ १४ ओटा आधारभूत विद्यालयहरू रहेका छन् । महालक्ष्मी नगरपालिकाभित्र आधारभूत तहको कक्षा १-५ मा ११४७३ जना र कक्षा ६-८ मा ६८०८ जना विद्यार्थी रहेका देखिन्छन ।  सामुदायिक विद्यालयको आधारभूत तहको कक्षा १-५ मा २८२२ जना र कक्षा ६-८ मा १९९६ जना रहेका देखिन्छन् भने संस्थागत विद्यालयको कक्षा १-५ मा ८६५१ जना र कक्षा ६-८ मा  ४८१२ जना विद्यार्थी रहेका देखिन्छन् । सामुदायिक विद्यालयतर्फको आधारभूत तहमा लैङ्गिक आधारमा कक्षा १-५ मा छात्राहरूको प्रतिशत ४७.०९ र कक्षा ६-८ मा ४७.३९ प्रतिशत रहेको देखिन्छ । संस्थागत विद्यालयतर्फको कक्षा १-५ मा ४५.४५ प्रतिशत छात्रा र कक्षा ६-८ मा ४३.३० प्रतिशत छात्राहरू अध्ययरत रहेका छन् । सामुदायिक विद्यालयतर्फ आधारभूत तहको कक्षा १-५ मा कार्यरत जम्मा ११२ शिक्षकमध्ये ७० जना अर्थात् ७०.५३ प्रतिशत महिला शिक्षकहरू रहेका देखिन्छन् । कक्षा ६-८ मा जम्मा ६० जना शिक्षक मध्ये १० जना अर्थात २४.३९ प्रतिशत महिला शिक्षकहरू कार्यरत रहेका छन् । विद्यार्थी अनुपातमा आधारभूत तहको कक्षा १-५मा २७ जना र आधारभूत तहको कक्षा ६-८ मा २० जना शिक्षकको दरबन्दी अपुग देखिन्छ । पेशागत तालिम प्राप्त कूल शिक्षक शतप्रतिशत भएपनि समय समयमा पुनर्ताजगी तालिम प्रदान गर्नुपर्ने देखिन्छ ।

विद्यालयको दैनिक प्रशासनिक कार्य सञ्चालन र व्यवस्थापन तथा नेतृत्व गर्ने कार्य प्रधानाध्यापकबाट भईरहेको छ। विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घको व्यवस्था पनि रहेको छ । प्रधानाध्यापकहरूमा शैक्षिक नेतृत्व र व्यवस्थापनका सिप, विद्यालयमा शिक्षक तथा कर्मचारी उत्प्रेरणा तथा वृत्ति विकास, शिक्षक तालिमको कक्षाकोठामा रूपान्तरण, अनुगमन तथा सुपरिवेक्षण र क्षमता विकास लगायतका पक्षमा सुधार आवश्यक छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित गर्ने पोषण, स्वास्थ्य, सरसफाइ, दिवाखाजा जस्ता सेवाहरूमा विस्तार तथा सुधार गर्नुपर्नेछ। पेशागत रूपमा सक्षम, योग्य शिक्षकको अपर्याप्तता र विद्यालयको नेतृत्व तथा व्यवस्थापनका पक्षमा भएका विभिन्न समस्याहरूले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तरमा असर परेको देखिन्छ । शिक्षण सिकाइ विधिमा सुधारका

लागि शिक्षक तयारी विकासमा सुधार तथा अनुगमन, सुपरिवेक्षण र पेसागत विकासका क्रियाकलापहरूलाई व्यवस्थित गर्न आवश्यक छ। विद्यालय तथा बालबालिकाको शिक्षामा अभिभावक संलग्नता बढाइ व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घका पदाधिकारीहरूको क्षमता विकासमा थप ध्यान दिनुपर्ने पनि देखिन्छ। आधारभूत शिक्षा अन्तर्गत महालक्ष्मी नगरपालिकामा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन् :

- ❖ निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षामा सबै बालबालिकाको पहुँच तथा सहभागिता सुनिश्चित गराउन,
- ❖ सिकाइको गुणस्तर अभिवृद्धि गरी विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार ल्याउन,
- ❖ विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई अपाङ्ग मैत्री, बालमैत्री बनाउन,
- ❖ विद्यालय व्यवस्थापन तथा जनसहभागितामा परिवार, समुदाय, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउन,
- ❖ सूचना तथा सञ्चार प्रविधिमा दक्षतामा वृद्धि गरी शिक्षण सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग गर्न ।

### ३.२.३. उद्देश्य

आधारभूत शिक्षा कार्यक्रमको समग्र उद्देश्य आधारभूत शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्नु रहेको छ। यस योजनाले आधारभूत शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गरी यस तहको शिक्षामा सबैको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- ❖ आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई आधारभूत तहको शिक्षा पुरा गर्ने अवस्था सुनिश्चित गर्नु,
- ❖ आधारभूत शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु,

❖ आधारभूत विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

❖ आधारभूत तहको सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,

❖ आधारभूत तहको शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु ।

### ३.२.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

❖ विद्यालयबाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरूको विवरण सङ्कलन गरी पहुँच सुनिश्चित गर्ने,

❖ बालबालिकाहरूको शिक्षामा पँहुच अभिवृद्धि गर्नको लागि विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

❖ विद्यालय नक्साङ्कन, पुनर्वितरण तथा समायोजन गर्ने,

❖ न्यूनतम सिकाइ उपलब्धी हासिल गराउन आवधिकरुपमा सिकाइको मूल्याङ्कन गर्ने,

❖ विद्यालयहरूमा खानेपानी, शौचालय तथा सरसफाइको उचित प्रबन्धसहित न्यूनतम भौतिक सुविधा सुनिश्चित गर्ने,

❖ विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, समावेशी र सुरक्षित सिकाइ वातावरण तयार गर्ने,

❖ सबै विद्यालयहरूमा प्राथमिकता प्राप्त न्यूनतम सक्षमता पुरा गराउने ,

❖ कक्षा ३ सम्म कक्षा शिक्षणलाई कार्यान्वयन गर्ने,

❖ आवश्यक शिक्षक तालिम, तयारी तथा प्रोत्साहनका कार्यक्रम सञ्चालन गर्ने,

❖ विद्यार्थीलाई आवश्यक सहयोग उपलब्ध गराइ सिकाइमा सुधार ल्याउने,

❖ विद्यार्थीको पोषण तथा स्वास्थ्यमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गर्ने,

❖ विद्यालयमा आधारित शैक्षिक तथा मनोसामाजिक परामर्श उपलब्ध गराउने,

❖ विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको

उपयोग तथा सामाजिक साँस्कृतिक विविधताको सम्मान र समावेश हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,

- ❖ विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने,
- ❖ विद्यालय शिक्षामा सूचना तथा प्रविधिको प्रयोग गरी सहज र उपयोगी बनाउने कार्यलाई विस्तार गर्ने,
- ❖ दैनिक जीवनसँग सम्बन्धित व्यवहार कुशल सिपहरूलाई सिकाइ क्रियाकलापमा एकीकृत गर्ने,
- ❖ अन्तरसम्बन्धित विषयवस्तुलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्न सिकाइ सामग्री, विधि तथा क्रियाकलापमा परिमार्जन र सुधार गर्ने ।

### ३.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षामा पहुँच र सहभागिता सुनिश्चित भई गुणस्तर अभिवृद्धि हुनेछ ।

**ख) नतिजाहरू**

- ❖ सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँच हुनेछ ।
- ❖ सबै विद्यालयलाई न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता हुनेछ ।
- ❖ आवश्यक सङ्ख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था भई बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुनेछ ।
- ❖ आधारभूत विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन, पौष्टिक तथा स्वस्थकर दिवाखाजाको प्रबन्धबाट बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार हुनेछ ।
- ❖ आधारभूत शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम् सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

❖ आधारभूत शिक्षाको भर्ना सहभागिता तथा सिकाइ उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुनेछ ।

❖ आधारभूत विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुनेछ ।

❖ शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई आधारभूत तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या (%) | ३.१% | ३ % | २.५ % | २ % | १.५% | १% |
| २ | आधारभूत तह (प्राथमिक कक्षा ६-८) मा विद्यालयबाहिर रहेका बालबालिकाको सङ्ख्या | २.६% | २.५% | २% | १.७५ % | १.५ % | १% |
| ३ | आधारभूत तह (कक्षा १-५) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | ८८ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | आधारभूत तह (कक्षा ६-८) मा तालिम प्राप्त शिक्षकको सङ्ख्या | ४५ | ५ | ५ | ५ | ५ | ५ |
| ५ | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(Minimum Enabling Conditions) पूरा गरेका आधारभूत तहका विद्यालयको सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

## ग) प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ३ | सबै बालबालिकालाई विद्यालय भर्ना | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ४ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | १ | १ | १ | १ | १ | | ५ | |
| ५ | शिक्षक क्षमता विकास / पुनर्ताजगी तालिम | सङ्ख्या | ३० | ३० | ३० | ३० | ३० | | १५० | |
| ६ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | सबै सामुदायिक विद्यालयमा निरन्तर | | | | | | | सामुदायिक |
| ७ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवाखाजाको प्रबन्ध | विद्यालय | सबै सामदायिक विद्यालयमा (कक्षा १-५) | | | | | | | |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | सङ्ख्या | सबै अपाङ्गता भएका विद्यार्थीहरू | | | | | | | |
| ९ | पाठ्यपुस्तक व्यवस्था | विद्यार्थी | सबै सामदायिक विद्यालयका विद्यार्थी | | | | | | | |
| १० | सन्दर्भ सामग्रीको व्यवस्था | विद्यालय | सबै सामुदायिक विद्यालयका विद्यार्थी | | | | | | | |
| ११ | विद्यार्थीका लागि ड्रेस, स्टेशनरीका लागि छात्रवृत्ति | सङ्ख्या | २५०० | ७०० | ७०० | ७०० | ७०० | | ५,३,०० | सहयोगी दाताहरूको सहकार्यमा |
| १२ | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | सबै विद्यालय निरन्तर |
| १३ | निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली कार्यान्वयन | विद्यालय | सबै विद्यालयमा निरन्तर | | | | | | | |
| १४ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना | विद्यालय | सबै विद्यालय | | | | | | | |
| १५ | प्र.अ.,विद्यालय र कर्मचारीहरूको लागि थप प्रोत्साहन | सङ्ख्या | ३९ | ३९ | ३९ | ३९ | ३९ | | १९५ | |
| १६ | वि.व्य.स, शि.अ.सं.का पदाधिकारीहरूको क्षमता विकास | पटक | २ | १ | १ | १ | १ | | ६ | |
| १७ | अभिभावक शिक्षा कार्यक्रम | सङ्ख्या | १००० | १००० | १००० | १००० | १००० | | ५००० | सबै सामुदायिक विद्यालयहरू |
| १८ | अतिरिक्त क्रियाकलाप | पटक | ५ | ५ | ५ | ५ | ५ | | २५ | |
| १९ | परीक्षा सञ्चालन, मूल्याङ्कन, नतिजा प्रकाशन र प्रमाणी करण | पटक | १ | १ | १ | १ | १ | | ५ | |

| क्र.सं | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| २० | शैक्षिक साहयता छात्रवृत्ति | सङ्ख्या | ३०० | ३५० | ४०० | ४५० | ५०० | | २००० | |
| २१ | स्थानीय पाठयपुस्तक अध्यावधिक र प्रवोधिकरण | पटक | १ | १ | | | १ | | ३ | |
| २२ | शिक्षण सहायकको प्रबन्ध | सङ्ख्या | ५ | | | ५ | | | १० | |
| २३ | शुद्ध पिउने पानीको व्यवस्थापन | विद्यालय | ५ | २ | २ | ३ | २ | | १४ | |

## ३.३. माध्यमिक शिक्षा

### ३.३.१. परिचय

माध्यमिक शिक्षा (कक्षा ९ देखि १२) ले मानवीय मूल्यका साथै कला, संस्कृति, विज्ञान र प्रविधि क्षेत्रका आधारभूत मूल्यमान्यताको ज्ञान, सिप तथा दृष्टिकोण तथा व्यवहारहरू आर्जन गरेका सक्षम जनशक्ति उत्पादन गर्ने लक्ष्य राख्दछ। नेपालको संविधानले माध्यमिक तहको शिक्षा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ भने अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकलाई माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व राज्यको हुने उल्लेख गरेको छ। संविधानका उल्लिखित प्रावधानहरूले आमनागरिकका लागि गुणस्तरीय शिक्षा सुनिश्चित गर्न एकल तथा साझा सूचीका आधारमा तीनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्टता छ। राष्ट्रिय शिक्षानीति, २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, २०७६ ले विद्यालयतहदेखि नै परम्परागत मौलिक ज्ञान, प्रविधि तथा सिपका बारेमा अध्ययनअध्यापन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशीलता अभिबृद्धि गर्ने रणनीति लिएको छ।

### ३.३.२. वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकाभित्र सामुदायिक तर्फ हाल कक्षा १-१० सञ्चालित ४ र १-१२ सञ्चालित ७ गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ११ ओटा रहेका छन् भने संस्थागत विद्यालयमा तर्फ कक्षा १-१० सञ्चालित २८ र १-१२ सञ्चालित १० गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ३८ ओटा रहेका छन। सामुदायिक विद्यालय मध्ये ४ विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत डिप्लोमा इन सिभिल इन्जिनियरिङ, डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ र १ विद्यालयमा इलेक्ट्रिकल इन्जिनियरिङ विषयको पठन पाठन भईरहेको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७९.२ प्रतिशत र कूल भर्नादर १०३.२ प्रतिशत रहेको छ। माध्यमिक तह कक्षाको ११-१२ को खुद भर्ना दर ३९.२ र कूल भर्नादर ५३.६ प्रतिशत रहेको छ। माध्यमिक तह कक्षाको ९-१२ को खुद भर्ना दर ५८.४ प्रतिशत र कूल भर्नादर ७७.३

प्रतिशत रहेको छ। माध्यमिक तह कक्षाको ९-१२ को नयाँ विद्यार्थी भर्ना दर ७.८ प्रतिशत रहेको छ भने कक्षा छोड्ने विद्यार्थीको दर ०.४ रहेको छ। त्यस्तै कक्षा दोहोर्‍याउने विद्यार्थीको दर ०.१ प्रतिशत रहेको छ। विद्यमान अवस्थामा लिङ्गको आधारमा विद्यार्थी हेर्दा सामुदायिक विद्यालयमा माध्यमिक तहमा कक्षा ९-१० मा जम्मा ११४७ जना रहेकोमा छात्रा ५६९ जना अर्थात ४५.१२ प्रतिशत छात्रा रहेका छन् भने कक्षा ११-१२ मा ९६५ जना विद्यार्थी मध्ये ५३.३६ प्रतिशत छात्राहरू रहेका छन्। संस्थागत विद्यालयमा कक्षा ९-१० मा जम्मा २६४४ जना रहेकोमा छात्रा ११९३ जना अर्थात् ४५.१२ छात्रा रहेका छन् भने कक्षा ११-१२ मा ११८८ जना विद्यार्थी मध्ये ४३.३५ प्रतिशत छात्राहरू रहेका छन्। माध्यमिक तहको ९-१० लैङ्गिक समता सूचक ०.८७ रहेको छ। माध्यमिक तहको ९-१२ लैङ्गिक समता सूचक ०.८९ रहेको छ। सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९-१२ मा ६१ जना शिक्षक कार्यरत छन् जसमध्ये ३१.१४ प्रतिशत महिला शिक्षक रहेका छन्। शिक्षक विद्यार्थीको अनुपातलाई विश्लेषण गर्दा सामुदायिक विद्यालयको माध्यमिक तह कक्षा ९-१२ मा १४ जना शिक्षक अपुग रहेका छन्। माथिका समग्र अवस्थाको विश्लेषण गर्दा महालक्ष्मी नगरपालिकामा माध्यमिक शिक्षामा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- ❖ निःशुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाइ कार्यान्वयन गर्नु,
- ❖ विद्यार्थीको सिकाइ गुणस्तर सुधार गरी सिकाइ उपलब्धिमा सुधार ल्याउनु,
- ❖ निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्ने र माध्यमिक शिक्षाको पहुँचबाट बाहिर रहेका विद्यार्थीलाई विद्यालयमा प्रवेश गराउन,
- ❖ विपन्न बालबालिका, विभिन्न किसिमका अपाङ्गता भएका बालबालिका, दुर्गम क्षेत्रका महिला, दलित, पिछडिएका वर्ग, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र लोपोन्मुख समुदायका बालबालिका र कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको माध्यमिक शिक्षामा समतामूलक पहुँच पुर्‍याउन,
- ❖ माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्रवर्धन गर्न,
- ❖ माध्यमिक तहको विद्यालयमा शिक्षक दरबन्दी थप गर्न,
- ❖ प्रविधिक धारका विद्यालयमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्न,

- ❖ सबै विद्यालयमा न्यूनतम सक्षमताका अवस्था पूरा गरी विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउन,
- ❖ प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्न,
- ❖ विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विषयमा नगरपालिकाप्रति उत्थानशील बनाउन,
- ❖ शिक्षकको वृत्ति विकासलाई पारदर्शी, नतिजामा आधारित र अनुमान योग्य बनाइ व्यवस्थित गर्न,
- ❖ विद्यालय शिक्षालाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउन ।

### ३.३.३. उद्देश्यहरू

यस योजनाका माध्यमिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- ❖ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गर्दै सान्दर्भिकता र गुणस्तरमा सुधार गर्ने,
- ❖ माध्यमिक शिक्षामा खुद भर्ना दर तथा टिकाउ दर बढाउने,
- ❖ माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकालाई दैनिक जीवन, रोजगारी र निरन्तर सिकाइका लागि तयार बनाउने,
- ❖ विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउने ,
- ❖ विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गरी विद्यालय पद्धतिलाई विविधताअनुकूल, उत्थानशील र जवाफदेही बनाउने,
- ❖ सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्ने र अन्तरसम्बन्धित विषयवस्तु तथा व्यवहार कुशल सीपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्ने ।

### ३.३.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- ❖ माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकता अनुसार विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने,

- ❖ विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,
- ❖ विद्यालयबाहिर रहेका बालबालिकाहरूका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रम सञ्चालन गर्ने,
- ❖ सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
- ❖ माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
- ❖ शिक्षकलाई पेसागत विकास तथा सहयोगको व्यवस्था गर्ने,
- ❖ शिक्षकहरूका लागि अभिप्रेरणाका कार्यक्रमहरू सञ्चालन गर्ने,
- ❖ शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- ❖ हरेक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि विस्तार गर्ने,
- ❖ विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने ,
- ❖ प्राविधिक धार र विज्ञान विषय अध्ययनका लागि विद्यार्थीहरूलाई आकर्षित गर्न पूर्वाधार सहितको व्यवस्था गर्ने,
- ❖ सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,
- ❖ आवधिकरूपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइमा जवाफदेही हुने प्रणाली विकास गर्ने ।

### ३.३.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भई सान्दर्भिकता र गुणस्तरमा सुधार हुनेछ ।

**ख) नतिजा**

- ❖ सबै बालबालिकालाई निःशुल्क माध्यमिक तहको शिक्षामा पहुँच सुनिश्चित भई खुद भर्ना तथा टिकाउदरमा वृद्धि हुनेछ ।
- ❖ सबै माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पुरा गरेका हुनेछन् ।

❖ माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

❖ विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधि लगायतका प्रविधिको प्रयोगमा विस्तार तथा सहज उपयोग भई सिकाइलाई सहयोग हुनेछ ।

❖ माध्यमिक तहमा प्राविधिक धार तर्फको संरचना व्यवस्थित र सुदृढ हुनेछ ।

❖ शैक्षिक निकायमा कार्यरत जनशक्तिको क्षमता विकास भई माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह तथा शैक्षिक सुशासन कायम हुनेछ ।

❖ सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह ( कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ११४७ | १२७५ | १४०० | १५५० | १७०० | २००० |
| २. | माध्यमिक तह ( कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सङ्ख्या | ९६५ | १०५० | १२०० | १३५० | १५०० | १७०० |
| ३. | न्यूनतम सिकाइ सबलीकरण मापदण्ड(MEC) पूरा गरेका माध्यमिक विद्यालयको सङ्ख्या | ११ | ११ | ११ | ११ | ११ | ११ |

## ग) प्रमुख क्रियाकलापहरू र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निःशुल्क माध्यमिक शिक्षाका लागि आवश्यक कानून, कार्यविधि र निर्देशिकाको प्रबोधीकरण | पटक | १ | | १ | १ | | ३ | ३ | |
| २ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन तथा दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | सबै बालबालिकाको पहुँच सुनिश्चित गर्ने | पटक | १ | | | १ | | २ | २ | |
| ५ | आवश्यकता अनुसार खुला तथा दूरशिक्षा लगायतका वैकल्पिक प्रबन्ध | विद्यालय | १ | १ | | | | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ६ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | | १ | | | १ | २ | २ | |
| ७ | शिक्षक क्षमता विकास | सङ्ख्या | ३० | ६० | ६० | ६० | ६० | २७० | २७० | |
| ८ | सूचना प्रविधिको प्रयोगका लागि आवश्यक संरचना, सामग्री तथा क्षमता विकास | विद्यालय | ७ | १ | १ | १ | १ | ११ | | |
| ९ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | सङ्ख्या | अपाङ्गता भएका सबै विद्यार्थी | | | | | | | |
| १० | निःशुल्क माध्यमिक शिक्षा सुनिश्चितताका लागि पाठ्यपुस्तक, ड्रेस तथा स्टेशनरी, छात्रवृत्ति र सिकाइ सामग्री व्यवस्था | सङ्ख्या | ५०० | १००० | १५०० | २००० | २५०० | ७५०० | ७५०० | निरन्तर दाताहरुबाट |
| ११ | आवधिक परीक्षा तथा मूल्याङ्कन | पटक | वार्षिक ४ पटक | | | | | | | |
| १२ | शैक्षिक मानव संशाधन र सूचना प्रणाली स्थापना | विद्यालय | सबै विद्यालय | | | | | | | |
| १३ | वि.व्य.स, शि.अ.सं.का पदाधिकारी र विद्यालय कर्मचारीहरूको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १४ | अभिभावक तथा समुदायका सदस्य मार्फत स्थानीय ज्ञान तथा सिपहरू बालबालिकालाई सिकाउने व्यवस्था | विद्यार्थी सङ्ख्या | १००० | २००० | ३००० | ४००० | ४७०० | १४७०० | १४७०० | |
| १५ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकताअनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | जना | | ३५० | ५०० | ७०० | १००० | २५५० | २५५० | |
| १६ | अभिभावक शिक्षा कार्यक्रम | सङ्ख्या | ५०० | ७०० | १००० | १००० | १००० | ४२०० | ४२०० | |
| १७ | अतिरिक्त क्रियाकलाप | पटक | ५ | ५ | ५ | ५ | ५ | २५ | २५ | |
| १८ | छात्रा र उच्च शिक्षा छात्रवृत्ति | सङ्ख्या | २३० | ३०० | ३५० | ४०० | ४५० | १७५० | १७५० | |
| १९ | १ विद्यालय १ उद्यमशील कार्यक्रम | विद्यालय | ५ | २ | २ | २ | | ११ | ११ | |
| २० | स्काउट / रेडक्रस व्यवस्थापन | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| २१ | हरियाली प्रवर्धन | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| २२ | खेलकुद र सङ्गित प्रशिक्षक | सङ्ख्या | ४ | | २ | ४ | | १० | १० | |
| २३ | सुरक्षा गार्ड | सङ्ख्या | | ४ | | ७ | | ११ | ११ | |

# ३.४. प्राविधिक तथा व्यावसायिक शिक्षा

## ३.४. परिचय

नगरपालिकाले शिक्षित र बेरोजगार जनशक्ति उत्पादनमा कमी ल्याउनका साथै दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षामा जोड दिन आवश्यक छ। शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ र यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । शिक्षा प्रणालीलाई संरचनागतरूपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यावसायिक शिक्षाको महत्त्वलाई आत्मसाथ गर्दै शिक्षासँग सम्बन्धित निकायहरूले योजना र योजनाको प्रभावकारी तवरले कार्यान्वयन गर्नुपर्ने देखिन्छ। यस नगरपालिकालाई समृद्ध नगरपालिका बनाउन नगरपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य छ । प्राविधिक तथा व्यावसायिक सीप विकास गरी प्राविधिक क्षेत्रमा सुनिश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा नगरपालिका समृद्ध बन्नेछ ।

शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्दै राज्यलाई शैक्षिक बेरोजगार भीड थेग्न सक्ने जनशक्ति प्राविधिक तथा व्यावसायिक शिक्षाबाट मात्र सम्भव रहेको छ। प्राविधिक तथा व्यावसायिक तालिम परिषद्ले प्राविधिक तथा व्यावसायिक धारका विद्यालयहरू सञ्चालन गरिरहेकाले नगरपालिकाले समन्वयकारी भूमिका खेल्न आवश्यक छ। नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत ल्याएको अवस्थामा नगरपालिकाको काम, कर्तव्य र अधिकारको परिचालन अर्थपरक रहन्छ ।

## ३.४.१. वर्तमान अवस्था

नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षामा सबैको पहुँच पुऱ्याउने उद्देश्यका साथ आफ्ना आङ्गिक शिक्षालय, सामुदायिक विद्यालयमा एनेक्स कार्यक्रम मार्फत ज्ञान, सिप र छोटो तथा मध्यम खालका तालिम प्रदान गरेर आय आर्जन गर्ने माध्यमको रूपमा प्राविधिक तथा व्यावसायिक शिक्षा रहेको छ ।

महालक्ष्मी नगरपालिकाभित्र सामुदायिक तर्फ हाल कक्षा १-१० सञ्चालित ४ र १-१२ सञ्चालित ७ गरी माध्यमिक तहको विद्यालयहरूको सङ्ख्या ११ ओटा रहेको छ। जसमध्ये ४ विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा अन्तर्गत डिप्लोमा इन सिभिल इन्जिनियरिङ, डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ र १ विद्यालयमा इलेक्ट्रिकल इन्जिनियरिङ विषयको पठन पाठन भईरहेको छ। माध्यमिक तह कक्षाको ९-१० को खुद भर्ना दर ७९.२ प्रतिशत र कूल भर्नादर १०३.२ प्रतिशत रहेको छ। यस नगरपालिकाभित्र प्राविधिक तथा व्यावसायिक शिक्षामा ४४२ जना विद्यार्थी अध्ययनरत छन्। जसमध्ये छात्रा १४५ र छात्र २९७ रहेका छन्।

यस क्षेत्रका वासिन्दाहरूको प्राविधिक शिक्षाको ज्ञान हासिल गरी आत्मनिर्भर, स्वरोजगार भई आर्थिक विपन्नतालाई हटाउन मद्दत केहि हदसम्म सहयोग पुऱ्याएको देखिन्छ। यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधानमा आधारित व्यावसायिक सीप र उद्यमशीलतामा आधारित आयआर्जनमा संलग्न भई आत्मनिर्भरका साथै मानवलाई स्वावलम्बन बनाउने हुनुपर्छ। प्राविधिक तथा व्यावसायिक विद्यालयको विकासका लागि आम सरोकारवाला, स्थानीय सरकार र सङ्घीय सरकार समेतको उच्च अपनत्व विकास हुन जरूरी छ। बागमती प्रदेश अन्तर्गत महालक्ष्मी नगरपालिकाको भौगोलिक बनावटको विशेषता, मानव बस्तीको अवस्था, हावापानी, उपलब्ध प्राकृतिक स्रोत साधन सबैको सूक्ष्म विश्लेषण गर्दा यस क्षेत्रमा कृषि प्राविधिक विद्यालय, कम्प्युटर, सिभिल इन्जीनियरिङ्ग उपयुक्त रहेको र उक्त प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट यस क्षेत्रका गरिब विपन्न पिछडिएका वर्ग र सीमान्तकृत समुदायको पहुँचमा विस्तार गर्नु, शिक्षालाई सीप, सीपलाई रोजगारी, रोजगारीलाई उत्पादन र उत्पादनलाई बजार प्रणालीसम्म आबद्ध गर्ने दीर्घकालीन नीतिको आवश्यक छ। महालक्ष्मी नगरपालिकाभित्र उपलब्ध प्राकृतिक स्रोत साधनहरू उर्वरायुक्त जमिन, जैविक विविधता, पर्यटकीय क्षेत्रहरूका आधारमा यस क्षेत्रको प्राविधिक शिक्षासँग उचित मेल खाने महालक्ष्मी नगरपालिका जिल्लाकै यातायात, विद्युत, सुगमताको हिसावले केन्द्रविन्दुमा रहेकाले अन्य क्षेत्रहरूबाट समेत अध्ययनका लागि सहज गन्तव्य बन्न सक्नु, शैक्षिक विकासका हिसाबले गुणस्तरीय शिक्षा र प्राविधिक शिक्षाका हिसाबले शैक्षिक हवका रूपमा विकास गर्ने सम्भावना हुनु, कृषि, पशु र फलफूल उत्पादनको हिसावले ललितपुर जिल्लाकै सम्भावना बोकेको ठाउँको रूपमा रहनु, प्राविधिक शिक्षामार्फत विद्यालय तहबाटै

सिकाइसँगै कमाई गर्ने सीपमूलक र उद्यमशीलतामा आधारित व्यावसायिक र रोजगारमूलक प्रकृतिका बहुप्राविधिक विषय र कार्यक्रमलाई व्यवस्थित बनाउन सकिने आधार हुनुले प्राविधिक क्याम्पस समेतको स्थापना गर्न सकिने सम्भावना रहेको छ । नगरपालिकाको परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित व्यावसायिक तथा प्राविधिक शिक्षाका जस्ता देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- ❖ व्यावसायिक तथा प्राविधिक शिक्षाको प्रणालीगत विकास, विस्तार, उद्यमशीलताको विकास गर्न,
- ❖ व्यावसायिक शिक्षाको भौतिक पूर्वाधार लगायतका कार्यक्रमको लागि जनशक्तिको व्यवस्थापन गर्न,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षाको अध्ययन अनुसन्धान गर्न,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षाको लागि आवश्यक बजेटको व्यवस्था गर्न,
- ❖ प्राविधिक शिक्षाको नाममा सञ्चालनमा रहेका परम्परागत प्राविधिक शिक्षाको सट्टा वैज्ञानिक र स्रोत साधनमा आधारित उद्यम र व्यवसायी उत्पादन गरी आर्थिक उपार्जन सहित शैक्षिक समृद्धि हासिल गराउन,
- ❖ प्राविधिक शिक्षाको योजना र नीति कार्यान्वयन गर्न ।

### ३.४.२. उद्देश्य

यस योजनामा प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखिएको छ :

- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,
- ❖ प्राविधिक, व्यावसायिक र सीपमूलक शिक्षा मार्फत, शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु,
- ❖ महालक्ष्मी नगरपालिकाभित्रका क्षेत्रमा प्राविधिक र व्यावसायिक शिक्षामार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,

- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसर सिर्जना गर्न संयन्त्र विकास गर्नु,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

### ३.४.३. रणनीतिहरू

महालक्ष्मी नगरपालिकाले प्राविधिक तथा व्यावसायिक शिक्षा विकासका लागि उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

- ❖ महालक्ष्मी नगरपालिकामा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सिर्जना गर्ने,
- ❖ बहुप्राविधिक शिक्षालय र तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तरको प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
- ❖ आयआर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने ,
- ❖ पिछडिएका भौगोलिक क्षेत्र, महिला, आदिवासी जनजाती, दलित, अपाङ्ता भएका नागरिक एवम् आर्थिकरुपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित गर्न पहल गर्ने,

❖ विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,

❖ स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.४.४. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

❖ उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार भएको हुनेछ ।

**ख) नतिजा**

❖ स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुनेछ ।

❖ स्थानीय तहमा बहुप्राविधिक शिक्षालय र प्राविधिक धारका माध्यमिक विद्यालयहरूको स्थापना भई सञ्चालन हुने प्राविधिक तथा व्यावसायिक विद्यालयबाट शिक्षाप्राप्त गरेका विद्यार्थीहरू महालक्ष्मी नगरपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध नगरपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछ ।

❖ प्राविधिक तथा व्यावसायिक शिक्षामा पिछडिएको वर्ग, क्षेत्र र समुदायका सहभागिता अभिवृद्धि हुनेछ ।

❖ प्राविधिक शिक्षाप्रति सरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ ।

❖ स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा सञ्चालित संस्थाहरूबाट सञ्चालन हुने कार्यक्रमहरूको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि हुनेछ ।

- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूलाई उत्पादन र आर्थिक उपार्जनसँग जोडिनेछ ।
- ❖ स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्धन हुनेछ ।
- ❖ खोज, नवप्रर्वतन तथा उद्यमशीलतामा अभिवृद्धि भएको हुनेछ ।
- ❖ उत्पादनशील, रोजगार, स्व-रोजगार र जीविकोपार्जनका अवसरमा वृद्धि हुनेछ ।
- ❖ प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामूदायिक सहभागितामा लगानी अभिवृद्धि हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ |
| २. | माध्यमिक तहमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिममा भर्ना भएका विद्यार्थी सङ्ख्या | ४४२ | ५०० | ६५० | ८०० | ९५० | १०५० |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक वर्ष ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | १ | | | | | १ | १ | |
| २ | छात्रवृत्तिको व्यवस्था | सङ्ख्या | २० | २० | २५ | २५ | २५ | ११५ | ११५ | |
| ३ | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | सङ्ख्या | | | | १ | | १ | १ | |
| ४ | बहुप्राविधिक शिक्षालय नियमन | सङ्ख्या | निरन्तर | | | | | | | |
| ५ | शिक्षक कर्मचारीलाई आइसिटी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | प्रत्येक वर्ष १ पटक तालिम |
| ६ | स्थानीय स्तरमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | | १ | | | | १ | १ | |
| ७ | प्रयोगात्मक अभ्यासका लागि फिल्डको व्यवस्था | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | खोज तथा नवपर्वर्तनात्मक कार्यलाई प्रोत्साहन | पटक | निरन्तर | | | | | | | |
| ९ | स्थानीय स्तरमा रहेका परम्परागत सिपहरूको पहिचान, प्रमाणिकरण तथा प्रवर्धन कार्यक्रम | पटक | निरन्तर | | | | | | | |
| १० | बैदेशिक रोजगारीबाट हासिल गरेको अनुभव र सिपको खोजी, प्रमाणिकरण तथा उपयोग सम्बन्धी कार्यक्रम | पटक | निरन्तर | | | | | | | |
| ११ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | | १ | | | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक वर्ष ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १२ | ओजेटीको लागि व्यवस्थापन र अन्य संस्थासँग समन्वय | पटक | निरन्तर | | | | | | | |

## ३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१. परिचय

सिकाइ निरन्तर प्रक्रिया हो । यो औपचारिक, अनौपचारिक र अतिरिक्त माध्यमबाट हुने गर्दछ । निरन्तर सिकाइबाट व्यक्तिले आवश्यकताअनुसार व्यक्तिगत, सामाजिक वा रोजगारीसँग सम्बन्धित ज्ञान, सिप तथा सक्षमताको विकास गर्दछ । सिकाइ समय, विधि तथा माध्यमको सीमा नरही व्यक्तिको जीवनभर निरन्तर चल्ने प्रक्रिया भएकाले यसका लागि औपचारिक सिकाइ पद्धतिमात्र पर्याप्त हुँदैन । औपचारिक शिक्षा प्रणालीको संरचनाबाहिर सङ्गठित विभिन्न किसिमका सिकाइ अवसरले आजीवन सिकाइलाई सहयोग गर्दछ भने व्यक्तिले आफ्नो परिवेशबाट प्राप्त अनुभव तथा सूचनाहरूबाट पनि सिकाइ गरिरहेको हुन्छ । आजीवन सिकाइका लागि निरक्षरका लागि साक्षरताको शिक्षा, साक्षरका लागि साक्षरोत्तर शिक्षा तथा विभिन्न किसिमका सिकाइ स्तर वृद्धिका कार्यक्रमहरू, विभिन्न पेसा तथा व्यवसायसम्बन्धी सिप इत्यादि उपयोगी हुन सक्दछन् भने स्वसिकाइका विभिन्न अवसर सिर्जना गर्नु पनि आवश्यक हुन्छ । यस्तो परिस्थितिलाई सम्बोधन गर्दै नेपाल सरकारले अनौपचारिक शिक्षा नीति २०६३ कार्यान्वयनमा ल्याएको हो ।

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त सिकाइ प्रणालीले अनौपचारिक शिक्षा प्रदान गर्न सक्नु पर्छ । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि लक्ष्य उन्मुख भई सेवा प्रदान गर्नुपर्छ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका अनौपचारिक शिक्षाको प्रमुख लक्ष्य हुनेछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य-४ ले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । देशको भूगोल, हालसम्मको शिक्षाको पहुँच र नागरिकको सिकाइ अवस्थाका आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न अनौपचारिक एवम् आजीवन शिक्षालाई थप व्यवस्थित गर्न आवश्यक छ । यसका लागि

अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तरको अभिवृद्धि र संस्थागत क्षमताको विकास गर्नुपर्छ ।

नगर शिक्षा योजनाको यस खण्डमा नगरपालिकाको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था र चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरिएका चुनौतीहरूको सामना गरी प्रारम्भिक अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमको स्वरूप तयार गर्ने क्रममा यस योजना अवधिका लागि अनौपचारिक शिक्षा र आजीवन सिकाइ कार्यक्रमका उद्देश्य, रणनीतिहरू, कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

### ३.५.२. वर्तमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अभिभावक शिक्षा, अनौपचारिक शिक्षा तथा वैकल्पिक शिक्षा, निरन्तर शिक्षा, सामुदायिक सिकाइ केन्द्र सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन गर्ने अधिकार स्थानीय तहलाई दिएको परिप्रेक्ष्यमा यस महालक्ष्मी नगरपालिकाले समेत अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी वहन गर्दै आएको छ । नगरपालिकामा अनौपचारिक शिक्षा र आजीवन सिकाइलाई आगामी ५ वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्धन गर्नेतर्फ लैजानुपर्ने देखिन्छ । नेपालको शिक्षा क्षेत्र योजना २०७९ - २०८८ मा अनौपचारिक शिक्षा र आजीवन सिकाइको प्रावधानलाई कार्यान्वयनमा ल्याउन विगत आधा शताब्दीमा मुलुकमा भए गरेका परीक्षणहरू, विभिन्न अन्तर्राष्ट्रिय अनुभवहरू तथा सबै सरोकारवालाहरूको सल्लाह र सुझावको आधारमा समय सापेक्ष सुधार गर्नुपर्ने देखिन्छ । नेपालको संविधानले सुनिश्चित गरेको शिक्षा प्रात्त गर्न हक, राष्ट्रिय शिक्षानीति २०७६ ले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य तथा सोह्रौं आवधिक योजनाले अपेक्षा गरेको प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीलाई अगाडि बढाउनुपर्ने अवस्था छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलक तुल्याई अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ

संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाको माध्यमबाट जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पर्ने उद्देश्य निर्धारण गरेको छ। त्यसैले देशको भूगोल र हालसम्मको शिक्षाको पहुँचसँगसँगै नागरिकको सिकाइको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाले शिक्षा सम्बन्धी वैकल्पिक सिकाइका माध्यम अवलम्बन गर्नुपर्ने देखिन्छ।

यस नगरपालिकामा जम्मा ४ ओटा सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा आएका छन्। जसले निरन्तर रुपमा अनौपचारिक शिक्षा, जीवनपर्यन्त सिकाइ र निरन्तर शिक्षा सीप विकास र जनचेतनाका कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन्। यस नगरपालिकामा स्थित सामुदायिक सिकाइ केन्द्रहरूले परालबाट बन्ने सुकुल, सोफा, चप्पल, पिरा, स्थानीय सीप, सामुहिक तरकारी खेती, अचार बनाउने तालिम, स्रोत र साधनको प्रयोग गरी विभिन्न आयमूलक कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ। ललितपुर जिल्ला २०७१ असार १ मा पूर्ण साक्षर जिल्ला घोषणा भईसकेको छ। अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चिता गर्न अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

- ❖ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्न,
- ❖ अनौपचारिक, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रूपमा संस्थागत विकास गराउन,
- ❖ साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसँगै समय सापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ लगायत आजीवन शिक्षा तथा सक्षमताको व्यवस्थापन गर्न,
- ❖ परम्परागत शिक्षाको संरक्षण, प्रवर्धन, व्यवस्थापन, नियमन र प्रमाणीकरणका लागि स्पष्ट नीति, मापदण्ड निर्धारण गरी संस्थागत सुदृढीकरण गर्न,
- ❖ मौलिक तथा पुस्तौनी ज्ञानसिपको पहिचान, संरक्षण प्रवर्धन एवम् स्तरीय ढाँचामा रूपान्तरण गर्न,
- ❖ समग्र कार्यक्रमलाई समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रूपमा विकास गर्न भौतिक, वित्तीय, मानव स्रोत र प्रविधिको पक्षमा सुदृढ गर्न,

- ❖ गुणस्तरीय जीवनका लागि आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवधारणागत स्पष्टता गर्न,
- ❖ सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ आवश्यकता सम्बोधन गर्न सक्ने बनाउन,
- ❖ अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षाका लागि मापदण्ड अनुकूल पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्रीहरू विकास गर्न,
- ❖ आवश्यकतामा आधारित आजीवन सिकाइसँग सम्बन्धित मोडुल र सिकाइ सामग्री विकास र कार्यान्वयन गर्न,
- ❖ संस्थागत क्षमता विकासका लागि पर्याप्त स्रोतको व्यवस्था गर्न ।

### ३.५.३. उद्देश्य

यस योजनाको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ कार्यक्रमको समग्र उद्देश्य सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्नका लागि निम्नलिखित उद्देश्यहरू राखिएको छ :

- ❖ नगरभित्रका सबै युवा तथा प्रौढ नागरिकहरूलाई साक्षरता सिप प्रदान गर्नु,
- ❖ सबै नागरिकका लागि कार्यमूलक साक्षरता, समावेशी तथा समतामूलक शिक्षा, खुला र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
- ❖ सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरू सञ्चालन गर्नु ,
- ❖ औपचारिक, अनौपचारिक र अतिरिक्त शिक्षाका विच अन्तरसम्बन्ध स्थापित गरी योग्यताको समकक्षता, गतिशीलत र पारगम्यता सुनिश्चित गर्दै राष्ट्रिय योग्यता प्रारूपमा आधारित शिक्षा प्रणालीको विकास गर्नु,
- ❖ आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीणकरण गर्नु,

### ३.५.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

- ❖ सामुदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने,
- ❖ सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैरसरकारी सङ्घसंस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम परिचालन गरी साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने,
- ❖ सिकारुका आवश्यकताअनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको निर्माण र प्रयोग गर्ने,
- ❖ सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने,
- ❖ सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफ.एम. सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
- ❖ सामुदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरू सञ्चालन गर्ने,

### ३.५.५.उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त हुनेछ ।

**ख) नतिजाहरू**

- ❖ सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरू प्राप्त हुनेछ ।
- ❖ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई सञ्चालन हुनेछ ।

❖ सिकारूको आवश्यकताअनुसार जीवनपर्यन्त सिकाइका सामग्रीहरू कार्यान्वयन हुनेछ ।

❖ सामुदायिक सिकाइ केन्द्र आजीवन सिकाइको केन्द्रका रूपमा विकास हुनेछ ।

❖ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइबाट आर्जित ज्ञान तथा सिपको पहिचान एवम् प्रमाणीकरण गरी समकक्षता प्रदान हुनेछ ।

❖ अनौपचारिक तथा आजीवन सिकाइसम्बन्धी तथ्याङ्क अध्यावधिक हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३) | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | भाषिक तथा गणितीय साक्षरता सिप (पन्ध्र वर्षभन्दा माथि)* % | ९५% | ९६.०% | ९६.५% | ९७.०% | ९७.५% |
| २. | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ४ | | | | |
| ३. | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | १ | १ | १ | १ |

## ग) प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्क सङ्कलन तथा खण्डिकृत डाटावेस तयारी | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ३ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन | ओटा | ४ | | | | | ४ | ४ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रलाई सामुदायिक पुस्तकालयका रूपमा सञ्चालन | ओटा | १ | | १ | १ | १ | ४ | ४ | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको सुदृढीकरण | पटक | निरन्तर | | | | | | | |
| ६ | सरकारी तथा गैरसरकारी निकायसँग साझेदारी र सहकार्य | ओटा | निरन्तर | | | | | | | |
| ७ | मौलिक तथा परम्परागत ज्ञानमा आधारित सामग्री विकास | पटक | | १ | | १ | | २ | २ | |
| ८ | सूचना तथा सञ्चार प्रविधिको प्रयोग | सा.सि.के. | निरन्तर | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ९ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय | विद्यालय | २ | | | २ | | ४ | ४ | |

# परिच्छेद ४ अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूमा पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन शिक्षक व्यवस्थापन र विकास, शैक्षिक समता र समावेशीकरण , विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम, विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता , विद्यालय भौतिक पूर्वाधार विकास , विद्यालयमा सूचना तथा सञ्चार प्रविधि सहितको योजनाको खाका प्रस्तुत गरिएको छ । यस परिच्छेदले अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूलाई व्यवस्थित गर्दै विभिन्न उपक्षेत्रका उपलब्धिहरूलाई आँकलन गर्न सहयोग पुग्नेछ । यसमा उल्लिखित प्रत्येक विषयको अवधारणा तथा विद्यालय शिक्षाको आवश्यकता, विद्यमान अवस्थाको विश्लेक्षण गरी चुनौतीहरूमा विशेष जोड दिइएको छ ।

## ४.१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१. वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्त्वपूर्ण आधार पाठ्यक्रम हो । औपचारिक शिक्षा पद्धतिमा पाठ्यक्रमद्वारा निर्देशित ज्ञान, सिप तथा अभिवृत्ति प्राप्तिमा विद्यार्थीलाई सक्षम बनाउने दिशामा शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रिया सञ्चालित हुनुपर्छ । पाठ्यक्रम कुनै कक्षा वा तहमा कुन कुन विषयवस्तु सिकाउने भन्ने कुरासँग मात्र सम्बन्धित नभइ विद्यार्थीमा के कस्ता क्षमता विकास गराउने हो अर्थात किन पढाउने, के कस्ता क्रियाकलापका माध्यमबाट अपेक्षित सक्षमता हासिल गराउन सकिन्छ र विद्यार्थीले सिकेको वा नसिकेको सुनिश्चित गरी आवश्यक पृष्ठपोषण प्रदान गर्न के कसरी मूल्याङ्कन गर्ने भन्ने कुरा निर्धारण गर्ने महत्त्वपूर्ण आधार हो । पाठ्यक्रमको माध्यमबाट व्यक्तिलाई समाज तथा विश्व परिवेशअनुकूल समायोजन हुन्, रोजगारी प्राप्त गर्न, पेशा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा सरिक हुन सहयोग प्राप्त हुनुपर्छ । पाठ्यक्रम निश्चित मूल्य तथा मान्यतामा विकास गरिएको हुनाले यसले सामाजिक मूल्यमान्यता तथा व्यवहारलाई सान्दर्भिक रूपसहित आत्मसात् गर्न, विभेदरहित, समतामूलक, र समावेशी दृष्टिकोण अनुरूप व्यवहार गर्न आफ्नो तथा अरूको अधिकार र कर्तव्यप्रति सचेत रहन, सिर्जनात्मक तथा तथ्यपरक ढङ्गबाट सोच्नक र निर्णय गर्न सहयोग गर्नुपर्छ ।

यसरी पाठ्यक्रम एउटा शिक्षा प्रणालीलाई मार्गदर्शन गर्ने आधार भएकोले यसको विकास तथा कार्यान्वयन उपयुक्त ढङ्गले हुनुपर्छ । मानवीय आवश्यकता, बालबालिकाको रूचि, सामाजिक मूल्यमान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा प्रविधि अनुकूल पाठ्यक्रमलाई एउटा गतिशिल र लचिलो प्रक्रियाका रूपमा लिनु आवश्यक छ ।

### ४.१.२. वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ कार्यान्वयन गर्ने क्रममा विद्यालय तहमा नयाँ पाठ्यक्रम विकास गरी वि.सं. २०७७ देखि कक्षा १ र ११ मा कार्यान्वयन सुरु भएको छ भने वि.सं. २०८० सम्ममा विद्यालय तहका सबै कक्षाहरू अर्थात् कक्षा १-१२ मा यो पाठ्यक्रम कार्यान्वयन हुने योजना रहेको छ । विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-३ मा एकीकृत पाठ्यक्रमको अवधारणाबमोजिम अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नु पर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ । त्यसै गरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ ।

पाठ्यक्रममा सामाजिक तथा नागरिक शिक्षा दिने, विद्यालय तह पुरा गरेपछि पेसा, व्यवसाय तथा रोजगारीमा जान चाहनेलाई सहयोग गर्ने र उच्चशिक्षा प्रवेश गर्न चाहनेहरूका लागि तयारी गराउने गरी माध्यमिक तहमा अनिवार्य तथा विभिन्न ऐच्छिक विषयहरू समावेश गरिएको छ भने प्राविधिक धार अध्ययन गर्न सक्ने व्यवस्था पनि गरिएको छ । विद्यालय तहको कक्षा ९ देखि नै प्राविधिक धारको पाठ्यक्रम कार्यान्वयनको जटिलताको विश्लेषण गरी यस धारको पाठ्यक्रममा सुधार तथा समायोजन गर्नु जरुरी भएको छ । प्रारम्भिक बालविकास र शिक्षाको पाठ्यक्रम, शिक्षण सिकाइ तथा मूल्याङ्कनसम्बन्धी व्यवस्थामा सुधारको खाँचो देखिएको छ ।

विद्यार्थी मूल्याङ्कनमा सुधार गरी आधारभूत तहमा निरन्तर मूल्याङ्कन पद्धतिको कार्यान्वयन, आन्तरिक र बाह्य मूल्याङ्कनको व्यवस्था, कक्षा ८ र १० का अनिवार्य विषयमा स्तरीकृत परीक्षाको प्रारम्भ गरी परीक्षण र मूल्याङ्कनमा पनि सुधारको प्रयास सुरु गरिएको छ तापनि मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइमा निरन्तर पृष्ठपोषण प्राप्त गरी सिकाइ सुधार गर्ने कार्यमा प्रभावकारीरूपमा प्रयोग गर्ने र परीक्षालगायत मूल्याङ्कनका साधन तथा विधिहरूलाई प्रभावकारी बनाउने कार्यमा सुधारको आवश्यकता रहेको छ । कक्षा ८, १०, ११ र १२ को अन्तमा सञ्चालन हुने परीक्षालाई थप विकेन्द्रित गर्दै व्यवस्थित, बैध र विश्वसनीय बनाउनु पर्नेछ । विद्यालयमा आधारित मूल्याङ्कनका नतिजा विश्लेषणको प्राप्तिलाई प्रयोग गर्ने कार्य व्यवस्थित बनाउनु आवश्यक भएको छ ।

सरकारले कक्षा १-१० मा अध्ययन गर्ने सबै विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरेको छ । अधिकांश संस्थागत र केही सामुदायिक विद्यालयहरूले भने निजी क्षेत्रका प्रकाशकद्वारा प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तक मध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गरिरहेका छन् । विद्यालय तहमा बहुपाठ्यपुस्तक लागु गरिने नीतिगत व्यवस्था भए पनि हालसम्म यसको कार्यान्वयन भएको छैन । पाठ्यक्रम विकास केन्द्रले विभिन्न समयमा पाठ्यक्रम, पाठ्यपुस्तक लगायत केही बाल सन्दर्भ सामग्रीहरू विकास गरी त्यसको विद्युतीय प्रति वेवसाइटमा राख्ने गरेको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन आवश्यक छ ।

महालक्ष्मी नगरपालिकामा शैक्षिक सत्र २०७७ देखि नगरपालिकाले आधारभूत तह कक्षा १-८ को स्थानीय विषयको पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा रहेको छ। कक्षा १ र ८ को स्थानीय पाठ्यपुस्तक निर्माण भई कार्यान्वयनमा छ। स्थानीय विषयले यस पालिकाको समग्रता झल्काउन मद्दत पुऱ्याई बालबालिकालाई आफ्नो परिवेशअनुकूलको विषयवस्तुमा सहज तरिकाले परिचित हुन सहयोग पुऱ्याएको छ। स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको, व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित भई स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गरिएको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य, सामुदायिक कार्यलगायतका व्यवहारिक अभ्यास गराउनु पर्ने व्यवस्था छ।

आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमार्फत उदार कक्षाउन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुने गरेको छ। कक्षा १० र १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरुप हुने गरेको छ।

स्थानीय पाठ्यक्रममा विद्यालय तहको पाठ्यक्रमलाई सान्दर्भिक तथा प्रभावकारी बनाउन कक्षा १-८ मा अन्तरसम्बधित विषयवस्तुलाई एकीकृत गरिएको छ। व्यवहार कुशल तथा जीवनोपयोगी सीपहरू समावेश हुने गरी सिकाइ क्रियाकलाप तर्जुमा गर्ने रणनीति लिइएको छ। आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयवस्तुलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बधित गराइ सिकाइ क्रियाकलाप सञ्चालन

गर्ने व्यवस्था गरिरहेको छ। प्रत्येक विषयमा विषयवस्तुको स्वरूपअनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशतसम्म भारको प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक कार्य लगायतका व्यवहारिक अभ्यास गराउनुपर्ने व्यवस्था छ। त्यसैगरी यसले सिकाइमा प्रयोग गरिने माध्यम भाषाले सिकाइमा बाधा नपर्ने गरी आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहार कुशल सीपका रूपमा एकीकृत गर्नुका साथै सिकाइको माध्यमका रूपमा प्रयोगलाई विस्तार गर्ने र विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारका लागि निरन्तर पृष्ठपोषण प्रदान गर्ने गरी प्रयोग गर्ने नीति लिएको छ। आधारभूत तह कक्षा १-३ मा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली मार्फत उदार कक्षा उन्नति नीति अपनाइएको छ भने आधारभूत तह कक्षा ४-५ मा ५० प्रतिशत निर्णयात्मक र ५० प्रतिशत निर्माणात्मक मूल्याङ्कन बिधि अपनाइएको छ। आधारभूत तह कक्षा ६-८ मा ६० प्रतिशत निर्णयात्मक र ४० प्रतिशत निर्माणात्मक मूल्याङ्कन अपनाइएको छ। आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली अपनाइएको छ। कक्षा ८ को वार्षिक परीक्षा पालिका स्तरमा हुनेछ। कक्षा १० तथा १२ को अन्तिम परीक्षा राष्ट्रिय परीक्षा बोर्डको निर्देशन अनुरूप हुने गरेको छ। पाठ्यक्रम र मूल्याङ्कनमा देखिएका विद्यमान चुनौतीहरू :

- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गराउन,
- सबै शिक्षकलाई नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीको अभिमुखीकरण गर्न,
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास गर्न,
- प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार अनुरूप मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्न,
- स्थानीय पाठ्यक्रम विकास तथा अद्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउन,
- सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको प्रयोग गर्न,
- स्थानीय पाठ्यक्रम कार्यान्वयन तथा मूल्याङ्कनमा स्थानीय तह अर्थपूर्ण सहभागिता गराउन,
- अपाङ्गतामैत्री पाठ्यपुस्तक तथा कार्यपुस्तिकाको प्रयोग गर्न,

❖ योग्यता प्रमाणीकरणका लागि तहगत स्तर निर्धारण र समकक्षता प्रदान गर्ने ।

### ४.१.३. उद्देश्य

यस योजनाले पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

❖ पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,

❖ निरन्तर, आवधिक तथा स्तरीय मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,

❖ स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु ।

### ४.१.४. रणनीतिहरू

उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

❖ राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरुप पाठ्यक्रम कार्यान्वयन गर्ने,

❖ पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारबालहरूलाई प्रबोधिकरण गर्ने,

❖ पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,

❖ विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,

❖ शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्यायन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने,

❖ माध्यम भाषाका रूपमा आवश्यकताअनुसार स्थानीय भाषा र बहुभाषा प्रयोग गर्ने,

- ❖ पाठ्यक्रम कार्यान्वयनका लागि विभिन्न सङ्घसंस्थासँग समन्वय तथा सहकार्य गरी विद्यालयमा आधारित  सहयोग पद्धति विकास गर्ने,
- ❖ सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
- ❖ मूल्याङ्कन प्रक्रियामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग बढाउने,
- ❖ स्थानीय पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
- ❖ स्थानीय मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई प्रोत्साहित गर्ने,
- ❖ विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्तिविकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सिर्जना गर्ने,
- ❖ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई शिक्षण सिकाइको अभिन्न अङ्गको रुपमा प्रयोग गर्ने,

### ४.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा  सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण हुनेछ ।
- ❖ निरन्तर, आवधिक तथा स्तरीय मूल्याङ्कन पद्धतिको कार्यान्वयन गरिनेछ ।
- ❖ स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री कार्यान्वयन गरिनेछ ।

**ख) नतिजा**

❖ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनवाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

❖ निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिको प्रभावकारी प्रयोग भएको हुनेछ ।

❖ विद्यार्थीहरूमा ज्ञान, सिप र अभिवृत्तिको विकास भई व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।

❖ कक्षा १-३ मा व्यवहार कुशल सिपहरू सहित अन्तरविषयक तथा बहुविषयक ढाँचाको एकीकृत पाठ्यक्रम कार्यान्वयन हुनेछ ।

❖ कक्षा १-८ सम्म सबै विद्यालयमा सम्बन्धित स्थानीय तहले विकास वा समायोजन गरेअनुसार स्थानीय पाठ्यक्रम कार्यान्वयन हुनेछ ।

❖ प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तहसम्म विशेषत कक्षा १-३ मा आवश्यकतानुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषाको प्रयोग गरी सिकाइ सहजीकरण हुनेछ ।

❖ कक्षाकोठा सिकाइको अभिन्न अङ्गका रूपमा सिकाइ सुधारको माध्यमका रूपमा मूल्याङ्कनको प्रयोग हुनेछ ।

❖ सिकाइ क्रियाकलाप बालमैत्री स्थानीय सन्दर्भ सापेक्ष, सान्दर्भिक तथा प्रभावकारी हुनेछ ।

❖ पाठ्यक्रम विकास तथा परिमार्जन सहभागितात्मक हुनेछ ।

❖ पाठ्यक्रम परिमार्जन तथा सुधार अनुसन्धानमा आधारित हुनेछ ।

❖ पाठ्यक्रम कार्यान्यनका लागि नतिजा अर्थात विद्यार्थीको सिकाइमा आधारित उत्तरदायित्व बहन हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| २. | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | १४ | १४ | १४ | १४ | १४ | १४ |
| ४. | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

## ग) प्रमुख क्रियाकलापको तालिका

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **एकाइ** | **बर्ष** | | | | | | **भौतिक लक्ष्य (५वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | स्थानीय पाठ्यक्रम अध्यावधिक | पटक | १ | | | | १ | २ | २ | |
| २ | स्थानीय पाठ्यक्रम प्रबोधीकरण तालिम सञ्चालन | शिक्षक | १ | | | | १ | २ | २ | |
| ३ | स्थानीय पाठ्यपुस्तक अभिमुखीकरण | शिक्षक | १ | | | | १ | १ | १ | |
| ४ | आवधिक विद्यार्थी मूल्याङ्कन | पटक | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |
| ५ | मूल्याङ्कनका लागि डिजिटल सामाग्रीको निर्माण | ओटा | | | ५ | ५ | ५ | १५ | १५ | |
| ६ | प्रयोगात्मक तथा परियोजनामा आधारित मूल्याङ्कन सामग्रीको प्रयोग | विद्यालय | १४ | १४ | १४ | १४ | १४ | ७० | ७० | |
| ७ | प्रयोगात्मक तथा परियोजनामा आधारित मूल्याङ्कन सामग्रीको अद्यावधिक | पटक | | | १ | | | १ | १ | |
| ८ | नि:शुल्क पाठ्यपुस्तक | विद्यार्थी | सबै विद्यार्थी प्रत्येक वर्ष | | | | | | | |
| ९ | अभ्यास पुस्तिकाहरूको विकास | पटक | | १ | १ | १ | १ | ४ | ४ | |
| १० | सन्दर्भ सामग्रीहरूको निर्माण | पटक | | १ | १ | १ | १ | ४ | ४ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | बर्ष | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ११ | आधारभूत तहको परीक्षा सञ्चालन व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | सुपरिवेक्षण तथा अनुगमन | विद्यालय | निरन्तर | | | | | | | |

## ४.२. शिक्षक व्यवस्थापन र विकास

### ४.२.१. परिचय

विद्यार्थीको सिकाइ सुधारमा मुख्य भूमिका शिक्षकको रहन्छ । सबै तहको शिक्षामा योग्य, दक्ष, समर्पित र अभिप्रेरित शिक्षकहरूको व्यवस्थापनबाट मात्र गुणस्तर सुनिश्चित गर्न सकिन्छ । शिक्षकमा विद्यमान विषयवस्तुको ज्ञान, शिक्षण सिप र नमुना व्यक्तित्वले विद्यार्थीहरूको सिकाइमा सकारात्मक प्रभाव पार्दछ । यसका लागि शिक्षक व्यवस्थापन र विकास प्रभावकारी हुन जरूरी छ । वर्तमान अवस्थामा शिक्षक तयार गर्ने काम विश्वविद्यालय र विद्यालयहरू (उच्च मा.वि.) ले गरिरहेका छन् । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने, शिक्षक दरबन्दीमा पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवासम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । यसैगरी अस्थायी शिक्षक नियुक्ति तथा कार्यसम्पादन मूल्याङ्कनको कार्य स्थानीय तहले गर्दै आएका छन् । शिक्षकको पेशागत विकास सम्बन्धी नीति निर्माण गर्ने काम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणीकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले गर्दै आएको छ भने शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम शिक्षा तालिम केन्द्रहरूले गर्दै आएका छन् ।

शिक्षक सेवा आयोग नियमावली, २०५७ ले शिक्षक हुनका अध्यापन अनुमतिपत्र लिएको हुनुपर्ने, शिक्षक सेवा आयोगबाट सञ्चालित परीक्षा उत्तीर्ण हुनुपर्ने, बढुवाका निमित्त निश्चित मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था र नियमित रूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको देखिएपनि स्थायित्व पाउन सकेको छैन । प्रदेशस्तरमा शिक्षक सेवा आयोग स्थापना गरी संस्थागत सुदृढीकरण गर्नुपर्ने माग सम्बोधन हुन सकेको छैन । अस्थायी, राहत र निजी श्रोतमा शिक्षक नियुक्ति तथा व्यवस्थापनका लागि उपयुक्त मापदण्ड र निर्देशिका निर्माण गरी प्रयोगमा ल्याउन जरूरी भईसकेको छ ।

### ४.२.२. वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ बमोजिम सबै प्रकारका विद्यालयमा अध्यापन गर्ने शिक्षकका लागि राष्ट्रिय शिक्षक सक्षमताको मापदण्ड निर्धारण गरी सोको आधारमा शिक्षक तयार गर्ने र शिक्षक सक्षमताका आधारमा पेशागत विकास कार्य सञ्चालन गरिने उल्लेख भए अनुरूप मन्त्रालय र विश्वविद्यालयहरू बीचको सहकार्य शिक्षक तयारी कोर्स विकास गरी कार्यक्रम सञ्चालन नगरपालिकाले गरेको छ । विद्यमान शिक्षक अभाव पूर्तिको लागि यस योजनाले स्वइ.सेवक शिक्षक परिचालन, विद्यालय शिक्षाको गुणस्तर सुधारको लागि क्षमता विकास र शिक्षक सहायता प्रणालीको विकास, शिक्षकले शिक्षण सिकाइमा बिताउने समयावधि कार्यान्वयन कार्यविधि कार्यान्वयन, असल अभ्यासहरूको प्रचारप्रसार, तहगत पाठ्यक्रम कार्यान्वयनका लागि अनुगमन, उत्कृष्ट सिकाइ उपलब्धि हासिल गराउने शिक्षकलाई प्रोत्साहन, विषयगत शिक्षक (सिकाइ सञ्जाल) समूह परिचालन, कक्षा अवलोकन, छलफल, नियमित अनुगमन तथा पृष्ठपोषण आदानप्रदान, जस्ता कार्यक्रमहरू सञ्चालन गर्ने लक्ष्य नगरपालिकाले लिएको छ । शिक्षक व्यवस्थापन र विकासका क्षेत्रमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएका छन् :

- ❖ शिक्षण पेसालाई रोजाइको पेसाका रूपमा विकास गर्न,
- ❖ पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न र शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित बनाउन शिक्षण विधितथा शिक्षण सिकाइ क्रियाकलापमा विविधता ल्याउन,
- ❖ शिक्षक पेसागत सहयोगको सुदृढ प्रणाली स्थापित गर्न,
- ❖ शिक्षकको पेसागत विकासको अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न,
- ❖ विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आबद्ध गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न,
- ❖ उपलब्ध शिक्षकहरूको औचित्यपूर्ण वितरण गर्नुका साथै आवश्यक विषयगत विशिष्टतासहित आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,

### ४.२.३. उद्देश्य

यस नगरपालिकाको शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छन् :

- ❖ विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन गर्नु,
- ❖ सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु,
- ❖ शिक्षकको निरन्तर पेसागत विकासका अवसरहरूको सुनिश्चितता गर्नु,
- ❖ शिक्षक विकास तथा निरन्तर पेशागत सहायता प्रणाली स्थापना गर्नु,
- ❖ नगरपालिका अन्तर्गत स्वयम्सेवक शिक्षकको छनोट गर्नु,
- ❖ कक्षाकोठामा शिक्षकको नियमितताको लागि निरन्तर अनुगमन र शिक्षकको पेशागत सहयोग प्रणालीको विकास गर्नु ।

### ४.२.४. रणनीतिहरू

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि यस शिक्षा योजनाले निम्न रणनीतिहरू तय गरेको छ :

- ❖ शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
- ❖ रिक्त शिक्षक दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकहरूको व्यवस्थापन गर्ने,
- ❖ शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकाससम्बन्धी सेवाकालीन तालिम सञ्चालन गर्ने,
- ❖ शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने र यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने ,
- ❖ शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,

- ❖ शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

### ४.२.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रुपमा शिक्षक व्यवस्थापन भएको हुनेछ ।
- ❖ शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसरहरू प्राप्त भएको हुनेछ ।

**ख) नतिजा**

- ❖ पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुनेछ ।
- ❖ शिक्षक तयारीका कोर्सहरूमा पर्याप्त विषयगत तथा शिक्षण सिकाइ सम्बन्धी सक्षमता विकास हुने गरी पुनर्संरचना तथा सुधार हुनेछ ।
- ❖ शिक्षण पेशा थप प्रतिस्पर्धी र सम्मानित हुनेछ ।
- ❖ पेसागत विकासका प्रावधानहरूको विस्तार र सुदृढीकरण भई नगरपालिकामा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत निरन्तर पेसागत सहयोग प्राप्त गराउनेछ ।
- ❖ शिक्षकको उपस्थिति, शिक्षण विधि तथा तौरतरिका र कार्यसम्पादनमा सुधार हुनेछ ।
- ❖ शिक्षकको वृत्ति विकासका लागि पारदर्शी र पूर्वानुमानयोग्य र वस्तुनिष्ठ आधारसहितको पद्धति स्थापित हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४२ | | ५ | ५ | |
| २. | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | शतप्रतिशत | | | | |
| ३. | माध्यमिक तह (कक्षा (९-१२) मा कार्यरत न्यूनतम योग्यता | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तथा तालिम प्राप्त शिक्षक(%) | | | | | |
| ४. | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ७०% | ७५ | ८० | ८५ | ९० |
| ५. | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | १४ | १४ | १४ | १४ | १४ |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य निर्धारण

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **एकाइ** | **बर्ष** | | | | | | **भौतिक लक्ष्य (५वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | शिक्षक नियुक्ति | | नियमित प्रक्रिया | | | | | | | |
| २ | अस्थायी तथा विद्यालय स्रोतबाट नियुक्त शिक्षकहरूको व्यवस्थापनका लागि मापदण्ड तथा निर्देशिका तयारी | सङ्ख्या | १ | | | | | १ | १ | |
| ३ | अपाङ्गता भएका व्यक्ति, महिला, सीमान्तकृत वर्गका व्यक्तिहरूलाई शिक्षण पेसामा सहभागी गराउन क्षमता अभिवृद्धि | सङ्ख्या | आवश्यकता अनुसार | | | | | | | |
| ४ | नियमित शिक्षण सिकाइ सुनिश्चित गर्न मापदण्डको विकास गर्ने | सङ्ख्या | १ | | | | | १ | १ | |
| ५ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा सञ्चालन गर्ने | सङ्ख्या | आवश्यकता अनुसार | | | | | | | |
| ६ | उपचारात्मक शिक्षण पद्धति लागु गर्ने | विद्यालय | १४ | | | | १४ | १४ | | |
| ७ | अपाङ्गता भएका बालबालिकाका लागि विशेष व्यवस्था | | आवश्यकता अनुसार | | | | | | | |
| ८ | पुस्तकालय | सङ्ख्या | ७ | १ | २ | २ | १२ | | | |
| ९ | सूचना प्रविधि प्रयोगशाला | सङ्ख्या | ७ | २ | २ | ३ | १४ | १४ | | |
| १० | विज्ञान प्रयोशाला | सङ्ख्या | ७ | १ | १ | २ | ११ | ११ | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | बर्ष | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ११ | प्राविधिक व्यावसायिक शिक्षा धार सञ्चालन भएका विद्यालयमा प्रयोगशालाको प्रबन्ध | सङ्ख्या | १ | | १ | | २ | | २ | |
| १२ | शिक्षण तथा सिकाइ सामग्री विकास | पटक | निरन्तर सबै विद्यालयमा | | | | | | | |
| १३ | ईन्टरनेट सेवाको व्यवस्था | विद्यालय | सबै विद्यालय | | | | | | | |
| १४ | शिक्षण सिकाइमा सूचना तथा सञ्चार र प्रविधिको प्रयोग | विद्यालय | सबै विद्यालय | | | | | | | |
| १५ | निरन्तर विद्यार्थी मूल्याङ्कन | विद्यार्थी | सबै विद्याथी | | | | | | | |
| १६ | परीक्षाको नतिजा विश्लेषण | विद्यार्थी | सबै विद्यार्थी | | | | | | | |
| १७ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | शिक्षक | सबै विद्यालय | | | | | | | |
| १८ | विद्यालयमा आधारित सुपरिवेक्षण तथा सहयोगका लागि क्षमता विकास | विद्यालय | निरन्तर | | | | | | | |
| १९ | शिक्षक पेसागत सहयोग | शिक्षकहरू | सबै शिक्षकहरू | | | | | | | |
| २० | असल अभ्यासको अवलोकन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २१ | सिकाइ आदानप्रदान, क्षमता विकास, प्रविधि हस्तान्तरण र ज्ञानको सञ्जालिकीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २२ | विज्ञ समूहको गठन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २३ | सहपाठी कक्षा अवलोकन | | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २४ | छोटो अवधिको शिक्षक तालिम | ओटा | १ | १ | १ | १ | १ | ५ | ५ | |
| २५ | विद्यालयतहमा शिक्षकको पेसागत विकास | | निरन्तर | | | | | | | |
| २६ | कार्यसम्पादन मूल्याङ्कन | विद्यालय | सबै विद्यालय | | | | | | | |
| २७ | प्रधानाध्यापकको व्यवस्था | विद्यालय | १४ | | | | | १४ | १४ | |
| २८ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | आवश्यकता अनुसार | | | | | | | |

## ४.३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१. परिचय

शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो । वर्ग, जात, लिङ्ग, उमेर, साक्षरता आदि विद्यमान सामाजिक असमानताका कारण शिक्षाको पहुँच प्रभावित हुनु हुँदैन । त्यसरी नै, शिक्षाको पहुँच असमान भई सामाजिक समतालाई खलबल्याउने परिस्थिति सिर्जना हुनु समाज र राष्ट्रका लागि घातक हुन्छ । विद्यमान असमानतालाई सम्बोधन गरी समतामूलक र समावेशी शिक्षा सुनिश्चित गर्न औपचारिक शिक्षा पद्दति मात्र पर्याप्त हुँदैन । तसर्थ औपचारिक शिक्षाप्रणालीमा नअटाउने तर सामाजिक र वैयक्तिक स्तरोन्नतिका लागि आवश्यक विषयहरूमा सान्दर्भिक, व्यवहारिक र सुलभ सिकाइको वातावरण सिर्जना गर्नु अपरिहार्य हुन्छ ।

नेपालको संविधानको धारा ३१ ले यो अधिकारलाई स्थापित गरेको छ । सबै वर्ग र क्षेत्रका बालबालिकाको सामाजिक न्याय, पहुँच र प्रतिनिधित्वका लागि समावेशी शिक्षा आजको उपयुक्त र सान्दर्भिक मुद्दा बनेको छ । अपाङ्ता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, २००६ को धारा २४ ले अपाङ्ता भएका बालबालिकाले अन्य बालबालिकासँगै समान आधारमा समावेशी शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । समावेशी शिक्षा भन्नाले विभिन्न भाषा-भाषी, वर्ग, क्षेत्र र अपाङ्ता भएका बालबालिकाले हाँस्दै, खेल्दै घरनजिकैको विद्यालयमा जाने, समान आधारमा सबै बालबालिकासँगै सिक्न पाउने वातावरण सिर्जना गर्नु नै हो । यस पद्धतिले बालकेन्द्रित शिक्षामा जोड दिन्छ । बालबालिकाको रुचि, क्षमता र वैयक्तिक आवश्यकताका आधारमा उनीहरूलाई सुहाउँदो शिक्षा अरू बालबालिकासँगै उपलब्ध गराउने कार्य समावेशी शिक्षा हो । यस कार्यलाई सबैका लागि शिक्षा भन्ने बहुचर्चित शिक्षा अभियानले पनि अङ्गीकार गरेको छ । अवसर पाएमा सबै बालबालिकाले पढ्न र सिक्न सक्छन् भन्ने मान्यताका साथ समावेशी शिक्षाले अरू थप बहिष्करण हुनबाट रोक्छ र समाजसँगै हुर्कने, बढ्ने र पढ्ने एवम् पतिस्पर्धी बन्ने अवसर उपलब्ध गराउने नयाँ उपायहरू सुझाउँछ । विविध वर्ग, क्षेत्र, लिङ्ग, क्षमता, आर्थिक,सामाजिक परिवेशका बालबालिकालाई एउटै कक्षामा राखी शिक्षा दिंदा बालबालिकाले एकले अर्कोबाट सिक्ने मौका पाउँछन् र एकले अर्काको सम्मान, कदर गर्न सिक्छन् । नेपाल सामाजिक सांस्कृतिकरूपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक, सांस्कृतिक

तथा जातजातिगत समुदायहरूको बसोवास छ। विविधताको सम्मान र समता तथा समावेशिताको अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुनिश्चित गर्नका लागि यसका कारण तथा बाधाहरू पहिचान गरी ती बाधाहरू हटाउनु आवश्यक छ ।

नेपाली समाजमा रहेका विविधताहरूलाई सम्मान गर्दै बालबालिकाका विशेष क्षमतालाई प्रवर्धन, पहुँचमा विस्तार, सहभागिताको सुनिश्चितता, पहिचानमा विस्तार, समताको दरमा अभिवृद्धिका साथै प्रत्येक बालबालिकाले आफूलाई स्वीकारिएको र महत्त्व दिएको महसुस गर्न सक्नुपर्छ यस्ता मान्यताका आधारमा दलित तथा सीमान्तकृत र अल्पसङ्ख्यक तथा सांस्कृतिक समुदायहरूले ऐतिहासिक रूपमा सामाजिक, आर्थिक तथा शैक्षिक, लैङ्गिक, अपाङ्गता र व्यक्तिगत तवरले शैक्षिक पहुँच, अर्थपूर्ण सहभागिता र विशेषत बालबालिकाहरूमा शिक्षाको पहुँचमा शैक्षिक समता र समावेशीकरण सम्बन्धित चुनौतीहरूको पहिचान गरिएको छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिवृद्धि गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि महालक्ष्मी नगरपालिकाको शिक्षा पद्धतिमा हालसम्मका कार्य तथा प्रगतिको संक्षिप्त समीक्षा गरी त्यसमा देखिएका अन्तरहरूका आधारमा चुनौतीहरू पहिचान गरिएको छ । यस्ता अन्तर तथा चुनौतीहरू न्यूनीकरण गर्दै विविधताअनुकूल हुने गरी शिक्षामा सबैको सहज पहुँच, सहभागिता तथा सिकाइका लागि समता तथा समावेशिता अभिवृद्धि गर्नका लागि यस योजनामा अपनाइने रणनीति तथा क्रियाकलापहरू समेत उल्लेख गरिएको छ । समता तथा समावेशिता सम्बन्धी केही रणनीति तथा क्रियाकलापहरू प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षालगायत अन्य सम्बन्धित विषयगत खण्डमा पनि समावेश गरिएको भएपनि उल्लिखित उपक्षेत्रसँग अन्तरसम्बन्धित महत्त्वपूर्ण विषयका रूपमा यसलाई यस परिच्छेदमा  प्रस्तुत गरी योजनाको समग्र खाका समावेश गरिएको छ ।

### ४.३.२. वर्तमान अवस्था

यस नगरपालिकाभित्र विभिन्न जातिको बसोबास छ । फरक वर्ग, जाति, भाषिक, धार्मिक तथा सांस्कृतिक, परिवेशका समुदायको बसोबास रहेको यस पालिकाका सबै बालबालिकाहरूमा

शिक्षाको समान पहुँच हुनु जरुरी छ। स्थानीय अभिभावकका छोराछोरी र ज्यालामजदुरीका लागि सहर पसेका मजदुरका सन्तानको शिक्षामा समान पहुँच पुग्न सकिरहेको छैन । यसका लागि यस नगरपालिकाले विविधताको सम्मान र समता तथा समावेशिता सुनिश्चित गरी शिक्षामा सबैको सहज पहुँचसहित अर्थपूर्ण सहभागिता कायम गर्न र सिकाइ सुलभ बनाउनका लागि कार्य गरिरहेको छ ।

यस नगरपालिकाको सामुदायिक विद्यालय र सस्थागत विद्यालयमा गरी बालविकास कक्षाका ५८९२ जना बालबालिका मध्ये २६६१ जना छात्रा र ३२३१ छात्रा रहेका छन् । यसमा मानसिक अशक्र ५ जना विद्यार्थी मध्ये २ छात्रा र ३ छात्र, दृष्टिविहीन १ छात्रा र बोल्न नसक्ने १ छात्र छन् । ३१५३ जना जनजाति विद्यार्थी मध्ये १४४४ जना छात्रा र १७०९ जना छात्र रहेका छन् । ४७५ जना दलित मध्ये २०० छात्रा अनि २७५ छात्रा छन् । मधेसी ४५४ मा १८३ छात्रा र २७१ छात्र छन् । यस तहको लैङ्गिक समता सूचक (GPI) )०.९८ रहेको छ ।

यस नगरपालिकामा आधारभूत तह (१-८) मा १८२८१ विद्यार्थीहरू अध्ययनरत छन् । जसमध्ये छात्राहरूको सङ्ख्या ८२९१ र छात्रहरूको सङ्ख्या ९९९० रहेको छ। विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या ७७ रहेको छ भने जसमा ४० जना छात्रा तथा ३७ जना छात्र रहेका छन् । बौद्धिक अपाङ्ग विद्यार्थीको सङ्ख्या ३५ जना रहेकोमा १५ छात्रा र २२ जना छात्र रहेका छन् । सुस्तश्रवण छात्र १ छात्रा १ गरी २ जना छन् । पूर्ण दृष्टिविहीन ७ जना छात्रा र ४ जना छात्र गरी जम्मा ११ जना छन् । यसै गरी Low Vision भएका २ जना मध्ये १ छात्रा र १ छात्रा रहेका छन् । सुस्त श्रवण तथा दृष्टिविहीन १ जना छात्रा रहेकी छिन् । यस नगरपालिकामा आधारभूत तहमा जनजाति छात्राछात्रको सङ्ख्या अधिक रहेको छ जसमा १३४६३ जना छन् । ती मध्ये ६०१६ छात्रा र ७४४७ जना छात्र छन् । यस नगरपालिकामा आधारभूत तहमा १२१० जना दलित छात्राछात्रहरू अध्ययनरत छन् जसभित्र ५४२ छात्रा र ५४२ जना छात्र रहेका छन् । यसरी नै आधारभूत तहमा ५३७ छात्रा र ७३८ जना छात्र गरी जम्मा १२७५ जना मधेसी विद्यार्थी पनि यहाँ अध्ययनरत छन् । यस तहको खुद प्रवेश दर (NIR) ९५.६ छ, जसमा छात्राको ९५.६ र छात्राको ९६.५ रहेको छ । आधारभूत तहमा लैङ्गिक समता सूचक (GPI) ०.८२ रहेको छ ।

यस नगरपालिकामा माध्यामिक तहमा ५९४४ विद्यार्थीहरू अध्ययनरत छन्। जसमध्ये छात्राहरूको सङ्ख्या २७९२ र छात्रहरूको सङ्ख्या ३१५२ रहेको छ। यस तहमा विभिन्न किसिमका अपाङ्गता भएका विद्यार्थीको सङ्ख्या १६ रहेका छन्। जसमा ८ जना छात्रा तथा ८ जना छात्र रहेका छन्। यसमा शारीरिक अशक्त १० जना छन्। जस मध्ये ६ जना छात्रा तथा ४ जना छात्र रहेका छन्। मानसिक असक्त १ जना छात्र र २ जना छात्रा गरी जम्मा ३ जना देखिन्छन्। पूर्ण दृष्टिविहीन ७ जना छात्रा र ४ जना छात्र गरी जम्मा ११ जना छन्। यसै गरी Low Vision भएका ६ जना मध्ये २ छात्रा र ४ छात्रा रहेका छन्। सुस्त श्रवण तथा दृष्टिविहीन १ जना छात्र रहेका छन्। यस नगरपालिकामा माध्यामिक तहमा जनजाति छात्राछात्रको सङ्ख्या अधिक रहेको छ जसमा ३८३२ जना छन्। ती मध्ये १७०८ छात्रा र २१२४ जना छात्र छन्। यस नगरपालिकामा माध्यामिक तहमा ३५६ जना दलित छात्राछात्रहरू अध्ययनरत छन् जसभित्र १९५ छात्रा र १६१ जना छात्र रहेका छन्। यसरी नै माध्यामिक तहमा २०० छात्रा र २९१ जना छात्र गरी जम्मा ४९१ जना मधेसी विद्यार्थी पनि यहाँ अध्ययनरत छन् । यस तहको खुद प्रवेश दर (NER) ५८.४ छ, जसमा छात्राको ५९.९ र छात्राको ५७.० रहेको छ। माध्यामिक तहमा लैङ्गिक समता सूचक (GPI) ) १.०५ रहेको छ।

यस नगरपालिकामा बालविकासदेखि माध्यमिक तहसम्मको उमेर समूहका केहि बालबालिकाहरू विद्यालयबाहिर रहेका छन् भने बिचैमा विद्यालय छाड्ने दर पनि उल्लेख्य रहेको छ। जसलेगर्दा शिक्षामा सोचेजस्तो प्रगति गर्न मुस्किल पर्छ। नगरपालिको शिक्षा लिएको लक्ष्य हासिल गर्ने हो भने विद्यार्थीको तहगत टिकाउ दरमा सुधार गर्न आवश्यक देखिन्छ। त्यसैगरी विभिन्न तहको विद्यालय पुरा गर्ने मध्ये करिव दुई तिहाइ विद्यार्थीको शैक्षिक उपलब्धि सन्तोषजनक छैन। विद्यालयबाहिर रहेका बिचैमा विद्यालय छाडी तह पुरा नगर्ने र अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न नसकेकाहरूलाई सम्बोधन गरी समता तथा समावेशिता अभिवृद्धि गर्न आवश्यक देखिएको छ। उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरू पहिचान गरिएको छ :

❖ महिला, दलित, लोपोन्मुख समुदाय, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय कठिन भौगोलिक अवस्थामा रहेका जोखिममा परेका आर्थिकरुपले विपन्न द्वन्द्व प्रभावित तथा सामाजिक तथा आर्थिक कारणले वञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा पहुँच पुऱ्याउन,

❖ लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्न,

❖ विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता गर्न,

❖ सबै किसिमका अपाङ्गता भएकाहरूका लागि शिक्षामा पहुँच सुनिश्चित गर्न,

❖ पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ प्रक्रियालगायत समस्त शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशिता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउन,

❖ विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य-मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाह गर्न,

❖ जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न र विद्यमान संरचनाहरूलाई जवाफदेही बनाउन ।

### ४.३.३. उद्देश्यहरू

यस शिक्षा योजनाले शैक्षिक समता र समावेशीकरण सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

❖ सिमान्तकृत तथा लोपोन्मुख समुदाय, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक जोखिममा परेका, आर्थिकरुपले विपन्न, द्वन्द्व प्रभावित, सामाजिक तथा आर्थिक कारणले वञ्चितीमा परेका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउनु,

❖ विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण तथा शिक्षामा पहुँच सुनिश्चित गर्नु,

❖ लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु

❖ विद्यालयमा कुनैपनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता गरी बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना गर्नु ।

### ४.३.४. रणनीतिहरू

शैक्षिक समता र समावेशीकरण सम्बन्धी उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

❖ नगरपालिकाभित्र घरधुरी सर्वेक्षण गरी बालबालिकाको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध मिलाइने ,

❖ सबै प्रकारका विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकालाई विद्यालय शिक्षा उपलब्ध गराइने ,

❖ विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्थाहरू पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउँदै यसका लागि बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने,

❖ अपाङ्गताको किसिम तथा स्वरूप पहिचान गरी उपयुक्त समावेशी शिक्षाको व्यवस्थाका साथै आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध गर्ने,

❖ छात्रवृत्तिका लागि विपन्न लक्षित गरी आर्थिकरुपले विपन्न, सुविधाविहिन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरू सहभागी हुने व्यवस्था गर्ने,

❖ कार्यविधि तयार गरी आवश्यकता अनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,

❖ विद्यालयमा सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरीहरू लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,

- ❖ आाधारभूत तहमा मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिने,
- ❖ पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धि विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने,
- ❖ सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम तथा विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने,
- ❖ आधारभूत तहमा बहु तथा मातृभाषामा सिकाइको अवसर प्रदान गर्नुका साथै पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, इतिहास, ज्ञान तथा सिप समावेश ल्याइने,
- ❖ सिकाइ क्रियाकलापलाई सहभागिता मूलक बनाइ विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने गरी विविधता कायम ल्याइनेछ भने विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चितता सहित बालमैत्री वातावरण सिर्जना गरिने,
- ❖ विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गरिने,
- ❖ औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी गराइने,

### ४.३.५. उपलब्धि, प्रमुख कियाकलाप तथा लक्ष्य

#### क) उपलब्धि

- ❖ विद्यालयतहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ ।

**ख) नतिजा**

- ❖ विद्यालयमा कुनैपनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने सुनिश्चितता भई बालबालिकाको नियमित उपस्थिति, सहभागिता र सिकाइ सहज हुने वातावरण सिर्जना हुनेछ ।
- ❖ शारीरिक रूपमा कमजोर र सामाजिक रुपमा पछाडि परेका बालबालिकाहरूको सिक्न पाउने अधिकारको पहुँच सुनिश्चित भएको हुनेछ ।
- ❖ लक्षित समूहका व्यक्तिहरूको शिक्षामा समतामूलक पहुँच सुनिश्चित भई सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।
- ❖ विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकूल गुणस्तरीय सेवा प्रवाहका गर्ने जनशक्तिहरूको पेसागत दक्षता र सक्षमता सुनिश्चित गर्दै शैक्षिक सुशासन कायम गर्न विद्यमान संरचनाहरू जवाफदेही बन्नेछ ।
- ❖ विद्यालयहरूमा अपाङ्गमैत्री र लैङ्गिकमैत्री वातावरण सिर्जना हुनेछ ।
- ❖ औपचारिक विद्यालय शिक्षाबाट बञ्चितीमा परेका लक्षित समूहका बालबालिकाहरूको शिक्षा पाउने हकको सुनिश्चितताका लागि समुदाय, सामुदायिक अध्ययन केन्द्र, गैरसरकारी सङ्घसंस्था, निजी क्षेत्र र औपचारिक विद्यालयहरूलाई सहभागी हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.८२ | ०.८८ | ०.९५ | १ | १ | १ |
| २. | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.८८ | ०.९० | १ | १ | १ | १ |

## ग) प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | लक्षित समूहका बालबालिकाको पहिचान तथा परीक्षण गरी विशेष अवस्थाको आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | बालबालिका | १००० | १००० | १००० | १००० | १००० | ५००० | ५००० | |
| २ | शिक्षाको अवसरबाट बञ्चित हुनाका कारण पहिचान गरी वैयक्तिक आवश्यकता अनुसारको बैकल्पिक शैक्षिक कार्यक्रमहरू तथा सहायता पद्धति तर्जुमा गरी कार्यान्वयन | कार्यक्रम | १ | २ | ३ | ४ | ५ | १५ | १५ | |
| ३ | आधारभूत शिक्षाको उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गर्ने व्यवस्था मिलाइ अनिवार्य शिक्षा सुनिश्चित भएको सार्वजनिक घोषणा | पटक | | | | | १ | १ | १ | घोषणा |
| ४ | बालकेन्द्रित शिक्षण, बालमैत्री शैक्षणिक वातावरण, शिक्षक विद्यार्थीबीच सुमधुर सम्बन्ध विकास, सिकाइमुखी शिक्षण पद्धति, कक्षाकोठा, सम्मानपूर्ण व्यवहार जस्ता उपायहरूको अवलम्ब | विद्यालय | १० | २ | २ | | | १४ | १४ | |
| ५ | बालबालिकाहरूको सिकाइ आवश्यकता अनुरूपका सिकाइ सामग्री तथा अन्य आवश्यक सामग्री विकास | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |
| ६ | विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न यससम्बन्धी शिक्षा तथा संयन्त्र स्थापना | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ७ | शिक्षामा समता र समावेशीकरणका क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरू बीच जवाफ देहितासहितको कार्यगत समन्वय | संस्था | ५ | २ | ३ | ३ | ३ | १६ | १६ | |
| ८ | निर्देशिकाअनुसार छात्रवृत्तिका लागि विद्यार्थी छनोट तथा छात्रवृत्ति वितरण | पटक | विद्यार्थी सङ्ख्या अनुसार | | | | | | | |

## ४.४. विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१. परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाइ उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । बालबालिकाको राम्रो स्वास्थ्यका लागि सरसफाइ तथा स्वच्छताको अभ्यास (Sanitation and Hygiene Practice) र प्रारम्भिक स्वास्थ्य जाँच तथा स्वास्थ्य सेवाहरू सहज रूपमा उपलब्ध हुनुपर्छ । यस्ता आधारभूत स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा अभ्यास विद्यालयमा प्रदानगर्दा सेवा प्रवाहलाई तुलनात्मक रूपमा सहज, प्रभावकारी र मितव्ययी बनाउन सहयोग पुग्ने देखिएको छ । बालबालिकाले षोषणयुक्त खानाप्राप्त गर्नका लागि विद्यालयमा बिताउने तथा आउनेजाने समय समेतलाई गणना गर्दा हुन आउने ७-८ घण्टाको समयको करिब मध्यतिर खाजाको प्रबन्ध हुनु आवश्यक छ । खासगरी ९/१० वर्षको उमेरदेखि बालबालिकाहरूको लागि सामान्य सरसफाइ तथा स्वच्छतासम्बन्धी अभ्यासका अतिरिक्त महिनावारीसम्बन्धी सरसफाइ तथा स्वच्छता (Menstrual Hygiene) सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषणसम्बन्धी कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन, नियमित अनुपस्थित हुने तथा बिचैमा विद्यालय छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ । नेपालको संविधानले प्रत्याभूत गरेको शिक्षा, स्वास्थ्य र खाद्यसम्बन्धी अधिकारहरू, खाद्य सम्प्रभुतासम्बन्धी कानून, राष्ट्रिय स्वास्थ्य नीति २०७६, राष्ट्रिय शिक्षा नीति २०७६, बालबालिकासम्बन्धी कानून इत्यादिले बालबालिकाको स्वास्थ्य, पोषण तथा खाद्यसम्प्रभुतासम्बन्धी अधिकार स्थापित गरेका छन् । यस खण्डमा दिवाखाजाको वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरी चुनौतीको सामना गर्नका लागि आवश्यक लक्ष्य, उद्देश्य, रणनीति, नतिजा र मुख्य क्रियाकलाप समावेश गरिएको छ ।

### ४.४.२. वर्तमान व्यवस्था

नेपालको संविधानले प्रत्याभूत गरेको निःशुल्क र अनिवार्य आधारभूत शिक्षा कार्यान्वयनका लागि बनेको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा ऐन २०७५ एवम् नियमावली २०७७ ले

दिवा खाजाको प्रावधानलाई कानूनी रुपमा स्थापित गरेको छ । यो विषयलाई विद्यालय क्षेत्र विकास कार्यक्रम, सोह्रौं योजनाको आधारपत्र, एकीकृत स्वास्थ्य रणनीति जस्ता नेपालका शिक्षा र स्वास्थ्य सम्बन्धी नीतिगत दस्तावेजहरूले उच्च महत्त्व दिएका छन् । बालबालिकाको वृद्धि, विकास र सिकाइका लागि पौष्टिक खाना तथा खाजा निर्णायक हुने कुरा विभिन्न अध्ययन अनुसन्धानले पुष्टि गरेका छन । विद्यालयका लागि दिवा खाजामा भएको लगानीलाई मानवपूँजी विकासको दृष्टिले महत्त्वपूर्ण मानिन्छ । खाना भोक मेटाउनमात्र नभई शरीरलाई आवश्यक पर्ने पोषक तत्त्व आपूर्तिका लागि अत्यावश्यक हुन्छ । एउटा बालकले खानाबाट प्राप्त गर्नुपर्ने कुल पौष्टिकता मध्ये कम्तीमा ३० प्रतिशत दिवा खाजाबाट प्राप्त गर्नुपर्छ भन्ने अन्तर्राष्ट्रिय मान्यता रहेको सन्दर्भमा यस पुस्तिकामा निश्चित मापदण्डसहितको खाजा तालिका प्रस्तुत गरिएको छ । "स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ" भन्ने मान्यतालाई आत्मसात् गर्दै नेपाल सरकारले आ. व. २०७७/२०७८ देखि देशभरका सबै सामुदायिक विद्यालयमा अध्ययन गर्ने प्रारम्भिक बालविकास देखि पाँच कक्षासम्मका सबै विद्यार्थीका लागि दिवा खाजा व्यवस्थापन गर्न बजेट विनियोजन गरेको छ। दिवा खाजाको सफल व्यवस्थापन सबै सरोकारवालाहरूको समन्वय, सहकार्य र साझेदारीबाट मात्र सम्भव हुनसक्छ । खाजा व्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजीकरण पुस्तिका २०७६ मा उल्लिखित मापदण्ड बमोजिम हुने गरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा अभिभावकहरू विशेषतः आमा समूह बनाएर वा नियमित क्यान्टिनबाट वा विद्यालयबाहिरबाट क्याटरिङको व्यवस्था गरेर वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउने व्यवस्था मिलाउन समेत आग्रह गरेको छ। यसै अनुरुप यस नगरपालिकामा सामुदायिक विद्यालयका बालविकास र आधारभूत तहका ४१०५ विद्यार्थीले दिवा खाजा खाइरहेका छन् । बालविकास शिक्षामा १२८३ र आधारभूत तहमा २८२२ बालबालिकाले दिवा खाजा खाइरहेका छन् । यस नगरपालिकामा विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान ११०८४००० रुपैया छुट्याइएको छ ।

सबै आधारभूत तथा माध्यमिक विद्यालयमा अनमी र स्टाफ नर्सको व्यवस्था गर्न, दिवा खाजा, स्वास्थ्य र सरसफाइ तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न, उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित

गर्न, पोषण तथा स्वास्थ्यका आधारभूत गुणस्तरका लागि विद्यालयका प्राविधिक क्षमता विकास गर्न, विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कषि तथा व्यापारसँग जोड्न, विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानूनी प्रबन्ध गर्न, विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण, सफाई तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत गर्न तथा सबै विद्यालयमा Wash सुविधा सहितको शुलभ शौचालय निर्माण एवम् सञ्चालन गर्ने विषय अझ पनि नगरपालिकाको लागि चुनौतिपूर्ण नै रहेको छ। यस नगरपालिकामा रहेका विद्यालयहरूले खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्या अनुसार अलगअलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाइ, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ सहितका भान्सा र खाजा घर, सरसफाइ तथा स्वच्छता प्रवर्धन र दिगोपनका लागि संस्थागत व्यवस्थाहरू गर्न प्रयास गरिदै आइरहेको छ।

प्रत्येक विद्यालयमा छात्र र छात्राका लागि अलग-अलग शौचालय निर्माण गर्ने कार्यमा विगत केही वर्षदेखि विशेष जोड दिइएको र नयाँ विद्यालय भवन निर्माण गर्दा शौचालय समेत समावेश गर्न थालिएकाले यसमा राम्रो प्रगति भएको छ, तर पनि विद्यार्थी सङ्ख्याको अनुपातमा शौचालयको व्यवस्था, पर्याप्त पानी र साबुनको प्रबन्ध सफाइ, विद्यार्थीको उमेर समूहअनुसार फरक आकार तथा स्थानमा शौचालय र विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरूका लागि शौचालयको विशेष प्रबन्ध गर्न भने धेरै विद्यालयमा बाँकी नै रहेको छ। विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनका लागि केही कार्यहरू भएका छन्, जस्तैः छात्र र छात्रालाई अलगअलग शौचालय, निःशुल्क सेनिटरी प्याड वितरण तरपनि कतिपय विद्यालयमा अझैपनि सुरक्षित सहज चेन्ज कोठा र स्थानको अभाव, पानी र सरसफाइ प्रबन्धको कमजोरी तथा प्रयोग भएका सामग्रीको व्यस्थापनमा समस्या देखिएको छ भने अधिकांश विद्यालयमा महिनावारी स्वच्छतासम्बन्धी शिक्षा तथा परामर्शको व्यवस्था रहेको छैन। वातावरणीय सरसफाइ हरियाली वातावरण र स्वच्छता सुविधामा पनि कतिपय विद्यालयले प्रगति गरेपनि धेरैजसो विद्यालयले यसमा थप कार्य गर्नुछ। धेरैजसो विद्यालयमा भान्सा तथा खाजाघर कोठाको प्रबन्ध नै छैन भने भएकाहरूमध्ये कतिपयको सरसफाइ र स्वच्छतामा सुधार आवश्यक छ। बालबालिकाका लागि सरसफाइ तथा स्वच्छता

सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक छ। दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको समीक्षाका आधारमा निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- ❖ दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका लागि मितव्ययी, प्रभावकारी, दिगो र पर्याप्त सङ्गठनात्मक संरचना विकास गरी यससम्बन्धी कार्यलाई व्यवस्थित गर्न,
- ❖ सबै विद्यालयमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न,
- ❖ दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न,
- ❖ विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न,
- ❖ दिवा खाजाका लागि मेनु विकास लगायत पोषण तथा स्वास्थ्यको आधारभूत गुणस्तरका लागि विद्यालयको प्राविधिक क्षमता विकास गर्न,
- ❖ विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न ,
- ❖ विद्यालय खाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानूनी प्रबन्ध गर्न,
- ❖ विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी नीतिगत तथा कार्यक्रमगत बहुक्षेत्रीय समन्वयलाई प्रभावकारी बनाउन,
- ❖ विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण तथा सफाइ तथा स्वच्छतासम्बन्धी कार्यलाई एकीकृत तथा सम्बन्धित गर्न,
- ❖ सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने ।

### ४.४.३. उद्देश्य

यस योजनाले विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ :

- ❖ विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाजा प्राप्तिको सुनिश्चितता गर्नु,
- ❖ विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गर्नु,
- ❖ विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूका स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्नु,
- ❖ अभिभावकहरू स्थानीय सरकार तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु,
- ❖ विद्यालय स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रमहरू कार्यान्वयनका लागि यससम्बन्धी शासकीय प्रबन्ध तथा उत्तरदायित्व सुदृढ गर्नु ।

### ४.४.४. रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा गरिनेछन् :

- ❖ दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै आधारभूत तहसम्मका सम्पूर्ण बालाबालिकालाई विद्यालयमा खाजा उपलब्ध गराउने र अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रबन्ध गर्ने,
- ❖ तोकिएको मापदण्ड बमोजिमको आवश्यक पोषण तत्व पुरा गराउन कृषि विज्ञ तथा स्वास्थ्य वा पोषण विज्ञहरुको प्रयोग गर्ने,
- ❖ नगरपालिकाभित्रका सबै विद्यालयहरुमा एकरुपता कायम गर्न साप्ताहिक दिवा खाजा मेनु तयार गरी कार्यान्वयन गर्ने,

❖ पोषणयुक्त र स्वस्थकर खाजाको व्यवस्थाका लागि स्थानीय तहमा उपलब्ध अर्गानिक खाद्य टोकरी निर्माण गर्न प्रोत्साहन गर्ने,

❖ विद्यालयमा दिवा खाजा तयारी र व्यवस्थापनका लागि अभिभावक (आमा) समूह सहयोगी तथा भान्छेहरुको प्रयोग र परिचालन गर्ने,

❖ दिवा खाजाको लागि स्थानीय उत्पादनमा आधारित वस्तुहरुलाई प्राथमिकता दिने,

❖ दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनको लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास, निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारहरूको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,

❖ दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने,

❖ स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गर्न विद्यालयमा पर्याप्त सफाइ सामग्रीसहित पूर्ण सरसफाइको पूर्वाधारको प्रबन्ध गर्ने,

❖ आधारभूत स्वास्थ्य सेवा तथा सामग्री प्रदान गर्न विद्यालय नर्स तथा विद्यालय स्वास्थ्य सम्पर्क व्यक्तिहरुको परिचालन प्रभावकारीरुपमा गर्ने,

❖ विद्यार्थीको पूर्ण स्वास्थ्यका लागि सीपमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्न स्थानीय विज्ञहरुको प्रयोग गर्ने,

### ४.४.५. उपलब्धि, नतिजा, प्रमुख कियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

❖ विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधार हुनेछ ।

❖ सुरक्षित तथा  रमाइलो (joyful) सिकाइ वातावरणमा बालबालिकाहरूको पूर्ण पहुँच तथा सहभागिता हुनेछ ।

**ख) नतिजाहरू**

❖ विद्यालय स्वास्थ्य तथा पोषण रणनीति अध्यावधिक तथा परिमार्जन भई दिवा खाजासहित विद्यालय स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी स्पष्ट भूमिका तथा जिम्मेवारी निर्धारण तथा कार्यान्वन हुनेछ ।

❖ विद्यालय खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्ने कानूनी प्रबन्ध हुनेछ ।

❖ दिवा खाजा लगायत स्वास्थ्य तथा पोषण नियामक ढाँचा र कार्यान्वयनका लागि आवश्यक मापदण्ड र कार्यविधि तयार हुनेछ ।

❖ प्रारम्भिक बालविकास तथा शिक्षादेखि आधारभूत तहको कक्षा ६ सम्मका सामुदायिक विद्यालयका  सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा विद्यालयबाट प्राप्त हुनेछ ।

❖ दिवा खाजा सहितको स्वास्थ्य तथा पोषण कार्यक्रमलाई कार्यान्वयन र व्यवस्थापनका लागि आवश्यक क्षमता सहितको जनशक्ति कार्यान्वयन संयन्त्र संस्थागत प्रबन्ध हुनेछ र यी कार्यक्रमहरूलाई विद्यालय तहमा एकीकृत र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालयमा आवश्यक संयन्त्रसहित क्षमता विकास तथा एक विद्यालयमा एक स्वास्थ्यकर्मीको व्यवस्था हुनेछ ।

❖ विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग–अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूमका साथै महिनावारी स्वच्छताको लागि आइरन फोलिक एसिड आदि स्यानीटरी प्याडको वितरण नियमित, प्रयोग भईसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाहरूको

आवधिक स्वास्थ्य जाँच भिटामिन ए र जुकाको औषधि तथा शुक्ष्म पोषक तत्व प्रदायक ट्यावलेटहरू प्रभावकारी तवरले हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका *(%) | १००% | १००% | १००% | १००% | १००% |
| २. | दिवा खाजा प्राप्त गर्ने कक्षा | १-५ | १-५ | १-५ | १-५ | १-५ |
| ३. | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ |
| ४. | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ |
| ५. | नर्सिङ् सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ |

## ग. प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छता सम्बन्धी मापदण्ड एवम् कार्यान्वयन ढाँचा विकास | पटक | १ | | | | १ | २ | २ | |
| २ | विद्यालयका लागि दिवा खाजा, स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | पटक | १ | | | | १ | २ | २ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ४ | तालिम/प्रचार-प्रसार/मेनु तयारी र आवधिक अन्य क्षमता अभिवृद्धि क्रियाकलाप | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | दिवा खाजाको तयारी र व्यवस्थापनमा खटिने आमा समूह तथा भान्सेहरुका लागि तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | कार्यक्रमको प्रभावकारिता, कार्यकुशलता तथा प्रति एकाइ लागतको अध्ययन तथा विभिन्न मोडालिटीहरूको अध्ययन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलगअलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रूम, प्रयोग भईसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको व्यवस्था | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ८ | कक्षा ६ देखि १२ सम्मका किशोरीहरूलाई महिनावारी स्वच्छताको लागि सेनिटरी प्याडको व्यवस्था | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ९ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्व प्रदायक ट्याब्लेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि प्रदान) | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | निरन्तर |
| १० | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | पटक | ९ | ३ | १ | १ | | १४ | १४ | |
| ११ | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा स्वच्छता, पोषण र किशोरीहरूका लागि महिनावारी स्वच्छतासम्बन्धी शिक्षा | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |

## ४.५. विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५. परिचय

द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रम रूपमा आपतकालीन तथा सङ्कटपूर्ण अवस्थाको शिक्षालाई यस योजनाले लिएको छ। यस अन्तरसम्बन्धित क्षेत्रको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व तथा हिंसा र दुरूपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाधरूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने र आपतकाल पश्चात क्षतिको आपूरण गर्ने कार्य ढाँचा समावेश गरिनेछ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानूनी व्यवस्थाका अतिरिक्त आवधिक राष्ट्रिय योजना शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिदै आएको छ। विशेषत लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड १९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट मार्गनिर्देशित हुँदै यस नगर शिक्षा योजना आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका सन्र्दभमा निम्न पक्षमा केन्द्रित हुनेछ। यस खण्डमा मूलतः तीन प्रकारका आपतकालीन अवस्थाहरू जसमा प्राकृतिक प्रकोप जोखिम न्यूनीकरण अर्न्तरगत भूकम्प, बाढीपहिरो, हावाहुरी, आगोलागि, चट्याङ, खडेरी, दुर्घटना, अति चिसो र तातो वातावरण आदि, महामारी अर्न्तरगत झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेगु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग ठेउला, स्वाइन फ्लू कोभिड आदि सेवा रोगहरू र आन्तरिक युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, शोषण, दुराचार तथा

अन्य कारणले नागरिकहरूको विस्थापन तथा बसाइँसराइ आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने विषयमा विशेष जोड दिनेछ। शिक्षा क्षेत्रसँग प्रत्यक्ष रूपमा सम्बन्धित उल्लिखित सम्भावित सङ्कटका तीनओटा बृहत्तर क्षेत्रहरूको व्यवस्थापनमा निम्नानुसार अन्तरसम्बन्धित विषयहरू अधिकार, समावेशीकरण, समता र न्याय, पहुँच, गुणस्तर र सुशासन र सेवाको दक्षता लाई केन्द्रविन्दुमा राख्नु पर्नेछ।

### ४.५.१. वर्तमान अवस्था

नेपालको संविधानले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा तथा सुविधाविहीन तथा अपाङ्गहरूका लागि निःशुल्क उच्चशिक्षाको सुनिश्चितताका साथै बालबालिकामाथि हुने विभेद, सजाय र दुराचारलाई निषेध प्रावधान अनुरूप महालक्ष्मी नगरपालिकाले आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा सम्बन्धित विषयहरूलाई स्थानीय पाठ्यक्रममा समावेश गरेको छ। यसका अतिरिक्त नगरपालिकाले आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा सम्बन्धी नगरपालिकाले विभिन्न कार्यशाला तथा सचेतना मूलक कार्यक्रमहरू सञ्चालन गरेको छ।

भयरहित शिक्षण सिकाइ निर्देशिका २०६७ मा बालबालिकालाई शारीरिक तथा मानसिक सजाय र उत्पीडन, यौन दुराचारबाट मुक्त सिकाइ व्यवस्था रहेको छ। विद्यालय शान्तिक्षेत्र राष्ट्रिय कार्यढाँचा र कार्यान्वयन निर्देशिका २०६८ मा विद्यालयमा सशस्त्र गतिविधि, हिंसा, राजनैतिक प्रभाव, भेदभाव, शोषण तथा दुर्व्यवहारबाट मुक्त राखी शिक्षण सिकाइलाई निरन्तरता दिने व्यवस्था छ। बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७ मा विद्यालयको प्रभावकारिता, समावेशीकरण, लैङ्गिक समता, स्वास्थ्य, सुरक्षा र बचावट, विद्यालय व्यवस्थापन आदिले विपत्कालीन शिक्षाको आधार तय गरेको छ। वृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०१८ मा सिकाइ पूर्वाधार विपत् जोखिम व्यवस्थापन, विद्यालय विपत् जोखिमको सुदृढीकरण तथा समुदायको सहभागिता, विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलताको लागि शिक्षाका न्यूनतम मापदण्डमा आधारित कार्यान्वयनको व्यवस्था गरिएको छ। वृहत् विद्यालय सुरक्षा गुरुयोजना २०१७ तथा वृहत् विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०१८ मा विद्यालयको न्यूनतम सुरक्षाका उपायहरूसम्बन्धी

क्रियाकलापहरू, शिक्षक र विद्यार्थीहरूलाई मृत्यु र घाइते हुनबाट बचाउने, विपत्पछि विद्यालयलाई निरन्तरता दिन सक्ने वातावरण तयार गर्ने, शिक्षाका माध्यमबाट विपत् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकास गर्ने व्यवस्था छ। दिगो विकासका लक्ष्य, सोह्रौं योजना, विद्यालय क्षेत्र विकास योजना, राष्ट्रिय शिक्षा नीति २०७६ ले सुरक्षित विद्यालय, विपत् जोखिमको न्यूनीकरण तथा व्यवस्थापन, समुदायबीच उत्थानशीलता शिक्षा, विपत्को समयमा विद्यालय शिक्षाको निरन्तरतालाई जोड दिएको छ।

यस नगरपालिकाले सामाजिक अवस्था, लैङ्गिकता, भौगोलिक अवस्थिति, अपाङ्गता, जात र जातीयता, भाषा, स्वास्थ्य र पोषण तथा सङ्कटापन्न समूहका विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालय शिक्षाको दायरामा ल्याउने, विद्यालयमा भर्ना भएका विद्यार्थीहरूको सिकाइ र उपलब्धिमा सुधार गर्न एवम् विद्यालय बिचैमा छाड्ने दरलाई घटाउने जस्ता प्रमुख उद्देश्यहरूसहित आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षालाई सम्बोधन र प्रवर्धन गर्दै बालबालिकाहरूको सिकाइ सुनिश्चित गर्ने मार्गदर्शन गरेको छ। प्राकृतिक प्रकोप, महामारी वा अन्य सामाजिक सांस्कृतिक कारणले उत्पन्न हुने आपतकालीन अवस्थाको स्थान, परिवेश र अवस्थाअनुसार पूर्वानुमान गरी समय, स्वरूप र मात्राको एकिन अनुमान गर्दै प्रकोप, माहामारी तथा आपतकालको पूर्वानुमान गर्न सक्ने शिक्षा र योजना सन्र्दभमा यस नगरले निम्नानुसारका चुनौती रहेका छन् :

- ❖ आपतकालीन अवस्थामा शिक्षा अन्तरसम्बन्धित विषयको रूपमा वा छुट्टै विधाको रूपमा सम्बोधन गर्न,
- ❖ प्राकृतिक प्रकोप र सोको जोखिमको विषयमा मात्र सीमित हुने कि महामारी तथा सामाजिक तथा राजनीतिक द्वन्द्वले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउन,
- ❖ अनुमान गर्न नसकिने घटनालाई कसरी योजनामा समेट्ने र स्रोतको व्यवस्थापन गर्न।

### ४.५.२. उद्देश्यहरू

विपत्को अवस्थामा शिक्षा व्यवस्थापनको मुख्य उद्देश्य जस्तो सुकै परिस्थितिमा पनि बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरी उनीहरूको शारीरिक, मानसिक र

बौद्धिक विकासलाई अवरूद्ध हुन नदिनु हो भने विशिष्ट रूपमा यस्तो शिक्षाका निम्नानुसारका उद्देश्य रहेका छन् :

- ❖ सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमवाट पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु,
- ❖ सम्भावित सङ्कटको सामना गर्ने अर्थात उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु,
- ❖ सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु,
- ❖ अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापन केन्द्र स्थापना गर्नु,

### ४.५.३. रणनीतिहरू

- ❖ विपत्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापनासम्बन्धी आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने,
- ❖ प्राकृतिक प्रकोप तथा महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारका लागि आवश्यक  भौतिक तथा मानवीय पूर्वाधार तयार गर्ने,
- ❖ महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने बैकल्पिक उपायहरूको तयारी गर्ने,
- ❖ शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपत् वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्न सम्बन्धित विज्ञ तथा सङ्घसंस्थासँग समन्वय र सहकार्य गर्ने,
- ❖ विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने,
- ❖ शैक्षिक सेवा निरन्तरताको लागि विपत् व्यवस्थापनमा आवश्यक हुने यन्त्र, उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,

❖ विपत् तथा प्रकोप, शान्तिसुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबीच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र बनाउने,

❖ उत्थानशील समाजको निर्माणका लागि हरित विद्यालय अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका स्थानीयकरणको संयन्त्र निर्माण गर्ने,

### ४.५.४.प्रमुख प्राथमिकता क्षेत्र, नतिजा तथा क्रियाकलाप

### क) प्रमुख प्राथमिकता क्षेत्र

आपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाका प्राथमिकताका क्षेत्रहरू :

| क्र.सं. | मुख्य क्षेत्र | मूल सिद्दान्तहरू | मूल नतिजाहरू |
|---|---|---|---|
| १ | प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, सम्बोधन / पुनर्उत्थान | अधिकारमा आधारित | सङ्कटापन्नताको मूल्याङ्कन |
| | | समता र समावेशिता | पूर्वतयारी |
| | | पहुँच | स्थानीयकृत योजना |
| | | न्याय | सचेतना तथा तालिम |
| | | गुणस्तर र सुशासन | उत्थानशील पूर्वाधार विकास |
| | | दक्षता | तत्काल सम्बोधन संयन्त्र |
| | | | पुनरूत्थान अझ सुदृढ निर्माण |
| २ | महामारीको समयमा स्वास्थ्य उपचार सहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह / सिकाइको निरन्तरता | स्वास्थ्य पहिलो प्राथमिकता | जनचेतना |
| | | खाद्य सुरक्षा | पूर्वतयारी |
| | | सिकाइ समावेशी अवसर र सहभागिता | सेवा प्रभाव, पुनरूत्थान, वैकल्पिक सिकाइ |
| ३ | सामाजिक द्वन्द्व, हिंसा, बसाइँसराइको अवस्थामा पनि आधारभूत अव्यकताको पूर्ति सिकाइको निरन्तरता | बालबालिका शान्ति क्षेत्र | राजनीतिक सामाजिक समझदारी र घोषणा |
| | | बालबालिकालाई पहिलो प्राथमिकता | आचार संहिताको कार्यान्वयन |
| | | लैङ्गिक तथा अपाङगता सामाजिक समावेशिता | विद्यालय र स्थानीय तहमा सुरक्षित सिकाइ कार्य समूह |
| | | | सुरक्षित खानेकुरा र वास |
| | | | मनोसामाजिक सहयोग |

| | | | |
|---|---|---|---|
| | | | सिकाइको निरन्तरता |
| | | | प्रणालीगत र सुधार क्षमता विकास |

## ख) उपलब्धि

- ❖ विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।
- ❖ सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।
- ❖ आपतकालिन अवस्थामा बैकल्पिक सिकाइका विधिहरु प्रयोग गरी बालबालिकाहरूको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

## ग) नतिजा

- ❖ विद्यालय तथा समग्र शिक्षाप्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनर्उत्थानको योजना तथा क्षमता विकास हुनेछ ।
- ❖ आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील हुनेछ ।
- ❖ महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन र सेवा प्रवाह र सिकाइको निरन्तरता हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | बालबालिकालाई आधारभूत जीवन - सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| २. | हरित विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३. | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

## ग) क्रियाकलाप र लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपत् तथा प्रकोप व्यवस्थापन नीति तथा मापदण्ड पुनरावलोकन तथा निर्माण | पटक | १ | | | | | १ | १ | |
| २ | विद्यालयको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विपत् पुर्वतयारी, प्रतिकार्य, पुनर्लाभ तथा उत्थानशीलताका लागि सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | शिक्षक तथा वि.व्य.स तालिम | जना | ३० | ६० | ६० | ६० | ६० | २७० | २७० | |
| ५ | सङ्कटापन्नता मूल्याङ्कनको आधारमा योजना निर्माण | पटक | १ | | | | १ | २ | २ | |
| ६ | बृहत विपद जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | पटक | १ | | | | १ | ५ | ५ | |

## ४.६. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. परिचय

नेपालका शिक्षा सम्बन्धी ऐन तथा नियमअनुसार बालबालिका विद्यालयमा भर्ना हुनका लागि सुरक्षित विद्यालय, पढ्नका लागि व्यवस्थित कक्षाकोठा, खेल्नका लागि खेल मैदान, शौचका लागि शौचालय, सफाइ र पिउनका लागि खानेपानी जस्ता पूर्वाधार विद्यालयका आधारभूत संरचना बालमैत्री हुनु पर्ने प्रावधान रहेको छ। एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तहका प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्गीमटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली २०५९ को नियममा तोकिएको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपत् जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालयको रूपमा विकास गर्ने लगायतका नीतिगत व्यवस्थापन गरिएको छ। राष्ट्रिय शिक्षा नीतिले आत्मसात गरेको सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यासका आधारमा भएको सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यो योजनामा प्रस्ताव गरिएको छ। यस खण्डमा विद्यालयको भौतिक पूर्वाधार विकासको वर्तमान अवस्थाको समीक्षाका आधारमा चुनौतीहरू पहिचान गरी आगामी पाँच वर्षका लागि विद्यालयको भौतिक पूर्वाधार विकासका उद्देश्य, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरू तथा लक्ष्य उल्लेख गरिएको छ।

### ४.६.२. वर्तमान अवस्था

यस नगरपालिकामा सामुदायिक विद्यालय तर्फ  आधारभूत तह कक्षा १-५ को एकओटा , कक्षा १-८ को दुईओटा, माध्यमिक तह कक्षा ९-१० को चारओटा, माध्यमिक कक्षा ११ -१२ सञ्चालन भएको सातओटा गरी जम्मा १४ ओटा विद्यालय रहेका छन्। सँस्थागत तर्फ आधारभूत तह कक्षा १ -५ को आठओटा , माध्यमिक तह कक्षा ९-१० का  २८ ओटा, माध्यमिक कक्षा ११-१२ सञ्चालन भएको सातओटा गरी जम्मा ४३ ओटा विद्यालय रहेका छन्। यसरी कुल ६७ ओटा

विद्यालयहरू सञ्चालित रहेका छन्। सुरक्षित र गुणस्तरीय भौतिक पूर्वाधार विद्यालयको न्यूनतम आवश्यकता हो। सामुदायिक १४ ओटा विद्यालयहरूको वडा गत वितरणको अवस्था हेर्दा वडा न १, ३, वडामा विद्यालय रहको छैन भने बाँकी वडाहरू एक देखि ३ ओटा सम्म विद्यालय सञ्चालन रहेका छन्। वडा न २, ५, ७, मा १/१ ओटा, वडा नं. ४, ६, ९ र १० मा २/२ ओटा र वडा नं. ८ मा तिनओटा सामुदायिक विद्यलाय सञ्चालन भएका छन्। वडागत विद्यालयको वितरण फरक भएजस्तै विद्यालयको भौतिक अवस्था पनि फरकफरक रहेको छ । कक्षा १-५ सञ्चालन भएको विद्यालयमा १ मात्र भवन रहेको छ भने कक्षा १-८ सञ्चालित दुईओटा विद्यालयमा २/२ ओटा भवन रहेको छ। १/१) सञ्चालित विद्यालय ४ ओटा विद्यालयमा औषत ३ ओटा भवन रहेको छ भने कक्षा ११-१२ सम्म सञ्चालित माध्यामिक विद्यालयको औषत भवन सङ्ख्या ५ रहेको छ। सबै विद्यालयको औषत भवन सङ्ख्या ४ रहेको छ। केही विद्यालय बाहेक सबै विद्यालयमा वर्तमानमा न्यूनतम कक्षाकोठा पुरा भएको अवस्था छ। तर सामुदायिक विद्यालयमा बढ्दो विद्यार्थी सङ्ख्याका आधार मान्दा आगामा दिनमा थप भवन तथा कक्षाकोठा आवश्यक रहेको छ। १४ ओटा विद्यालयमा कम्प्यूटर ल्यावको व्यवस्था रहेको छ। ११ ओटा विद्यालयमा खानेपानीको व्यवस्था रहेको छ भने ३ ओटा विद्यालयमा अझै खानेपानी उचित प्रबन्ध हुन सकेको छैन। प्रायः सबै विद्यालयहरूमा बुक कर्नर तथा पुस्तकालयको व्यवस्था रहेको छ। सबै विद्यालय छात्र र छात्राहरूको लागि न्यूनतम शौचालय रहेको छ। १४ ओटा विद्यालयमा इन्टरनेको व्यवस्था रहेको छ। उल्लेखित भौतिक पूर्वाधारहरू आधारभूत तहको भन्दा माध्यमिक तहमा र त्यसमा पनि कक्षा ११-१२ सम्म सञ्चालित विद्यालयहरूमा औषतरुपमा बढी रहेको छ। आधारभूत विद्यालयमा ओषत १ कम्प्यूटर छ भने कक्षा ११-१२ सम्म सञ्चालित विद्यालयहरूमा औषतमा ३६ ओटासम्म कम्प्यूटर रहेको छ। सबै सामुदायिक विद्यालयहरूमा खेलमैदानको अभाव रहेको छ। केही विद्यालयहरूमा दैनिक प्र्थना गर्न समेत समस्या रहेको छ। खेलकुद क्रियाकलाप गर्न गराउन समस्या रहेको छ। त्यसैले आगामी दिनमा नगर तथा विद्यालयका लागि समेत ख्याल गरेर खेलमैदानको खोजी निर्माण गर्ने, भएको खेल मैदानको संरक्षण, स्तरोन्नति र घेराबार तथा कम्पाउण्डिङ् गर्न जरुरी रहेको छ। नगरपालिकाका विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी निम्नलिखित चुनौतीहरू रहेका छन् :

- ❖ विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा यसका लागि आवश्यक भूमिका स्पष्ट गराउन,
- ❖ पूर्वाधार विकास कार्यलाई गुणस्तरीय पारदर्शी एवम् जवाफदेही बनाउन,
- ❖ सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि मापदण्ड अनुसारको गुरू योजना निमार्ण गर्न,
- ❖ सुरक्षित विद्यालय पूर्वाधार विकास एवम् विस्तारका लागि दिर्घकालिन योजनाको बनाउन,
- ❖ आवश्यक स्रोतको पूर्ति गर्न,
- ❖ पूर्वाधारहरूलाई अपागङ्ता र लैङ्गिकमैत्री बनाउन,

### ४.४.३. उद्देश्य

यस योजनाको विद्यालय भौतिक पूर्वाधार विकास सम्बन्धी निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- ❖ सुरक्षित विद्यालय पूर्वाधार विकास गरी गुणस्तरीय शिक्षा व्यवस्थापनमा सहयोग गर्ने,
- ❖ विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास र कार्यान्वयन गर्ने,
- ❖ गुणस्तरीय पूर्वाधार विकास एवम् विस्तारका लागि पारदर्शी एवम् जवाफदेहि प्रणालीको विकास गर्ने,

### ४.४.४. रणनीतिहरू

यस योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- ❖ विद्यालय शिक्षामा सञ्चालित विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने पूर्वाधारको पुनः परिभाषित गरिनेछ ।
- ❖ विद्यालय पूर्वाधार विकासका लागि सङ्घ प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन प्रारूप विकास गरिनेछ ।
- ❖ विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न सङ्घसंस्था एवम् निकायहरूसँग लागत साझेदारी गरिनेछ ।

- ❖ विद्यालयहरू निर्माण गर्दा कक्षाकोठा, शिक्षक, प्रधानाध्यापक तथा प्रशासनिक कक्ष, पानी, शौचालय विद्यार्थी सङ्ख्याको अनुमान तथा उमेरलाई विचार गरेर भान्सा वा खाजा घरलगायत सबैको योजना समावेश गरी डिजायन ल्याइनेछ भने निर्माण भईसकेका विद्यालयहरूमा थप संरचनाको योजना ल्याइनेछ ।
- ❖ पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।
- ❖ अन्तरसरकार र अन्य सरोकारवालाहरूबिच समन्वय, सहकार्य, साझेदारी र जवाफदेहि प्रणालीको विकास एवम् जनशक्तिको उपयोगसम्बन्धी नीति तयार गरी कार्यान्वयन गरिनेछ ।

### ४.४.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ सबै विद्यार्थीहरूलाई सुरक्षित र उपयुक्त भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर हुनेछ ।

**ख) नतिजा**

- ❖ विद्यालय शिक्षाअन्तर्गत विकास एवम् विस्तार गर्नुपर्ने भौतिक पूर्वाधारको स्वरूप तथा भूमिका परिभाषित हुनेछ ।
- ❖ भौतिक पूर्वाधारको आवश्यकता पहिचान र मापदण्ड सहितको ५ वर्षे मास्टर प्लान तयार हुनेछ ।
- ❖ पूर्वाधार विकासको लागि स्रोत र जिम्मेवारीको विन्याससहित कार्यान्वयन प्रारूप विकास हुनेछ ।
- ❖ पूर्वाधार विकासका लागि आवश्यक विधि मापदण्ड र स्तरीकरणका सूचक तयार हुनेछ ।
- ❖ विद्यालयहरूमा बनेका संरचनाको निमार्ण, सम्वर्धन तथा मर्मत सम्भारका पद्धति विकास हुनेछन् ।

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १. | भूकम्प प्रतिरोधी विद्यालय | ११ | १ | १ | १ | |
| २. | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | | २ | ५ | ५ | ५ |
| ३. | सबलीकरण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ११ | १४ | १४ | १४ | १४ |
| ४. | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | | २ | २ | २ | २ |
| ५. | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | | २ | २ | २ | २ |

## ग) क्रियापलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | ओटा | २ | २ | २ | २ | २ | १० | १० | |
| २ | विद्यालयहरूको सबलीकरण | सङ्ख्या | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ३ | विद्यालयहरूमा बनेका संरचनाको संवर्धन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन समेत | विद्यालय | २ | ३ | ४ | २ | ४ | १४ | १४ | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय, पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | सबै विद्यालय निरन्तर | | | | | | | |
| ६ | अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय | १ | १ | | १ | ४ | ६ | ६ | |
| ७ | बृहत विपत् जोखिम व्यवस्थापन तथा उत्थानशील योजना कार्यान्वयन | विद्यालय | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | खेलमैदान | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ९ | घेराबार तथा कम्पाउण्ड | विद्यालय | ७ | ३ | १ | १ | २ | १४ | | |
| १० | पुस्तकालय सुदृढीकरण | विद्यालय | | ३ | ३ | ३ | ५ | १४ | १४ | |
| ११ | कम्प्यूटर तथा डिजिटल व्यवस्थापन सुदृढिकरण | विद्यालय | | ३ | ३ | ३ | ५ | १४ | १४ | |

## ४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१. परिचय

शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाइ सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोग अधिकतम तवरबाट गर्नुपर्न नगरपालिकाको नीतिगत प्रावधान राखेको छ। कोभिड-१९ को जस्ता महामारीहरूको क्षेत्रलाई न्यूनीकरण गर्न नगरपालिकाले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप मध्यनजर गर्नेछ।

यस परिच्छेदमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी वर्तमान अवस्थाको समीक्षा गरी चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गर्नका लागि योजनाका उद्देश्य, रणनीति तथा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू निर्धारण गरिएको छ। शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सम्बन्धमा सम्बन्धित विषयगत उपक्षेत्रहरू जस्तै प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ, पाठ्यक्रम तथा मूल्याङ्कन, शिक्षक विकास तथा व्यवस्थापन लगायत समग्र शैक्षिक व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगका केही पक्षहरू पनि उल्लेख गरिएको भएपनि समग्रतामा नगरको शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगको अवस्थाको विशेषणका आधारमा यस परिच्छेदमा योजनाको खाका समावेश गरिएको छ।

### ४.७.२. वर्तमान अवस्था

महालक्ष्मी नगरपालिकाले सूचना र प्रविधिलाई शिक्षण सिकाइ क्रियाकलाप र व्यवस्थापकीय कार्यको अभिन्न माध्यमका रूपमा प्रयोग र विकास गर्दै अगाडि बढिरहेको छ। यस नगरपालिकाका ७ ओटा सामुदायिक विद्यालय र संस्थागततर्फ ११ ओटा विद्यालयमा विज्ञान प्रयोगशाला सञ्चालनमा छन्। सामुदायिकतर्फ ७ ओटा र संस्थागतर्फ ३६ ओटा विद्यालयमा ICT

प्रयोगशाला सञ्चालित छन् । वेब पोर्टल भएका १२ ओटा विद्यालयमध्ये ३ ओटा सामुदायिक रहेको छ भने ९ ओटा संस्थागत रहेका छन् । हाल यस पालिकाभित्र १४ ओटा सामुदायिक र ३६ ओटा संस्थागत विद्यालयमा Internet को पहुँच पुगेको छ । हाल यस नगरपालिकाका ७ ओटा सामुदायिक र २३ ओटा संस्थागत विद्यालयका कक्षाकोठामा ICT प्रयोग भएको छ ।

नगरपालिकाले शिक्षाको विकासका निम्ति सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्रियाकलापहरू समावेश गर्नका लागि आवश्यक सामग्री विद्यालयलाई उपलब्ध, विज्ञान, गणित र अङ्ग्रेजी विषयमा विद्युतीय सामग्री निर्माण गर्ने पूर्वाधार विकास र शिक्षण सिकाइ सामग्री प्रदान, नमुना विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको सिकाइ केन्द्र स्थापना, एकीकृत लेखा सफ्टवेयर (CGAS) कार्यान्वयन र एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) विकास गर्ने कार्य सम्पादन गरेको छ । नीतिहरू तथा योजनाले लक्षित गरेका शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी कार्यमा भएको प्रगति र वर्तमान अवस्थाको संक्षिप्त समीक्षा (IEMIS) मार्फत गरिएको छ । एकीकृत शैक्षिक व्यवस्थापन तथा सूचना प्रणाली (IEMIS) लाई वेभमा आधारित बनाइए तापनि धेरैजसो विद्यालयमा कम्प्युटरलागयत सूचना प्रविधिसम्बन्धी सामग्री तथा इन्टरनेट कनेक्टिभिटीको प्रभावकारी पहुँच र प्रयोग नहुनाले यसलाई पूर्णरूपमा विद्यालयमा आधारित बनाउन सकिएको छैन । त्यसैगरी विद्यालय, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम र उच्चशिक्षाका अलगअलग शैक्षिक सूचना पद्धति भएकाले तिनीहरूबिच सम्बन्ध स्थापित गर्न कठिनाइ भएको छ । विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिको संरचना विकासका वार्षिक रूपमा लागनी गरिएको हुँदा धेरैजसो माध्यमिक विद्यालयहरूमा कम्प्युटर लगायतका सामग्री उपलब्ध गराउने र इन्टरनेट कनेक्टिभिटीका केही काम भएपनि एकातिर यी सुविधाहरू न्यून छन् भने अर्कोतिर शिक्षण सिकाइमा यी स्रोतहरूको प्रयोग गर्ने विद्यालयहरूको सङ्ख्या ज्यादै कम रहेको छ । डिजिटल सामग्री निर्माण केही मात्रामा भएपनि पर्याप्त मात्रामा सामग्री उपलब्ध नहुनु, भएका सामग्रीहरू पनि अन्तरकियात्मक नहुनु र सहज प्राप्त हुन नसक्नु जस्ता समस्याहरू रहेका छन् । उल्लिखित समीक्षाका आधारका नगर शिक्षामा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी निम्नलिखित चुनौतीहरू पहिचान गरिएको छ :

- ❖ सबै विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधिसम्बन्धी आधारभूत संरचना जस्तै विद्युत, इन्टरनेट कनेक्टिभिटीको आदिको प्रभावकारी विस्तार तथा व्यवस्था गराउन,
- ❖ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर, डिजिटल ल्याव, डिजिटल पुस्तकालय सहितको एकीकृत प्रणालीको विकास गराउन,
- ❖ अन्तरक्रियात्मक डिजिटल सामग्रीको पर्याप्त विकास र पहुँच पुऱ्याउन,
- ❖ विभिन्न सबै किसिमका अपाङ्गता र अशक्त व्यक्तिका लागि उपयुक्त हुने गरी सामग्री विकास र प्रयोग गर्न,
- ❖ सबै विद्यार्थीलाई सहज हुने गरी शैक्षिक व्यवस्थापन सूचना प्रणाली तथा लेखा प्रणाली व्यवस्थित गर्न,
- ❖ विभिन्न तहका सरकार तथा इन्टरनेट प्रदायक संस्थाहरूका विच समन्वय र सहकार्य व्यवस्थित गर्न ।

### ४.७.३. उद्देश्यहरू

- ❖ सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्नु,
- ❖ सूचना तथा सञ्चार प्रविधिको अधिकतम प्रयोगका साथै बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नु,
- ❖ शिक्षासम्बन्धी विभिन्न सेवामा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी सहज र छिटोछरितो र सस्तो बनाउनु,
- ❖ शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी कार्यकुशल, पारदर्शी र समतामूलक बनाउनु,

### ४.७.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

- सूचना प्रविधिमा आधारित शिक्षाका लागि पर्याप्त पूर्वाधार सुनिश्चित गर्न सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने,
- शैक्षिक स्रोत सामग्रीहरूमा विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तारका लागि इन्टरनेटको सुविधा उपलब्ध भएको सुनिश्चित गर्ने,
- सहज शिक्षणसिकाइ वातावरण निर्माण गर्न विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोगमा जोड दिने,
- डिजिटल सन्दर्भ सामग्रीको प्रयोगलाई सहज बनाउन एवम् प्रोत्साहित गर्न प्रत्येक विद्यालयमा कम्तीमा एउटा स्मार्ट बोर्डसहितको अडियो भिजुअल कक्षाकोठाको व्यवस्था गर्ने,
- स्रोत सामग्रीहरूमा विद्यार्थीको पहुँच विस्तार गर्न प्रत्येक विद्यालयमा डिजिटल लाइब्रेरी निर्माण गर्ने,
- प्रविधिमैत्री, प्रभावकारी, गुणस्तरीय, सान्दर्भिक र समयसापेक्ष शिक्षणसिकाइका लागि शिक्षकहरूमा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी क्षमता अभिवृद्धि गर्ने,
- प्रविधिमैत्री शिक्षणसिकाइका लागि विद्यार्थीमुखी डिजिटल अभिमुखीकरण कार्यक्रमहरू आयोजना गर्ने,
- सूचना तथा प्रविधिको प्रयोगलाई निर्बाध तथा प्रभावकारी बनाउन प्रत्येक विद्यालयमा कम्तिमा एक जना सूचना तथा सञ्चार प्रविधिमा दक्ष जनशक्तिको व्यवस्था गर्ने,
- शिक्षकको शिक्षण क्षमता अभिवृद्धि गर्न शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने,
- विद्यालयको व्यवस्थापनलाई चुस्त र पारदर्शी बनाउन IEMIS को प्रभावकारी प्रयोगका साथै कार्यप्रणालीमा डिजिटल माध्यमको प्रयोगसम्बन्धी विद्यालयहरूका लागि अभिमुखीकरण तथा तालिमको व्यवस्था गर्ने,

### ४.७.५. नतिजा, क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- ❖ भर्चुअल माध्यमबाट स्रोत सामग्री खोज्न, तयार गर्न र प्रयोग गर्न शिक्षक र विद्यार्थी डिजिटल्ली साक्षर एवम् सक्षम भएका हुनेछन् ।

**ख) नतिजा**

- ❖ शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि डाटा सेन्टर तथा डिजिटल ल्याव स्थापना र सञ्चालन हुनेछ ।
- ❖ सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुग्नेछ ।
- ❖ विभिन्न कक्षा र विषयका लागि अन्तरक्रियात्मक डिजिटल सामग्री विकास भई ती सामग्रीमा विद्यार्थीको सहज पहुँच हुनेछ ।
- ❖ सबै सामुदायिक विद्यालयहरू र विद्यार्थीहरूमा सूचना र सञ्चार प्रविधिसम्बन्धी आधारभूत सुविधामा पहुँच पुग्नेछ ।
- ❖ सबै माध्यमिक विद्यालयहरूले सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुनेछ ।
- ❖ बालमैत्री पाठ्यक्रम तथा पाठ्यसामग्रीको डिजिटलप्रति सहजै उपलब्ध हुने व्यवस्था हुनेछ ।
- ❖ सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन हुनेछ ।
- ❖ सामुदायिक सिकाइ केन्द्रमा सूचना प्रविधिको प्रयोगमा विस्तार हुनेछ ।
- ❖ अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीमा सुधार भई लागत, जनशक्ति र समयको बचत हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|

| | | (२०८१/८२) | | | | | |
|---|---|---|---|---|---|---|---|
| १. | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| २. | शिक्षण सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| ३. | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| ४. | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| ५. | विद्युतको पहुँच पुगेका विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| **क्र.सं.** | **प्रमुख क्रियाकलापहरू** | **एकाइ** | **भौतिक लक्ष्य (५ वर्ष)** | | | | | | **भौतिक लक्ष्य (५ वर्ष)** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | **१** | **२** | **३** | **४** | **५** | **जम्मा** | | |
| १ | विज्ञान प्रयोगशाला | विद्यालय | ८ | २ | २ | २ | | १४ | १४ | |
| २ | डिजिटल पुस्तकालय सहितको ICT प्रयोगशाला | ओटा | ९ | १ | १ | १ | २ | १४ | १४ | |
| ३ | शिक्षकहरूको क्षमता विकास | विद्यालय | ५० | ५० | ५० | ५० | ५० | २५० | २५० | |
| ४ | विद्यालय वेभ पोर्टल | विद्यालय | १ | २ | ३ | ४ | ४ | १४ | १४ | |
| ५ | दक्ष प्राविधिक जनशक्तिको व्यवस्थाका लागि अनुदान | विद्यालय | २ | २ | २ | ३ | ३ | १४ | १४ | |
| ६ | कक्षा कोठामा ICT को प्रयोग | विद्यालय | ९ | १ | १ | १ | २ | १४ | १४ | |
| ७ | विद्यार्थीका लागि डिजिटल साक्षरता कार्यक्रम | विद्यालय | ४ | ४ | ४ | ४ | ४ | २० | २० | |

| क्र.सं. | प्रमुख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | IEMIS व्यवस्थापन | विद्यालय | सबै विद्यालय | | | | | | | |
| ९ | स्मार्ट बोर्डसहितको श्रव्यदृश्य कक्षाकोठाको व्यवस्था | विद्यालय | ४ | २ | २ | ३ | ३ | १४ | १४ | |

# परिच्छेद ५ : अन्य उपक्षेत्र

## ५.१. अभिभावक शिक्षा

### ५.१.१. परिचय

बालबालिकाहरूको शिक्षणसिकाइमा अभिभावकको भूमिका महत्त्वपूर्ण हुन्छ। बालबालिकाका आमाबाबु भनेका उनीहरूलाई जन्म दिने व्यक्तित्व हुन् भने अभिभावक भनेका उनीहरूका जीवनदाता हुन् । विद्यालयमा भर्ना भएका बालबालिकाहरूको सहज सिकाइका लागि अभिभावकको भूमिकालाई प्रभावकारी बनाउनु अहिलेको आवश्यकता हो । यस आवश्यकतालाई ध्यान दिएर अभिभावकहरूलाई सक्रिय बनाएका विद्यालयका बालबालिकाहरूको सिकाइ स्तर राम्रो भएको पाइएको छ । अभिभावक शिक्षामा चासो नदिएका विद्यालय र स्थानीय सरकारले अपेक्षित प्रगति गरेका छैनन् । त्यसैले हरेक विद्यालय र स्थानीय सरकारले अभिभावक शिक्षामा आवश्यक चासो र लगानी बढाएर उनीहरूलाई बालबालिकाहरूको सिकाइप्रति अझ जिम्मेवार बनाएर काम गर्नु अहिलेको आवश्यकता हो ।

बालबालिकाहरूको सिकाइमा अभिभावकको महत्त्वलाई आत्मसात गरेर नै महालक्ष्मी नगरपालिकाले अभिभावक शिक्षामा चासो बढाएको छ । बालबालिकाहरूको पहिलो पाठशाला घर भएकाले अभिभावकले घरपरिवारमा संस्कारयुक्त आनीबानी र व्यवहार सिकाएका खण्डमा नै त्यस्तो परिवारका बालबालिकाहरूले शिक्षामा राम्रो प्रगति गरेको पाइएको छ। विद्यालयका कार्यक्रमहरूमा सहभागिता जनाएर होस् वा विद्यालयका समस्याहरूमा आवश्यक चासो बढाइ समस्या समाधानमा सहयोग गरेर विद्यालयका विविध पक्षमा सुधारका लागि सहयोग गर्नका लागि अभिभावक शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्छ। अभिभावक शिक्षाले नै शिक्षाको विकासमा अभिभावकको सक्रिय सहभागिता बढाउने भएकाले यसमा आवश्यक मात्रामा ध्यान बढाउनु आवश्यक छ। यसका साथै विद्यालयमा भर्ना भएका बालबालिकाका अभिभावकले बालबालिकाहरूको सिकाइमा चासो बढाइ विद्यालयमा नियमित उपस्थित भएर बालबालिकाहरूको सिकाइ सुधारका लागि अन्तरक्रिया गर्ने उनीहरूको सिकाइका लागि घरमा पनि सहज वातावरण बनाउनाले सिकाइ सहज हुन्छ ।

अभिभावक भनेका शिक्षारुपी घरको महत्त्वपूर्ण खम्बा भएकाले यो खम्बालाई अझ दरिलो बनाउन अभिभावक शिक्षाले ठूलो भूमिका खेल्ने कुरामा कसैको दुई मत हुँदैन । अभिभावक शिक्षाका लागि नीति निर्माण गर्ने र अभिभावक शिक्षाका कार्यक्रमहरू आवश्यक मात्रामा सञ्चालन गर्ने काममा अहिलेसम्म आवश्यक मात्रामा चासो नदिएका कारणले पनि अहिले विद्यालय शिक्षाका क्षेत्रमा अपेक्षित प्रगति हुन नसकेको तथ्यलाई आत्मसात गरेर नै यस अवधारणालाई अगाडि सारिएको हो ।

### ५.१.२. वर्तमान अवस्था

अहिलेसम्म केही विद्यालयहरूले अभिभावक शिक्षालाई आवश्यक महत्त्व दिएर विद्यालयका विविध पक्षमा सुधार भईरहेको पनि पाइएको छ । विद्यालयमा भएका सुधारले बालबालिकाको सिकाइका क्षेत्रमा अपेक्षित प्रगति भएको छ । बालबालिकाहरूको सिकाइ वातावरण निर्माण र विद्यालयका विविध पक्षमा सुधारका लागि अभिभावकको सङ्लग्नता जति हुनुपर्ने हो त्यति भने भएको पाइदैन । यसो हुनुमा अभिभावक शिक्षाको कमी भएर पनि हो । अभिभावक शिक्षाका क्षेत्रमा सम्बन्धित पक्षले आवश्यक मात्रामा ध्यान दिएर काम नगरेका कारणले पनि बालबालिकाहरूको सिकाइ सहज नभएको भन्ने यथार्थता स्पस्ट छ । यस नगरपालिकाको सेवाक्षेत्रमा सञ्चालित विद्यालयहरूमा पनि अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा केही कामहरू अवश्य भएका छन् । नगरपालिकाको योजनामा अभिभावक शिक्षाले महत्त्व पाएपछि यस सम्बन्धमा विद्यालयले गर्दैआएका क्रियाकलापहरूमा पनि गति बढ्ने अपेक्षा गरिएको छ ।

अभिभावक शिक्षाका क्षेत्रमा काम गर्ने सिलसिलामा केही गैरसरकारी संस्थासँग सहकार्य गरेर आर्थिक वर्ष २०७९/०८० मा ११ ओटा सामुदायिक विद्यालयका प्रारम्भिक बालविकास केन्द्रदेखि कक्षा ३ सम्मका अभिभावकहरूलाई उनीहरूको भूमिकाका बारेमा जानकारी गराउनुका साथै उनीहरूको भूमिकालाई प्रभावकारी बनाउने सम्बन्धमा अन्तरक्रिया समेत गरियो । यस क्रममा घरको वातावरणमा कसरी बालबालिकालाई सिकाइ क्रियाकलापमा व्यस्त बनाउने? भन्ने बारेमा पनि उनीहरूलाई सक्षम बनाइएको छ । अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा गैरसरकारी निकायहरूसँगको सहकार्यमा सञ्चालन गरिएका र विद्यालयमा भईरहेका प्रयासहरूमा

गति बढाउन साथै विद्यालयीय शिक्षामा अभिभावकहरूको सहभागिता अझ सशक्त बनाउनका लागि नगरपालिकाले अभिभावक शिक्षामा विशेष चासो देखाएको हो ।

### ५.१.३. उद्देश्यहरू

यस शिक्षा योजनाले अभिभावक सचेतना कार्यक्रम सञ्चालन सम्बन्धी निम्नलिखित उद्देश्य राखेको छ :

- ❖ अभिभावकहरूको अभिलेखलाई अझ व्यवस्थित गरी उपयोग गर्नु,
- ❖ कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका विषयक्षेत्रहरूको पहिचान गरी अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रारुपको विकास र उपयोग गर्नु,
- ❖ अभिभावक सचेतना र अभिभावक शिक्षाका माध्यमबाट विद्यालयीय शिक्षाका विविध पक्ष र बालबालिकाहरूको सिकाइमा अपेक्षित सुधारको सुनिश्चितताका लागि सहयोग गर्नु,
- ❖ विद्यालयका विविध पक्षको सुधार र बालबालिकाहरूको सिकाइउपलब्धि सुधारका लागि अभिभावकहरूलाई अझ जिम्मेवार बनाउनुका साथै विद्यालयका गतिविधिहरूमा उनीहरूको सक्रिय सहभागिता बढाउन कार्यक्रमहरू सञ्चालन गर्नु,
- ❖ अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैरसरकारी निकायहरूसँग आपसी समन्वय, सहकार्य र साझेदारीको विकास गर्नु,

### ५.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बनमा ल्याइनेछ :

- ❖ अभिभावकको अभिलेखमा एकरुपता कायम गर्नका लागि यसको ढाँचा विकास गरी सबै विद्यालयहरूमा पुऱ्याउनु,
- ❖ विद्यालयमा अभिभावकको अभिलेख व्यवस्थापनका लागि कुनै शिक्षक अथवा कर्मचारीलाई जिम्मेवार बनाइ अभिभावकको अभिलेखलाई अद्यावधिक गर्ने ,

- अभिभावक नभएका बालबालिकाहरूका लागि अभिभावकत्व बहन गर्ने जिम्मेवार व्यक्तिको व्यवस्थापनमा सहजीकरण गर्ने,
- सरोकारवालाहरूको सहभागितामा अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रहरूको पहिचान गर्ने,
- पहिचान गरिएका क्षेत्रका आधारमा अभिभावक सचेतना र शिक्षाका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा प्रारुपको विकास गर्ने
- अभिभावक सचेतना र अभिभावक शिक्षामा विद्यालयलाई अझ जिम्मेवार बनाउन कुनै एकजना शिक्षक र कर्मचारीलाई जिम्मेवारी तोक्न लगाउने,
- अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा असल अभ्यास गरेका विद्यालयहरूको पहिचान गरी त्यस्ता अभ्यासहरू आदानप्रदान गर्ने व्यवस्था मिलाउने,
- अभिभावक सचेतना र शिक्षाका लागि उपयुक्त विज्ञ जनशक्तिको रोष्टर तयार गरी सोको उपयोग गर्ने,
- रोष्टर मार्फत अभिभावक सचेतना र शिक्षाका लागि विद्यालयका जिम्मेवार शिक्षक र कर्मचारीको क्षमता विकास गर्ने,
- विद्यालयको वार्षिक कार्ययोजना र विद्यालय सुधार योजनामा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू राखेर कार्यक्रम सञ्चालनको प्रबन्ध गर्ने,
- विद्यालयगत र वडागत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि सञ्जाल विकास गर्ने,
- पालिकागत रुपमा विकास गरिएको अनुगमन र सुपरिवेक्षण संयन्त्रलाई अभिभावक सचेतना र अभिभावक शिक्षाका बारेमा पनि जिम्मेवार बनाउने,
- विद्यालयमा अभिभावकको उपस्थिति र सक्रिय सहभागिताका लागि विद्यालयहरूलाई अझ जिम्मेवार बनाउने,
- विद्यालयका विविध पक्षको सुधार र बालबालिकाहरूको सिकाइ सुधारका लागि अभिभावकलाई अझ जिम्मेवार बनाउने,

- ❖ पालिका क्षेत्रमा अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी, गैरसरकारी र सामुदायिक संस्थाहरूको पहिचान गरी अभिलेख व्यवस्थापन गर्ने,
- ❖ पहिचान गरिएका सरकारी, गैरसरकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय र सामुदायिक संस्थाहरूसँग बसेर अभिभावक शिक्षाका क्षेत्रमा आपसी सहकार्य र साझेदारी गर्न सकिने कार्यक्रमहरू पहिचान गर्ने,
- ❖ पहिचान गरिएका अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू सञ्चालन गर्ने गराउने प्रबन्ध गर्ने,
- ❖ अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैरसरकारी निकायहरूको सहभागितामा नियमित बैठक सञ्चालन गरी आपसी समन्वय र सहकार्यलाई दरिलो बनाउने,

### ५.१.५. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**क) उपलब्धि**

- ❖ सबै विद्यालयमा तोकिएका जिम्मेवार शिक्षकरकर्माचारीको नेतृत्वमा अभिभावकको अभिलेख अद्यावधिक गरी अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरू नियमित रुपमा सञ्चालन भएको हुनेछन् ।
- ❖ विद्यालयका समस्याहरूको समाधान र बालबालिकाहरूको सिकाइ सुधारका लागि अभिभावकहरूको सक्रिय सहभागितामा वृद्धि भएको हुनेछ ।
- ❖ सरकारी, गैरसरकारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय र सामुदायिक संस्थाहरूसँग अभिभावक शिक्षाका क्षेत्रमा आपसी समन्वय, सहकार्य र साझेदारीमा वृद्धि भएको हुनेछ ।

**ख) नतिजाहरू**

- ❖ अभिभावक सचेतना र अभिभावक शिक्षाका प्रावधानहरूको विस्तार र सुदृढीकरण हुनेछन् ।
- ❖ विद्यालयीय शिक्षा र बालबालिकाहरूको सिकाइप्रति सचेत र जिम्मेवार अभिभावकको सङ्ख्या र योगदानमा वृद्धि हुनेछ ।

- ❖ सबै अभिभावकबाट विद्यालयका समस्याहरूको समाधान र बालबालिकाहरूको सिकाइ सुधारका लागि सहयोग प्राप्त हुनुका साथै विद्यालयप्रति अभिभावकमा अपनत्वको भावना बढेको हुनेछ ।
- ❖ अभिभावक सचेतना र अभिभावक शिक्षा क्षेत्रमा र समग्र विद्यालयीय शिक्षाका क्षेत्रमा सरकारी, गैरसरकारी राष्ट्रिय र अन्तर्राष्ट्रिय र सामुदायिक संस्थाहरूसँग आपसी समन्वय, सहकार्य र साझेदारी वृद्धि हुनेछ ।
- ❖ विद्यालयका समस्याहरूको समाधान र बालबालिकाहरूको सिकाइ सुधारका लागि अभिभावकहरूको सक्रिय सहभागिताका लागि व्यवस्थित पद्धति स्थापित हुनेछ ।

| क्र.सं. | सूचक | आधार वर्ष २०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १. | अभिभावक सचेतना तालिम प्रदान गर्ने विद्यालय सङ्ख्या | १४ | १४ | १४ | १४ | १४ | १४ |
| २. | माध्यमिक अभिभावक सचेतना तालिममा सहभागी भएका अभिभावकको सङ्ख्या | | | | | | |

## ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक वर्ष ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अभिभावक अभिलेखको ढाँचा निर्माण, प्रयोग र अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २ | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि विद्यालयमा जिम्मेवार शिक्षक र कर्मचारीको व्यवस्था | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ३ | सरोकारवालाहरूको सहभागितामा अभिभावक सचेतना र अभिभावक शिक्षाका विषयवस्तुहरूको पहिचान र अद्यावधिक | पटक | | | १ | | | १ | १ | |
| ४ | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रारुपको विकास र अद्यावधिक | पटक | १ | | | १ | | २ | २ | |
| ५ | अभिभावक शिक्षाका लागि शिक्षक र कर्मचारीलाई जिम्मेवारी प्रदान | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि प्रशिक्षक तयारी | जना | | ६० | ६० | ६० | ६० | २४० | २४० | |
| ७ | अभिभावक सचेतना र अभिभावक शिक्षाका लागि योजना निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक वर्ष ( ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| ८ | कक्षागत, तहगत र विद्यालयगत रुपमा अभिभावक सचेतना र अभिभावक शिक्षाका कार्यक्रमहरूको सञ्चालन | समूह | | ६० | १२० | ११८० | २४० | ६०० | ६०० | |
| ९ | सिकाइका दृष्टिले कमजोर मानिएका बालबालिकाहरूका अभिभावकका लागि अभिभावक सहयोग तथा परामर्श कार्यक्रम सञ्चालन | समूह | | ३ | ६ | ९ | १२ | ३० | ३० | |
| १० | असल अभ्यास भएका विद्यालय तथा शैक्षिक संस्थाहरूको भ्रमण र सिकाइ आदानप्रदान | पटक | | २० | ३० | ४० | ५० | १४० | १४० | |
| ११ | अभिभावक प्रोत्साहनका लागि विद्यालयगत रुपमा मापदण्ड निर्धारण, प्रयोग र अद्यावधिक | पटक | | १ | १ | १ | १ | ४ | ४ | |
| १२ | अभिभावक सचेतना र अभिभावक शिक्षाका क्षेत्रमा काम गरिरहेका सरकारी गैरसरकारी र सामुदायिक संस्थाहरूको पहिचान, अद्यावधिक र सहकार्य | सस्था | ३ | ५ | ७ | १० | १५ | १५ | १५ | |
| १३ | सहकार्य र साझेदारी गर्ने विषयवस्तुको पहिचान, अद्यावधिक र प्रयोग | पटक | | १ | | | १ | २ | २ | |
| १४ | अभिभावक शिक्षाका दृष्टिले विज्ञ अभिभावकको रोष्टर विकास र उपयोग | पटक | | १ | १ | १ | १ | ४ | ४ | |
| १५ | कक्षा सुपरिवेक्षणका दृष्टिले विज्ञ अभिभावकको पालिकागत र विद्यालयगत रुपमा रोष्टर विकास र उपयोग | विद्यालय | | ५ | ५ | ५ | ५ | २० | २० | |
| १६ | कक्षा सुपरिवेक्षण गरी शिक्षकको पेशागत सहयोगका लागि अभिभावक क्षमता विकास | जना | | २५ | २५ | २५ | २५ | १०० | १०० | |
| १७ | अभिभावक शिक्षासम्बन्धी कार्यक्रमहरूका बारेमा अनुभव आदानप्रदान र समीक्षा | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | १५ | |

# परिच्छेद ६ - सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेबालाई सबल, चुस्त, सेवाउन्मुख तथा परिणाममुखी बनाउनका लागि सुशासन र व्यवस्थापनको भूमिका ज्यादै महत्त्वपूर्ण रहन्छ । सामान्यतया सुशासन तथा व्यवस्थापनले उत्तरदायित्त्व, पारदर्शिता, जिम्मेवारी बोध वा जवाफदेहीपन, विधिको शासन, समता तथा समावेशिता र व्यापक सहभागिता सुनिश्चित गर्न सहयोग गरी योजनाका उद्देश्यहरू प्राप्तिका लागि सकारात्मक वातावरण निर्माणमा सहयोग पुऱ्याउन तयार गरिएका संरचना तथा प्रकियाहरू भन्ने जनाउँछ । सुशासनको प्रत्याभूतिका लागि सहभागिता तथा सहमतिमा निर्णय तथा कार्यान्वयन गर्न, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित भई कार्य गर्न, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायित्त्व वहन गर्न, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्यकुशलता कायम गर्न, विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्न र पारदर्शिता तथा विधिको सर्वोच्चता कायम गर्न सहयोग पुग्ने गरी संरचना तथा कार्य प्रक्रियाहरू व्यवस्थित गरिनुपर्छ । विद्यालय शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारहरूको भूमिका रहने भएकाले आआफ्नो भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान आवश्यक हुन्छ । नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचीसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ । विद्यालय शिक्षासम्बन्धी यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको व्यबस्थापकीय प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु आवश्यक हुन्छ ।

यस परिच्छेदमा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास, स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध जस्ता क्षेत्रहरु समावेश गरिएको छ । यस परिच्छेदमा समावेश गरिएका क्षेत्रहरुलाई पनि अरु परिच्छेदमा जस्तै परिचय, वर्तमान अवस्था, उद्देश्यहरु, रणनीतिहरु, उपलब्धिहरु, नतिजाहरु तथा मुख्य क्रियाकलापहरु र लक्ष्य निर्धारण गरी ५ ओटा उपशीर्षकहरुमा विभाजन गरेर विश्लेषण गरिएको छ ।

## ६.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१. परिचय

नेपालको शिक्षा क्षेत्रको वर्तमान संस्थागत संरचना सङ्घीय स्वरूपमा तीनै तहमा प्रवाह गरी शैक्षिक सेबालाई निरन्तर गर्ने तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र सँगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ। बदलिदो परिवेशअनुसार शासकीय संरचना, प्रक्रिया र क्षमता सुधार गरिएमामात्र शैक्षिक गतिविधि प्रभावकारी भई सुशासन कायम हुने भएकाले सङ्घीय संरचनाअनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको सङ्ख्यात्मक विस्तार विज्ञान प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ।

यस योजनामा प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ। यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ।

### ६.१.२. वर्तमान अवस्था

सङ्घीय संरचनाअनुसार शिक्षा क्षेत्रको विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा विभिन्न सरकारी निकायहरु रहेका छन्। सङ्घमा  शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ। मन्त्रालयका मातहतमा केन्द्रीय तहमा पाठ्यक्रम विकास केन्द्र ,शिक्षा तथा मानवस्रोत विकास

केन्द्र ,शैक्षिक गुणस्तर परीक्षणकेन्द्र रहेका छन्  भने शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड स्वायत्त निकायका रूपमा रहेका छन् । प्रदेश तहमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय र शिक्षा तालिम केन्द्रहरु रहेका छन् । प्रदेश स्तरमा प्रदेश शिक्षक तालिम केन्द्र क्रियाशील भए पनि स्थानीय तहमा तालिम प्रदान गर्ने कुनैपनि संस्था नहुनु र स्रोतकेन्द्र  पनि खारेज हुनुले शिक्षा क्षेत्रको क्षमता विकास र पेशागत सहयोग अन्योलमा देखिएको छ । यस अवस्थामा नगरपालिकाले प्रदेशमा रहेको सामाजिक विकास मन्त्रालय, शिक्षा तालिम केन्द्र र शिक्षा विकास निर्देशनालयसँग समन्वय बढाउनुका साथै शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गत रहेको शिक्षा विकास तथा समन्वय इकाई र तालिम प्रदायक अन्य सरकारी गैरसरकारी नियकायसँग समन्वय बढाएर क्षमता विकास मार्फत सुशासन प्रवर्धनमा जोड दिनेछ ।

कक्षा १० र १२ को परीक्षा सञ्चालनका लागि सङ्घमा राष्ट्रिय परीक्षा बोर्ड गठन भएको छ भने स्थानीय तहबाट सञ्चालन हुने आधारभूत तहको अन्तिम परीक्षाको काममा नगरपालिकाको शिक्षा समिति र शिक्षा, युवा तथा खेलकूद शाखाले सहजीकरण गरिरहेका छन् भने नगरस्तरीय परीक्षा समितिबाट परीक्षाको सञ्चालन र व्यवस्थापन भईरहेको छ। नगरभित्र सञ्चालित सामुदायिक तथा निजी विद्यालयमा सञ्चालन भईरहेका प्राविधिक धार तथा साधारण धारका साथै प्राविधिक तथा व्यवसायिक तालिम परिषद्बाट सम्बन्धन प्राप्त कार्यक्रमहरुलाई व्यवस्थित गर्न नीतिगत कठिनाइका बाबजुद पनि सहजीकरण र समन्वयात्मक काम स्थानीय सरकारबाट हुँदै आएको छ ।

नगरपालिकामा शिक्षाक्षेत्रको सुशासन र व्यवस्थापनका लागि शिक्षा, युवा तथा खेलकूद शाखा रहेको छ । शाखाका कार्यजिम्मेवारीहरु सरोकारवालाहरुले जानकारी पाउने गरी सार्वजनिक गरिएको छ। शाखाले विद्यालयले चाहेका क्षेत्रहरुमा आवश्यक सहजीकरण गरिरहेको छ। विद्यालयमा बालबालिकाहरूले सहज वातावरणमा आत्मसम्मानका साथ सिक्न पाउने वातावरण निर्माणका लागि योग्य, सक्षम र शिक्षणप्रति झुकाव भएका शिक्षकको व्यवस्थापनका लागि आवश्यक सहजीकरण गरिरहेको छ । विद्यालय शिक्षामा प्रधानाध्यापकको भूमिका महŒवपूर्ण हुने कुरालाई आत्मसात गरी भर्ना, छनोट, नियुक्ति र क्षमता विकासमा शाखाले आफ्नो भूमिकालाई

सक्रिय रुपमा देखाएकै छ । विद्यालय व्यवस्थापन समितिको गठनका लागि विद्यालयसँग समन्वय गरेर आवश्यक सहजीकरण गरिरहेकै छ । सरोकारवालाहरुको गुनासो सुनुवाइको व्यवस्थापनका लागि सुझाव सङ्कलन बाकसको व्यवस्थापन गरी शाखाको बैठकमा प्राप्त गुनासाहरुको अध्ययन गरेर समयमै तिनीहरुको आवश्यक सम्बोधन गर्ने व्यवस्था गरिएको छ। विद्यालय र सरोकारवालाहरुले मागेका विवरण र सिफारिसहरु समयमै उपलब्ध गराएको छ। विद्यालय सञ्चालन व्यवस्थापनमा सुशासन कायम गर्नका लागि नगरपालिकाले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, समन्वय र सहजीकरण गर्ने, सुपरिवेक्षण तथा अनुगमन गर्ने र आपसी अन्तरक्रिया गरिरहेको छ । विद्यालयमा भर्ना भएका बालबालिकाका अभिभावकहरुको अभिलेख व्यवस्थापनका लागि विद्यालयले आवश्यक काम गरिरहेको छ। विद्यालयबाट अभिभावकहरुले चाहेका क्षेत्रमा सेवा प्रवाहका लागि सहजीकरण र सेवा प्रवाह भएको छ । सिकाइका दृष्टिले कमजोर मानिएका बालबालिकाहरूको सिकाइ सहजीकरणका लागि अभिभावकसँगको अन्तरक्रियालाई प्राथमिकतामा राखेको छ। फरक क्षमता भएका बालबालिकाहरूको सिकाइ सुनिश्चितताका लागि विभिन्न सङ्घसंस्थाहरुसँग समन्वय गरेर प्रोत्साहन र सहयोग गरिरहेको छ । पूर्ण साक्षर घोषणा भएको यस नगरपालिकाको सेवाक्षेत्रका सबै बालबालिकाहरू विद्यालयमा भर्ना हुने वातावरणका लागि विद्यालयहरुले शैक्षिक सत्रको सुरुमा भर्ना अभियानका लागि विविध क्रियाकलापहरु सञ्चालन गर्ने गरेका छन् ।

बालबालिकाहरूको सिकाइमा अभिभावकहरुलाई अझ जिम्मेवार बनाउनका लागि अभिभावक सचेतना र शिक्षाका लागि विद्यालयहरुले कार्यक्रमहरु गरिरहेका छन् । यति हुँदाहुँदैपनि सरकारका विभिन्न तहहरू बिच सहजीकरण र समन्वयनका पक्षमा सुधार गर्नु पर्ने आवश्यकता महसुस भएको छ भने नतिजाप्रतिको जवाफदेहितामा सुधार गर्नुपर्नेछ। समग्रमा राज्यका तीन तहका सरकारले एउटै लय र गतिमा तर आ-आफ्ना भिन्नभिन्न विशेषता र क्षमतालाई सम्बोधन गर्ने किसिमको संस्थागत व्यवस्था, क्षमता विकास र सो अनुसार कार्यान्वयन गर्ने सफलताका लागि थप कार्य गर्नु पर्ने देखिन्छ। यस्ता कार्य गर्नका लागि यस महालक्ष्मी नगरपालिका लागि निम्न प्रकारका चुनौहरू रहेका छन् :

❖ नगरपालिकाभित्रका शैक्षिक गतिविधिको समन्वय सहअस्तित्व र सहकार्य सहकारिताको संवैधानिक प्रत्याभूतिका आधारमा सञ्चालन गर्नका लागि तिन तहको राज्य व्यवस्था अन्तरसम्बन्ध सुदृढ बनाउने संयन्त्र र संस्थागत व्यवस्था गराउन,

❖ विभिन्न अनुसन्धानका नतिजा र विद्यार्थीको उपलब्धिलाई मध्यनजर गर्दै शैक्षिक अनुसन्धान, नतिजालाई सम्बोधन गर्ने सक्ने किसिमको संरचना र जनशक्तिको व्यवस्था गर्न,

❖ कार्यसम्पादनप्रति उत्तरदायी तथा नतिजाप्रतिको जवाफदेही र समता तथा समावेशितालाई प्रोत्साहन गरी शिक्षामा सुशासन अभिवृद्धि गर्न,

❖ विद्यालयका शिक्षक तथा प्रधानाध्यापक र स्थापित अन्य संरचना र संयन्त्रमा काम गर्ने कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गराउन ।

### ६.१.३. उद्देश्य

यस योजनामा सुशासनका लागि संस्थागत संरचना र क्षमता विकाससम्बन्धी समग्र उद्देश्य सङ्घीय संरचना बमोजिम सरकारको सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउँदै नतिजामुखी व्यवस्थापन प्रवर्धन गर्नु रहेको छ । यस योजनामा सुशासन प्रवर्धनका लागि संस्थागत संरचना र क्षमता विकास सम्बन्धी उद्देश्यहरू निम्न अनुसार रहेका छन् :

❖ स्थानीय तह र विद्यालयलाई आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापन गर्नु,

❖ मानवीय संशाधनको क्षमता अभिवृद्धि गरी जवाफदेही बनाउनु,

❖ विद्यालय शिक्षामा संलग्न जनशक्तिको उत्प्रेरणाका लागि वातावरण निर्माण गर्नु,

❖ बालबालिकाहरूले जीवन उपयोगी सिपसहितको स्तरीय शिक्षा पाउने वातावरण निर्माण गर्नु ।

### ६.१.४. रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्बन गरिनेछन् :

❖ स्थानीय तहमा विद्यालयीय शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन शिक्षा नियमावली निर्माण गरी कार्यान्वयन गर्ने,

❖ संस्थागत संरचनाअनुसार जनशक्ति आवश्यकताको पहिचान गरी व्यवस्थापन गर्ने,

❖ कार्यरत जनशक्तिको विशेष दक्षता र रुचिका क्षेत्रहरु पहिचान गरी विशेष दक्षता र रुचिका क्षेत्रका आधारमा जिम्मेवारी प्रदान गर्ने,

❖ विद्यालय शिक्षा क्षेत्रमा संलग्न भएको जनशक्तिको अधिकतम उपयोगका लागि उचित वातावरण सिर्जना गरी उत्प्रेरणा प्रदान गर्ने,

❖ कार्यरत जनशक्तिलाई कार्यसम्पादनका लागि उचित वातावरण सिर्जना गरी थप जिम्मेवार र निष्ठावान बनाउने,

❖ शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरी पेशागत विकासमा सहयोग गर्ने,

❖ कार्यसम्पादनका आधारमा प्रोत्साहन गरी प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घलाई थप जिम्मेवार बनाउने,

❖ विद्यालय शिक्षामा सुशासन प्रवर्धनका लागि पारदर्शिता र मितव्ययिता कायम गर्न प्रभावकारी तरिकाले आवश्यक पर्ने स्रोतसाधनको पहिचान, सङ्कलन र परिचालन गर्ने,

❖ उपलब्ध स्रोतसाधनको सदुपयोग भएको अवस्थाको सुनिश्चितता गर्नका लागि निर्णय प्रक्रियामा सरोकारवालाहरुलाई सहभागी गराउने,

❖ पारदर्शिता सुनिश्चित गर्नका लागि सामाजिक परिक्षण र सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गर्ने,

❖ सुशासन कायम गर्न नागरिक बडापत्र, सूचना प्रविधिको प्रयोग तथा सूचना अधिकारीको व्यवस्था गर्ने,

❖ शैक्षिक सुशासन कायम गर्न स्थानीय तह, विद्यालय र सरोकारवालाहरुसँग अन्तरक्रिया सञ्चालन गर्ने,

❖ भुकम्प प्रतिरोधी, बालमैत्री, अपाङ्गमैत्री र समावेशी भौतिक संरचना निर्माण गरी सुरक्षित विद्यालय वातावरण सुनिश्चित गर्ने,

